# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ विषय परिचय

राप्ती अञ्चलका पाँच जिल्लाहरूमध्ये दाङ पहाडले घेरिएको विशाल उपत्यका भएको भित्री मधेसको जिल्ला हो । दाङको एक चर्चित उपत्यका देउखुरी हो । देउखुरीमा आदिवासी जनजातिहरूको बसोबास रहेको छ । देउखुरीका यी आदिवासीहरूले बोलीचालीको रूपमा आफ्नै मौलिक भाषा थारू भाषाको प्रयोग गर्छन् । यो क्षेत्र ऐतिहासिक, धार्मिक, सामाजिक र राजनीतिक दृष्टिले समेत महत्त्वपूर्ण देखिन्छ । थारू भाषामा यहाँ बोलीचालीको रूपमा उखान लगायत चुट्किला, गाउँखाने कथा, लोकगीत, लोकगाथा र अन्य लोक साहित्यिक विधा समेत प्रचलनमा रहेका छन् । यस क्षेत्रमा थारू भाषाका उखानहरूको अध्ययन सघन रूपमा हुन नसकेको स्थितिमा यो अध्ययन सम्पन्न गरिएको छ । यसबाट लोप हुने खतरामा रहेका मौखिक परम्परामा हुर्केका थारू भाषाका उखानहरूको सङ्कलनका साथै विशेषताहरूको पहिचान हुन गएको छ । देउखुरीमा केन्द्रित रहेर उखानको सङ्कलन, वर्गीकरण र विश्लेषण कार्य यसमा गरिएको छ ।

## १.२ समस्याको कथन

देउखुरी क्षेत्रमा बसोबास गर्ने आदिवासी थारू समुदायका बोलीचालीमा प्रचलित थारू उखानहरूको अधययन सघन रूपमा हुन सकेको छैन । यस्तो अवस्थामा यहाँका उखानको अध्ययनको आवश्यकता अनुभव गरी उखानमा केन्द्रित भएर अध्ययन गर्नेतर्फ पाइला बढाउनु उपयुक्त ठानिएको हो । प्रस्तुत शोधका निम्न लिखित समस्याहरू रहेका छन् :

(क) देउखुरीमा थारू भाषाका के कस्ता उखानहरू प्रचलित छन् ?

(ख) देउखुरीमा प्रचलित थारू भाषाका उखानहरूको वर्गीकरण र विश्लेषण कसरी गर्न सकिन्छ ?

## १.३ शोधकार्यको उद्देश्य

यस शोधकार्यको मुख्य लक्ष्य देउखुरीका थारू भाषामा प्रचलित उखानको सङ्कलन, वर्गीकरण र विश्लेषण गर्नु भएकाले यसका उद्देश्यहरू निम्नानुसार रहेका छन्:

(क) देउखुरीमा थारू भाषाका प्रचलित उखानहरूको सङ्कलन गर्ने ।

(ख) देउखुरीमा प्रचलित थारु भाषाका उखानहरूको वर्गीकरण र विश्लेषण गर्ने ।

## १.४ पूर्वकार्यको समीक्षा

दाङ जिल्लाको देउखुरीमा मात्र केन्द्रित भएर व्यवस्थित रूपमा थारू भाषाका उखानको अध्ययन गर्ने कार्य आजसम्म भएको छैन । लोकोक्तिका रूपमा आउने थारू भाषाका विभिन्न किसिमले गरिएका अन्यत्रका अध्ययनले देउखुरी क्षेत्रमा प्रचलित उखानका सन्दर्भमा पनि सरोकार राख्ने देखिन्छ । त्यसैले उखानका अध्येताहरूले विगतमा गरेका थारू भाषाका उखान सम्बन्धी कार्यको समीक्षा यहाँ गरिएको छ ।

(क) जीवेन्द्र देव गिरी (२०४१: ३९-६४) को 'पश्चिमी तराईका थारू उखानहरू: एक अध्ययन' शीर्षकको लेखमा प्रचलित थारू उखानको शब्दशक्ति, संरचना, गठन, लय, आकार विषय र विविध विषयका आधारमा वर्गीकरण गरिएको छ । साथै उनले मौलिकता, संरचना र विषय वस्तुका आधारमा वर्गीकरण गरेका छन् । साथै उनले मौलिकता, संरचना र विषय वस्तुका आधारमा विश्लेषण पनि गरेका छन् । बर्दियाका थारू भाषामा प्रचलित १०४ वटा उखान यसमा सङ्कलन गरिएको छ । बर्दिया र देउखुरीका थारू भाषामा केही भिन्नता भए तापनि त्यहाँ प्रचलनमा रहेका केही उखान

देउखुरीमा समेत प्रचलनमा रहेको पाइन्छ । कतिपय थारूहरू देउखुरीबाटै बसाइसराइ गरेर बर्दिया गएकाले यहाँको लोक साहित्यको प्रभाव त्यहाँ समेत पाइन्छ ।

(ख) महेश चौधरी ले 'थारू भाषाक लिरौसी ब्याकरण' (२०५६) मा थारू भाषाका उखान टुक्कामा अर्ती, उपदेश पाइने कुरा उल्लेख गरेका छन् र चौंतिसवटा थारू उखानहरू सङ्कलन गरेका छन् ।

(ग) टीकाराम चौधरीले 'हमार पहुरा' (२०६०) मा 'आहान' शीर्षकमा २३ (तेइस) वटा उखानहरू सङ्कलन गरेका छन् ।

(घ) गोविन्द आचार्यको 'राप्ती लोक साहित्य' (२०६४) मा राप्ती अञ्चलमा प्रचलित उखान लगायत लोक साहित्यका अन्य विधाहरूको परिचय र परिभाषा दिइएको छ । त्यसमा दाङ र देउखुरी उपत्यकामा प्रचलित थारू भाषाका उखानलाई वाक्यका आकार, वाक्यार्थ, भाषा र वाक्य संरचानाका आधारमा वर्गीकरण पनि गरिएको छ । साथै दाङ र देउखुरी उपत्यकामा प्रचलित थारू भाषाका जम्मा ९६ वटा उखानहरू यसमा सङ्कलन गरिएको छन् ।

(ङ) तुलसी दिवसद्वारा सम्पादित 'थारू लोक वार्ता तथा लोक जीवन' (२०६५) मा उखानको परिचय, परिभाषा सहित थारू भाषाका उखानलाई वाक्यका आकार, वाक्यार्थ, विषय वस्तु र वाक्य संरचनका आधारमा वर्गीकरण गरिएको छ । दाङ उपत्यकामा प्रचलित ३७ वटा उखानहरू यसमा सङ्कलन गरिएका छन् । दाङ उपत्यकामा प्रचलनमा रहेका थारू उखान देउखुरीमा समेत प्रयोगमा आउने गर्छन् ।

(च) 'घनश्याम पौडेल' ले 'नेपाली र कैलाली जिल्लामा प्रचलित थारू उखानको तुलनात्मक अध्ययन' (२०६८) शीर्षकको नेपाली स्नातकोत्तर शोधपत्रमा थारू उखानको समेत तुलनात्मक अध्ययन गरेका छन् तर उनको अध्ययन कैलाली जिल्लामा मात्र केन्द्रित छन् ।

(छ) टीकाराम चौधरीको ‘थारू कल्याणकारिणी सभा क्षेत्रीय समिति देवखरको स्मारिका’ (२०६९)’ मा देउखुरीको थारू भाषामा प्रचलित उखानहरू ‘कहकुत’ शीर्षकमा १८ (अठार) ओटा उखानहरू सङ्कलित छन् र सत्यनारायण चौधरीले ‘कसिम बातम आहान दर्थ’ शीर्षकमा आहान हाल्ने प्रसंग उल्लेख गर्दै देउखुरीको थारू समाजमा प्रचलित ८३ (त्रियासी) वटा उखानहरू पनि सङ्ककलन गरेका छन् ।

## १.५ शोधकार्यको औचित्य

प्रस्तुत शोधकार्यसँग सम्बन्धित देउखुरीका थारू भाषाका उखानहरू कथ्य रूपमै सीमित भएकाले यी उखानको अध्ययन गर्ने कार्य आफैमा औचित्यपुर्ण रहेको छ । यस क्षेत्रका थारू भाषाका उखानका बारेमा अहिलेसम्म सघन अध्ययन भएको पाइँदैन । यही अध्ययनको अभावलाई पूरा गर्नेतर्फ प्रस्तुत शोध कार्य लक्षित रहेको छ । यसका अतिरिक्त देउखुरीका आदिवासी जनजातिको थारू भाषामा प्रचलित उखानको बारेमा क्षेत्रीय अध्ययन गर्न चाहने शोधार्थीहरूलाई समेत यो कार्य उपयोगी र महत्त्वपूर्ण हुने भएकाले यस अध्ययनको औचित्य रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्य नेपालका पचहत्तर जिल्लामध्ये दाङ जिल्ला अन्तर्गतको देउखुरी क्षेत्रको सिमाना भित्र रही मुख्यतः देउखुरी उपत्यकालाई आधार मानेर तयार पारिएको छ । यहाँ बहु जातीय, बहु भाषी र बहु धर्मावलम्बी मानिसहरूको बसोबास रहेको छ । यहाँ नेपाली भाषा बाहेक अन्य भाषाहरू पनि मातृभाषाका रूपमा प्रयोग गरिन्छन् । यस शोधकार्यमा देउखुरीमा मातृभाषाको रूपमा प्रयोग गरिने थारू भाषाका उखानलाई मात्र समावेश गरिएको छ । अन्य भाषाका उखान यसमा समाविष्ट छैनन् ।

## १.७ शोधविधि

प्रस्तुत शोधपत्र तयार पार्दा निम्न विधिहरू अवलम्बन गरिएको छ ।

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्र तयार पार्न प्राथमिक सामग्रीका रूपमा देखुरीका उखानलाई नै लिइएको छ । त्यसैले यो अधयन मूलतः क्षेत्रीय अध्ययन पद्धतिमा आधारित छ । क्षेत्रीय अध्ययनका क्रममा स्थलगत भ्रमण, छलफल, भेटघाट, अन्तर्वार्ता प्रश्नावली र अन्तरक्रिया जस्ता पद्धतिको उपयोग गर्नुका साथै आवश्यकता अनुसार त्यहाँका विज्ञ व्यक्तिहरूसँग परामर्श समेत लिई सामग्री सङ्कलन गरिएको छ । सामग्री सङ्कलनका क्रममा अंशतः पुस्तकालयीय पद्धतिलाई पनि अवलम्बन गरिएको छ ।

### १.७.२ सामग्री विश्लेषणको सैद्धान्तिक ढाँचा

प्रस्तुत शोधपत्र 'देउखुरीमा प्रचलित थारू भाषाका उखानको अध्ययन' मा वर्णनात्मक अध्ययन विधिको उपयोग गरिएको छ । यस क्रममा उखानहरूको सङ्कलन गर्नुका साथै आकार, व्यापकता, भाषिक संरचना, पदक्रम, उखान टुङ्ग्याउने क्रियाको अवस्था, करण अकरण, भाव र विषयवस्तुको आधारमा वर्गीकरण र मौलिकता, भाषा, विषयवस्तु र संरचनाको आधारमा विश्लेषण गरेर यो शोधपत्र तयार पारिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सुसङ्गठित बनाउन तथा व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि विभिन्न परिच्छेदमा विभाजन गरिएको छ । यस बाहेक अध्ययनको क्रममा आवश्यकता अनुसार ती परिच्छेदहरूमा थप शीर्षक तथा उपशीर्षकहरूको

समेत व्यवस्था गरी अध्ययन गरिएको छ । यस शोधपत्रलाई निम्न लिखित पाँच परिच्छेदमा विभाजन गरिएको छ ।

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : अध्ययन क्षेत्र देउखुरीको परिचय

तेस्रो परिच्छेद : देउखुरीमा प्रचलित थारू उखान अध्ययनको सैद्धान्तिक आधार

चौथो परिच्छेद : देउखुरी क्षेत्रमा प्रचलित थारू उखानको सर्वेक्षण र वर्गीकरण

पाँचौं परिच्छेद : देउखुरीमा प्रचलित थारु उखानको विश्लेषण

छैटौं परिच्छेद : उपसंहार

परिशिष्ट खण्ड

परिशिष्ट - १ : देउखुरीमा प्रचलित थारू भाषाका उखानहरू

परिशिष्ट - २ : अध्ययन क्षेत्र देउखुरीको नक्सा

परिशिष्ट - ३ : उखान सङ्कलनमा सहयोग गर्ने व्यक्तिहरू बारे जानकारी

सन्दर्भ कृति सूची

# दोस्रो परिच्छेद

# अध्ययन क्षेत्र देउखुरीको परिचय

## २.१ सीमा र अवस्थिति

चारैतिर पहाडै पहाडले घेरिएको पूर्वपश्चिम राजमार्गले छिचोलेको चुरे पर्वत र शिवालिक शृङ्खलाको बिचमा पूर्व पश्चिम लम्बाइ आकृतिमा फैलिएको, राप्ती नदीको वरिपरि रहेको उब्जाउ मैदानी फाँट नै देउखुरी उपत्यका हो । यसको दक्षिणमा भारतको उत्तर प्रदेश, पूर्वमा अर्घाखाँची, कपिलवस्तु पश्चिममा बाँके जिल्ला र उत्तरमा दाङ उपत्यकाका गोल्टाकुटी, फुलबारी, धर्ना, लक्ष्मीपुर, रामपुर र हाँसीपुर गाउँ विकास समितिहरू पर्दछन । यो उपत्यका समुद्र सतहदेखि २१३ मिटर २२५ मिटरसम्मको उचाइमा रहेको छ (दिवस, २०६५: ४१) ।

देउखुरी उपत्यका दाङ जिल्लाको एक महत्त्वपूर्ण भाग हो । दाङ जिल्ला मध्य पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने राप्ती अञ्चलको सबैभन्दा सुगम एवं विकसित जिल्ला हो । यस जिल्लाको उत्तरमा सल्यान, प्युठान र रोल्पा, दक्षिणमा भारत, पूर्वमा प्युठान, अर्घाखाँची र कपिलवस्तु जिल्ला तथा पश्चिममा बाँके र सुर्खेत जिल्लाहरू पर्दछन् विभिन्न धरातलीय बनावटले घेरिएको यो जिल्ला समुन्द्र सतहदेखि २१३ मिटर उचाईबाट शुरू भई २०५८ मिटर उचाइसम्म फैलिएको छ (दिवस, २०६५: ३७) । राप्ती अञ्चलका प्रमुख व्यापारिक, प्रशासनिक र शैक्षिक केन्द्रका रूपमा रहेको दाङ जिल्लाको देउखुरी क्षेत्रको आफ्नै महत्त्व रहेको छ ।

## २.२ ऐतिहासिक पृष्ठभूमि

दाङ जिल्लाको देउखुरी उपत्यका धार्मिक, सांस्कृतिक र प्राग ऐतिहासिक दृष्टिले निक्कै महत्त्वपूर्ण क्षेत्र मानिन्छ । यहाँ प्राचीन कालदेखि नै मानवको बसोबास थियो । यसको पुष्टि पूर्वपाषाण र मध्यपाषाण कालीन प्रयोमगा आएका औजारबाट हुन्छ । पाषाणकालीन औजार डा. डिल्ली बहादुर वलीले रैन्डी हालैन्डको नेतृत्वमा औजार

फेला पारे । इस्वी सम्वत १९८३-१९८५ सम्ममा पुरातत्त्वविद् गुडरन कोर्विनसले यस उपत्यकामा मध्यपाषण कालका १७ वटा औजार फेला पारिन् । यसपछि भालुबाङ र अर्जुनखोला उत्खनमा मध्यपाषाण कालमा प्रयोग गरिएका औजारहरू भेटिए । ती औँजारहरू हाल छाउनी सङ्ग्राहलयमा संग्रहित छन् । यी प्रमाणका आधारमा देउखुरी उपत्यकामा १८ देखि ३९ लाख वर्ष पहिलेदेखि नै मानव बस्ती थियो भन्ने पुष्टि हुन्छ (दिवस, २०६५: ३९) ।

देउखुरी उपत्यका उत्पत्ति सम्बन्धी किंवदन्ती अनुसार पहिले यो उपत्यका जलमग्न थियो । पाण्डवहरूमध्येका एक भाइ भीम (थारू भाषामा भेवाँ) ले पहाड फोडी जमेको पानी निकास गरी यस उपत्यकालाई बसोबास योग्य बनाएको हुनाले भिउँडगर बन्न गयो भने अर्जुनले बाण हानी दहको पानी निकास गराएकाले त्यसलाई अर्जुन खोला (अर्जुन खोल्त्वा) भन्न थालियो । त्यसपछि बसोबास योग्य भएपछि देउखुरी उपत्यकामा मानिसहरू भित्रिन थाले । सबभन्दा पहिले फिरन्ते जीवन बिताउँदै गरेका मानिसहरू शिवालिक पर्वत हुँदै यस उपत्यकामा प्रवेश गरे । त्यसपछि विभिन्न जात जातिका मानिसहरू यस उपत्यकामा भित्रिदै जाँदा आवादी बाक्लो हुँदै गयो । हाल यस क्षेत्रको आदिवासी मानिने थारू जातिको जनसङ्ख्या यहाँ सबभन्दा बढी छ । त्यसपछि अन्य जातिहरूको सङ्ख्या रहेको छ (दिवस २०६५: ३९) ।

## २.३ नामकरण

दाङ जिल्लाको उर्वर फाँट मानिने देउखुरी उपत्यकाको नामकरणको पनि आफ्नै इतिहास रहेको छ । यस सम्बन्धमा प्रचलित किंवदन्ती अनुसार एक दिन स्वर्ग लोकमा भगवान् इन्द्रको दरबारमा नाचगान सभा थियो । उक्त अवसरमा एउटी परीले बाजाको तालमा नाँच्न बिर्सिछिन् जसकारण स्वर्गका राजा इन्द्रको श्राप अनुसार ती परी दिनभरी घोडी र रातभरि मनुष्य रूप धारण गर्ने गरी देउखुरीको 'जलकोन्ती' भन्ने ठाउँमा आइन् । श्राप अनुसार ती परी दिनभरि देउखुरीको जलकोन्तीमा र राती मनुष्य रूप धारण गरी स्वर्गमा जाने गर्दथिन् । एकदिन दाङको दङ्गीशरण राजाले ती घोडीलाई आफ्नो राजदरबारमा लगेछन् । त्यस दिनदेखि ती घोडीलाई दङ्गीशरण

राजाको तबेलामा लगेछन् । त्यस दिनदेखि ती घोडी दङ्शीशरण राजाको तबेलामा हुन्थिन् भने राती परीको रूपमा स्वर्गमा हुन्थिन् । इन्द्र भगवानले श्राप फिर्ता लिए पश्चात् घोडी रूपी ती परी सदाको लागि स्वर्गलोकमा गइन् । यही घोडी रूपी परीको शारीरिक बनावटको आधारमा यस ठाउँको नाम देउखुर रहन गएको हो । यसलाई शाब्दिक रूपमा हेर्दा देउ+खुर मिलेर देउखुर भएको हो । देउको अर्थ देउता र खुरको अर्थ (गाई, भैंसी, घोडा) को खुर भन्ने हुन्छ । यहीँ देउखुर शब्द परिवर्तन भई देउखुरी भएको हो (बिहान, २०५३: २६) ।

देउखुरीको नामकरण सम्बन्धमा अर्को किंवदन्ती अनुसार सुन्दर र रमणीय देउखुरी उपत्यकामा परापूर्व कालदेखि नै देवीदेवताहरू विचरण गर्न यस उपत्यकामा आउने हुनाले यस उपत्यकालाई 'देवपुरी' भन्न थालियो । कालान्तरमा देवपुरी परिवर्तन भएर देउखर अर्थात् डिउखर भएको हो । हाल देउखुरीको लमहीदेखि एक किलोमिटर पश्चिम दक्षिण महेन्द्र राजमार्गमा अर्जुन खोलाको तटमा रहेको गाउँको नाम नै 'देउपुर' रहेको छ (दिवस, २०६५: ३७) ।

## २.४ भौगोलिक एवं प्राकृतिक अवस्था

भौगोलिक एवम् प्राकृतिक अवस्थामा भौगोलिक विभाजन, राजनैतिक विभाजन, हावापानी, खोलानाला र तालहरूलाई, वन र पशुपक्षीलाई लिइएको छ ।

### २.४.१ भौगोलिक विभाजन

दाङ जिल्लाको उपत्यका मानिने देउखुरी उपत्यका चुरे डाँडा र डुडुवा शृङ्खलाको बिचमा रहेको छ । समुन्द्र सतहबाट २१३ मिटर देखि २२५ मिटर उचाइ सम्म यो उपत्यका अवस्थित छ । (दिवस, २०६५: ४१) यस उपत्यकामा जम्मा एघार वटा गाउँ विकास समिति रहेका छन् । ११ वटा गाउँ विकास समितिमध्ये राजपुर र कालाकाटेमा थारू जातिको वस्ती न्यून रहेको पाइन्छ भने अन्य गाउँ विकास समितिहरूमा थारू जातिको बाहुल्य रहेको पाइन्छ । यस उपत्यकाको पूर्वमा अर्घाखाँची र कपिलवस्तु, पश्चिममा बाँके जिल्ला, दक्षिणमा भारतको उत्तर प्रदेश र उत्तरमा दाङ

जिल्लाका गोल्टाकुटी, फुलवारी, धर्ना, रामपुर हाँसीपुर र लक्ष्मीपुर गाउँ विकास समिति पर्दछन् । यहाँको भौगोलिक बनावटमा कहीँ चुरे पहाड छ र कहीँ समथर फाँट पाइन्छन् । यहाँ प्रशस्त मात्रामा खोलानाला, ताल तलैया र बगर छन । अञ्चलकै नाम जनाउने एक मात्र नदी राप्ती पनि यही रहेको छ ।

### २.४.२ राजनैतिक विभाजन

पश्चिमी नेपालको चर्चामा आएको देउखुरी उपत्यकालाई राजनैतीक रूपमा यस प्रकार चिनाउन सकिन्छ । यस उपत्यकामा ११ वटा गाउँ विकास समिति छन् भने दुईवटा संसदीय निर्वाचन क्षेत्र छन् । क्षेत्र नं. १ मा देउखुरीको गोवरडिहा, गंगापरस्पुर, गढवा, कोइलावास, बेला, राजपुर, सोनपुर, चैलाही र सतबरिया गाउँ विकास समिति रहेका छन् ।

देउखुरीलाई चिनाउने दाङ जिल्लाको राजनैतिक अवस्था पनि यहाँ जोड्न सकिन्छ । देउखुरी र दाङ दुई उपत्यका मिली बनेको दाङ जिल्लालाई मूलतः पाँच निर्वाचन क्षेत्रमा ३९ गाउँ विकास समिति र दुई नगरपालिकामा विभाजन गरिएको छ । जसमध्ये एघारवटा देउखुरी र अट्ठाईस ओटा गाउँ विकास समिति दाङ उपत्यकामा रहेका छन् । क्षेत्र नं. १ मा देउखुरीका नौ वटा गाउँ विकास समिति पर्दछन् भने क्षेत्र नं. २ मा देउखुरीका दुई वटा र दाङ उपन्यकाका काभ्रे, हाँसीपुर, रामपुर, लक्ष्मीपुर लोहारपानी र सैघा गरी ६ वटा गाउँ विकास समिति रहेका छन् । क्षेत्र नं. ३ मा त्रिभुवन नगरपालिका, सौंडियार, धर्ना, नारायणपुर, ढिकपुर र हापुर गाउँ विकास समिति रहेका छन् । क्षेत्र नं. ४ मा तुल्सीपुर नगरपालिका, उरहरी, टरीगाउँ, डुरूवा, मानपुर, बिजौरी, हलवार र फुलवारी गाउँ, विकास समिति रहेका छन् । क्षेत्र नं. ५ मा पवन नगर हेकुली, धनौरी, पञ्चकुले, पुरन्धारा, गोल्टाकुरी, धर्ना, बाघमारे, शान्तिनगर र श्रीगाउँ गाउँ विकास समित रहेका छन् ।

### २.४.३ हावापानी

तराई र पहाडका दुवै प्रदेशको बिचमा अवस्थित देउखुरी उपत्यकामा उष्ण हावापानी पाइन्छ । देउखुरी समुद्रसतहदेखि दुईहजार फिटभन्दा कम उचाइमा भएकाले उष्ण हावापानी रहेको छ । यहाँको अधिकतम तापक्रम ३५.३ डिग्री सेल्सियस र न्यूनतम तापक्रम ५.५ डिग्री सेल्सियससम्म रहन्छ (दिवस, २०६५: ४१) ।

देउखुरीको साथसाथै दाङ उपत्यकाको हावापानी उल्लेख गर्नु सान्दर्भिक देखिन्छ । दाङ उपत्यकामा पहाडी भाग पर्ने र समुद्र सतहदेखि तिन हजार फिट भन्दा बढी उचाइमा पर्ने भएकोले यहाँ समशीतोष्ण हावापानी पाइन्छ (दिवस, २०६५: ४१) । यहाँ गर्मी याममा गर्मी र हिउँदमा जाडो हुन्छ । देउखुरी र दाङ उपत्यका दुवै दाङ जिल्लामा पर्छन् । समग्र रूपमा दाङ जिल्लाको हावापानी हेर्दा उष्ण र समशीतोष्ण पाइन्छ ।

### २.४.४ खोलानाला र तालहरू

देउखुरी उपत्यकामा अधिक मात्रामा खोलानालाहरू रहेका छन् भने देउखुरीको बिचोबिच भागबाट बहने एक मात्र नदी राप्ती रहेको छ । यसले पूर्वबाट दक्षिण हुँदै देउखुरी उपत्यकालाई उत्तरी र दक्षिणी भागमा विभाजन गरेको छ । यहाँ वर्षायाममा बढी पानी पर्ने भएकाले वर्षामा पानीको मात्रा बढी र हिउँदमा कम हुने गर्दछ । यहाँ महाभारत, चुरे र डुडुवा पहाडबाट झर्ने पानीले प्रशस्त खोला नालाहरू छन् । देउखुरीमा मितिहिनिया, सुपैला, कक्रहवा, खौरहवा, गुरुङ खोला, अर्जुन खोला, सोमइथान खोला, पदमिनी खोला, धान खोला, रनसिङ खोला, महतिनी खोला, गंगदी खोला, रिहार खोला, बगई सोता, खोला, कर्री खोला, उचानिम्बू खोला जस्ता खोलाहरू रहेका छन् । पहाडका मूल र आकासे वर्षाबाट सङ्कलन भएको पानी यी खोलाका स्रोत हुन् । यहाँ धार्मिक महत्त्व बोकेको ‘तप्तकुण्ड ताल रहेको छ । जहाँ माघे सक्रान्तिको अवसरमा थुप्रै स्वदेशी तथा विदेशी श्रद्धालु भक्तजनहरू स्नान गर्न देउखुरी भित्रिन्छन् । त्यस्तै प्रकृतिको मनोरम स्थलमा रहेको अर्को महत्त्वपूर्ण मानिने ‘जखेरा

ताल' पनि देउखुरीमै अवस्थित छ । पहाडको फेंदिमा रहेको यस तालमा पहाडको सुन्दर छायाँ देखिने र तलाउका बिचमा मन्दीर रहेकोले गर्दा यस ताललाई 'सानो पोखरा' को संज्ञा पनि दिइएइको छ । पोखराको फेवाताल जस्तै पहाडको काखमा यो ताल रहेको छ । यस तालमा प्रकृतिको सुन्दर छायाँको दृश्य हेरेर प्राकृतिक छटाको रसास्वादन गर्न सकिन्छ । 'जखेरा ताल' पनि देउखुरी उपत्यकाको परिचायक बनेको छ ।

### २.४.५ वन

थारू जातिको बसोबास हुनु पूर्व देउखुरी उपत्यका वनजङ्गलले ढाकिएको थियो । यहाँका आदिवासी थारूहरूले नै यहाँको वन फडानी गरी भौतिक विकास गरेका छन् । यस कुराको पुष्टि थारू जातिले लोकजीवनमा प्रयोग गर्ने गरेको वनस्पति जन्यवस्तु तथा औजारबाट हुन्छ । देउखुरी उपत्यकाको उत्तरी भागमा पहाड रहेकोले त्यस पहाडमा कोणधारी जङ्गल रहेको छ भने दक्षिणी भागमा घना वनजङ्गल रहेको छ जहाँ अनेकन प्रकारका रुख, बिरुवा, घाँस, दाउरा र वनस्पतिहरू पाइन्छन् । पिपल, खयर, साज, कटुस, हर्रो, बर्रो, चिलाउने, बेदवार, तुलसी, जामुन, साल, सिसौ, बाँस, कुसुम, कटहर, अम्बा, बेल, सिमल जस्ता रुखहरू यहाँ पाइन्छन् । त्यस्तै बहुमूल्य जडिबुटी, उपयोगी सुलभ दुर्लभ वनस्पति, पात, काठ, घरछाउने खर र बाँध्ने बाबियो पनि पाइन्छन् । यहाँ सामुदायिक, निजी र राष्ट्रिय गरी तिन किसिमका वन रहेका छन् ।

### २.४.६ पशुपक्षी

पुशपक्षीका दृष्टिले समृद्ध देउखुरी उपत्यकामा प्रशस्त मात्रामा पशुपक्षीहरू पाउन सकिन्छ । पशुपक्षीहरूको आश्रय स्थल देउखुरीमा अधिक भएकोले यहाँ थरीथरीका पशुपक्षीहरू रहनु स्वाभाविक हो । यहाँ घोरल, चित्तल, मृग, बनेल, चितुवा बाघ, भालु, स्याल, ब्वाँसो, खरायो, जरायो, हरिण जस्ता जनावर पाइन्छन् । साथै मयूर, धनेश, कोइली, सारस, हाँस, कालिज, चिल, मुमा, सारी, बकुल्ला, काग, परेवा, ढुकुर, बन कुखुरा जस्ता चराहरू पाइन्छन् । यहाँ गाई, भैंसी, भेडा, बाखा, कुकुर, सुँगुर, कुखुरा, लौकट, बटई जस्ता घरपालुवा पशुपक्षीहरू पाइन्छन् । देउखुरी उपत्यकामा

पशुपक्षीको लागि उपयुक्त वातावरण र ठाउँ भएकाले यहाँ पशुपालन व्यवसायको राम्रो भविष्य देखिन्छ ।

## २.५ सामाजिक तथा सांस्कृतिक अवस्था

सामाजिक तथा सांस्कृतिक अवस्थामा जातजाति, भाषा र वेशभूषा, धर्म र संस्कृति, शैक्षिक अवस्था, देउखुरीका प्रमुख स्थलहरू र मठ मन्दिरहरूलाई लिइएको छ ।

### २.५.१ जात जाति

एकतामा अनेकता देउखुरी उपत्यकाको विशेषता हो । धर्म, जाति, भाषा, रीति, संस्कृति र वेशभूषागत विविधता हुँदा हुँदै पनि समाजमा एक भई रहेका देउखुरी वासीहरू बढी ग्रामीण र थोरै सहरी क्षेत्रमा बसोबास गर्छन् । यहाँ जातीय विविधता रहेको पाइन्छ । यस क्षेत्रमा सबभन्दा पहिले आदिवासी थारू जातिले नै बसोबास गरेको पाइन्छ भने यसपछि गोठालाका रूपमा यादव जातिले यहाँ प्रवेश गरेको पाइन्छ । यहाँ थारू जातिको बहुलता रहेको छ । थारू जातिको साथै यहाँ बाहुन, क्षेत्री, नेवार, मगर, कामी, दमाई, योगी, पुरी, भारती, बादी तथा तराई मूलका यादव, गुप्ता, मुसलमान र अन्य जातका मानिसहरू पनि बसोबास गर्दछन् ।

### २.५.२ भाषा र वेशभूषा

देउखुरीमा धेरै जात जातिको बसोबास भएकाले यहाँ भाषिक विविधता पनि पाइन्छ । यहाँ विशेषतः थारू, नेपाली, अवधी, मगर, नेवार र हिन्दी भाषाहरू बोलिन्छन् । जात जाति पिच्छे वेशभूषामा पनि विविधता पाइन्छ । यहाँका पुरुषहरू सर्ट, पाइन्ट, कछौटी, भेग्वा, हाफ पाइन्ट, दौरा सुरवाल, कोट, आस्कोट, टोपी, धोती, कुर्ती, कमिज, पाइजामा लगाउँछन् भने महिलाहरूले, धोती, साडी, ब्लाउज, चोली, पेटीकोट, गुन्यू, लहँगा कुर्था, सुरूवाल कुर्ता लगाउने गर्छन् । गरगहनामा भने तिलहरी, मङ्गलसुत्र, टप, फुली, औंठी, चन्द्रमा नौगेडी, नेकलेस, सिक्री, बुलाकी, वाला, टरिया, मुङ्गाको माला, मुन्द्री, सुँटिया, नठिया, फोंफी, मोतीको माला, झुम्का, बाली, बिन्दिया,

मङ्गिया, ठोंसिया, हुमेल, जोसम, बाज तथा जाति विशेषका आ-आफ्नै प्रकारका गहना लगाउने गरेको पाइन्छ ।

### २.५.३ धर्म र संस्कृति

देउखुरी उपत्यकामा विभिन्न जात जातिको बसोबास रहेको छ । यहाँ बाहुन, क्षेत्री, बैश्य, शुद्र लगायत विभिन्न जात र धर्म सम्प्रदायका मानिसहरूले बसोबास गरेको पाइन्छ । हाम्रो देश हिन्दू राष्ट्र भएकाले हुन सक्छ यहाँ हिन्दूहरूकै बाहुल्य पाइन्छ । हिन्दू बाहेक बौद्ध, इस्लाम, इसाई, जैन, शिख र क्रिश्चियन धर्मावलम्बीहरू यहाँ बसोबास गर्दछन् । यहाँ धर्म र संस्कार अनुसार कृष्णाष्टमी, माघे सक्रान्ति, अत्वारी, चैते दसैं, हरि तालिका, ऋषि पञ्चमी र शिवरात्री पर्वहरू मनाउँछन् । त्यस्तै अन्य जाति तथा धर्म सम्प्रदायका मानिसले आ-आफ्नो संस्कार र धर्म संस्कृति अनुरूप पर्व मान्ने प्रचलन रहेको छ ।

### २.५.४ शैक्षिक अवस्था

शैक्षिक क्षेत्रमा भर्खर उँभो लाग्दै गरेको देउखुरी क्षेत्रमा शिक्षाको बिजारोपण भएको इतिहास धेरै लामो छैन । यहाँ सबभन्दा पहिले स्थापना भएको विद्यालय सरस्वती प्राथमिक विद्यालय विद्यानगर गोबरडिहा हो । यस विद्यालयको शिलान्यास भू.पू. शिक्षामन्त्री तथा राजसभा स्थायी समितिका सभापति स्वर्गीय श्री परशुनारायण चौधरीबाट गरिएको थियो । यस विद्यालयको स्थापना विक्रम सम्वत् २०१५ मा भएको थियो । यसपछि हालको श्री बालजनता प्राथमिक विद्यालय बनगाउँ विक्रम सम्वत् २०१७ सालमा स्थापना भयो । त्यस्तै विक्रम सम्वत् २०१७ सालमा श्री साधारण प्राथमिक विद्यालय गंगदी स्कुलको स्थापना भएको थियो । यस क्षेत्रमा शिक्षाको विकास मन्द गतिमा भए तापनि बहुमुखी क्याम्पस र प्राविधिक शिक्षालय पनि स्थापना भइसकेका छन् । यहाँ ऐरावती बहुमुखी र देउखुरी बहुमुखी दुई वटा क्याम्पसहरू र लालमटिया प्राविधिक शिक्षालय नामक एउटा प्राविधिक शिक्षालय रहेको छ । आदर्स उच्च माध्यमिक विद्यालय लालमटिया र जनता उच्च माध्यमिक विद्यालय गढवाले त्रिभुवन विश्व विद्यालयको सम्बन्धन लिई स्नातक तहको पढाइ सञ्चालन गरेका छन् ।

यस उपत्यकामा पन्ध्र वटा सरकारी र निजी उच्च माध्यमिक विद्यालयहरू रहेका छन् भने अठार वटा माध्यमिक विद्यालयहरू रहेका छन् । यसका अतिरिक्त थुप्रै निम्न माध्यमिक, प्राथमिक र रात्री विद्यालयहरू र अनौपचारिक शिक्षा कार्यक्रमहरू सञ्चालित छन् । ढिलो मात्र शिक्षाको प्रारम्भ भएकाले यो क्षेत्र दाङ उपत्यका भन्दा पछाडि नै रहेको छ तापनि छोटो सयमै शैक्षिक जगतमा फड्को मार्ने जमर्को देउखुरी उपत्यकाले गरेको छ ।

### २.५.५ देउखुरीका प्रमुख स्थलहरू र मठ मन्दिरहरू

देउखुरी उपत्यका धार्मिक दृष्टिले महत्त्वपूर्ण मानिन्छ । यहाँ विभिन्न धर्म मान्ने मानिसहरू भएकाले आ-आफ्ना धर्म र आस्था अनुसारका मन्दिर, मस्जिद, बुद्ध बिहार एवं चर्चहरू बनाएका छन् । यहाँको धार्मिक मठ मन्दिरहरूमा बगारबाबा मन्दिर रिहार, शिव मन्दिर गोबरडिहा रहेका छन् । यहाँ साना ठुला धेरै मठ मन्दिरहरू भए तापनि प्रमुख धार्मिक स्थल एवं मन्दिर भने रिहारमा पर्ने बगार बाबा मन्दिरलाई मानिन्छ ।

देउखुरीका प्रमुख स्थलका रूपमा लमही, भालुबाङ, गढवा, सिसहनिया, रिहार र कोइलाबास रहेका छन् । लमही, भालुबाङ, गढवा र सिसहनिया प्रमुख व्यापारिक केन्द्र हुन् भने रिहार धार्मिक स्थल हो । त्यस्तै पहिले राप्तीकै प्रमुख द्वारका रूपमा रहेको कोइलावास हाल यातायातको अभावले दयनीय स्थितिमा पुगेको छ ।

## २.६ निष्कर्ष

निष्कर्षमा के भन्न सकिन्छ भने यस दाङ देउखुरीमा बसोबास गर्ने अधिकांश थारू जातिका मानिसहरू कृषि पेशामा सङ्लग्न रहेका छन् । त्यसपछि उनीहरू व्यापार र उद्योग धन्दामा लागेर आफ्नो जीवन निर्वाह गरिरहेका छन् । दाङ जिल्लामा विभिन्न जात जातिहरूको बसोबास रहेको पाइन्छ । यी जातिहरूले न्यूनाधिक मात्रामा एक अर्काको भाषा, संस्कृति एवं जीवन पद्धतिलाई प्रभावित पारिरहेका छन् । लोक

साहित्य क्षेत्रमा मांगर, सजना, धमार, सखिया, वर्कीमार र गुरुबावक जन्मौती गीत थारू जातिमा बढी प्रचलित देखिन्छन् ।

यसरी देउखुरीको ऐतिहासिक, भौगोलिक, सांस्कृतिक, सेरोफेरोमा थारू लोक साहित्यका विधाहरू आफ्नै विशेषताका साथ हुर्कने अवसर पाउँदै आएका छन् । यहाँको ऐतिहासिक गरिमालाई आजका दाङ देउखुरीका लोकगीत, लोकगाथा, लोककथा, लोकनाटक, उखान र टुक्काहरूले झल्काइ रहेका छन् । यहाँका पशुपक्षी जडीबुटी, पहाड, पर्वत, नदीनाला, झरना, कुना, कन्दरा, पहाडी गाउँ र वेंसीहरू देउखुरीको थारू भाषाको लोक साहित्यका विषय वस्तु बनेका छन् । यी सम्पूर्ण कुराहरूलाई समेटेका लोक साहित्यका विधाहरू यहाँको जन जीवनलाई आत्मसात गर्दै यहाँका बस्तीहरूमा प्रचलित छन् ।

# तेस्रो परिच्छेद

# देउखुरीमा प्रचलित थारू उखान अध्ययनको सैद्धान्तिक आधार

## ३.१ पृष्ठभूमि

देउखुरीमा प्रचलित थारू उखानरू संसारका अन्य भाषाहरू सरह नै अस्तित्त्वमा छन् । त्यसैले संसारका अन्य भाषाका उखानको अध्ययनका निम्ति विकसित सैद्धान्तिक आधार देउखुरीका उखानका सन्दर्भमा पनि लागु हुन्छ । देउखुरीका थारू भाषाका उखान वर्गीकरण र विश्लेषण गर्ने सैद्धान्तिक आधार निर्माण गर्नु उपयुक्त देखिन्छ । त्यसैले निम्नानुसार उखानको परिचय, परिभाषा र विशेषता सहितको वर्गीकरण र विश्लेषणमा केन्द्रित रही देउखुरीका थारू भाषाका उखान वर्गीकरण र विश्लेषण गर्ने सैद्धान्तिक आधार निर्माण गरिएको छ ।

## ३.२ परिचय र परिभाषा

विभिन्न खोज अनुसन्धानका आधारमा देउखुरीमा प्राग ऐतिहाकि कालभन्दा अघिदेखि नै देउखुरी उपत्यकामा मानवको बसोबास भएको पुष्टि हुन्छ । समय क्रमसँगै आफूलाई परिष्कृत गर्दै गएका यहाँका मानिसहरू क्रमश : सभ्य हुँदै गए र आफ्नो जीवनको भोगाइ अनुभवलाई कथ्य रूपमा व्यक्त गर्दै जान थाले । यस्तै क्रममा मानव समुदायबाटै सृजित कथ्य परम्परामा हुर्कँदै आएको एउटा विधा उखान जन्मिएको हो । देउखुरीको थारू समुदायमा पनि कथ्य रूपमै उखान अस्तित्त्वमा रहेको पाइन्छ ।

नेपाली भाषामा उखानको जन्म संस्कृत भाषाको उपाख्यानबाट भएको हो । यसलाई अङ्ग्रेजीमा प्रोभर्व (Proverb) भनिन्छ । नेपालीको केन्द्रीय भाषिकामा यसलाई साइतर (शास्त्र) भनिन्छ । राजस्थानी भाषामा 'ओखाणो', गुजरातीमा 'उखाणु' र हिन्दीमा 'उपखान' जस्ता शब्द पनि यसका लागि प्रचलित छन् । नेपाली भाषामा उखानलाई 'आहान' भन्ने चलन पनि छ । उखानलाई लहन्दा भाषामा 'अखाण'

मराठीमा 'आहणा' जस्तै गढवालीमा 'पखाणा' भनिन्छ । उखानलाई हिन्दी भाषामा 'कहावत' भने जस्तै राजस्थानीमा 'कहवत', गुजरातीमा 'कहेवत', भोजपुरीमा 'कहाउत', मैथिलीमा 'कहबी', मगरहीमा 'कहाउत' अनि मालवीमा 'केवात' जस्ता शब्दहरू प्रचलित छन् । ब्युत्पत्तिका दृष्टिले उखान शब्द उपाख्यान (उवखाण) → उखाण - उखान) र आहान शब्द आख्यान (आक्खाण → आखाण → आहान) सँग सम्बद्ध देखिन्छ (बन्धु, २०५८: ३३३) । थारू भाषामा उखानलाई 'बटकही', उर्दूमा 'जर्नूल मिस्ल' संस्कृतमा लोकोक्ति वा सुभाषित भनिन्छ (गिरी २०६७: १६८) । देउखुरी उपत्यकामा थारू जातिमा उखानलाई 'आहान' भनिन्छ । (दिवस, २०६५: २६५) । थारू भाषामा 'उखान' लाई कहकुट भनिन्छ (देउखुरी मजगाउँ, निवासी राजकुमार चौधरीबाट प्राप्त जानकारी अनुसार) । यसरी उखान प्रायः सबै भाषामा प्रचलित लोक साहित्यिक विधा हो ।

भाषाको विकास सँगसँगै विकास भएको उखानको माध्यमबाट धेरै कुराहरू थोरै शब्दमा भन्न सकिन्छ । यसले जनजीवनमा प्रचलित रहेका सत्य र सामाजिक व्यवस्थालाई बुझाउँछ । जीवनमा घटेका घटना, रितिस्थिति, धर्म, विश्वास, मूल्य मान्यताहरू सुक्तिको रूपमा वर्षौदेखि उखानमा आउँदै गरेको पाइन्छ । यस कारणले संसारको हरेक भाषामा लोक साहित्यको महत्त्व रहे जस्तै उखानको पनि महत्त्व महत्त्वपूर्ण स्थान रहेको छ (चौधरी, २०६९: ६९) ।

नेपाल आकारका दृष्टिले सानो भए पनि भाषाको दृष्टिले धनी देश हो । यो बहुभाषा भाषीको देश हो । यहाँ भाषिक व्यवहारमा प्रचुर मात्रामा उखानको प्रयोग भइरहेको छ । उखानको जन्म भाषासँगै भएको पाइन्छ । यसको उत्पत्ति समाजमा हुन्छ र प्रयोग पनि समाजमै हुन्छ । त्यसैले कुनै समाजलाई बुझ्नु छ भने त्यहाँ प्रचलित लोक विधा बुझ्नुपर्छ । उखान समाजको दर्पण हो जसले समाजको वस्तुस्थिति बोध गराउँछ । उखानमा काल्पनिकता हुँदैन । यसले सुत्रात्मक कथन प्रस्तुत गर्दछ । यथार्थ भनाइ र भोगाइ समेटेर वैद्धिक कालदेखि प्रचलनमा रही मानवीय रितिरिवाज, संस्कृति, मूल्य मान्यता र ज्ञान जस्ता पक्ष समेटी यी उखान निर्माण भएका छन् । यस्ता उखान लोक साहित्यका अन्य विधाका तुलनामा लघु आकारका छन् र यसै भित्र पूर्ण अर्थभाव

रहेको हुन्छ । यसरी जीवनमा महत्त्वपूर्ण उपलब्धि तथा घात प्रतिघातको बौद्धिक एवं सारगर्भित निचोड नै लोक मानसमा प्रचलित उखान हो ।

उखानको परिचय दिने क्रममा पूर्व र पश्चिमका विभिन्न विद्वान्हरूले यसको प्रयोग, स्वरूप र विषयको निरूपण गरी आ-आफ्नै किसिमले परिभाषित गरेको पाइन्छ । विभिन्न भाषाभाषिका विद्वान्को कथनबाट उखानको परिचय पाउन सकिन्छ । उखानलाई अझ प्रस्टसँग चिनाउन यसको परिभाषा उल्लेख गर्नु सान्दर्भिक देखिन्छ :

उखान भनेको जातीय जीवनको सत्य तथा अनुभवसिद्ध' ज्ञानका रूपमा तथा सार्वभौम एवं सार्वकालिक अभिव्यक्तिका रूपमा संक्षिप्त तथा सरल ढङ्गले प्रकट हुने जीवन्त र लोकप्रिय अभिव्यक्ति हो । (बन्धु, २०५८ : ३३४)

"लोकोक्तिहरू पारखी, विवेकी र अनुभवीहरूद्वारा मानवको प्रथम कालदेखि नै लोक जीवनमा प्रचलन गराइँदै आइएका अनुभव र विवेक, चिन्तन र चैतन्यका टुक्राको रूपमा जुगौं जुगदेखि संरचित छन् । भनाइलाई ओजस्वी र प्रभाववान् गराउनु लोकोक्तिहरूको आफनै विशेषता हो अनि विषयगत सारगर्भितता र कथनमा संक्षिप्तता हुनु चाहिँ लोाकेक्तिमा तिनको विशेषता हो" । (थापा र अन्य, २०४१: ४१५)

ज्ञान, अनुभव, आस्था, विश्वास आदिबाट खारिएको लोक भाषाको सारपूर्ण कथन उखान हो । यसको निर्माणमा पठित अपठित सबैको महत्त्वपूर्ण योगदान छ । ( गिरी, २०६७: ३१४)

कुनै पनि जातिका भाषिक समुदायका विभिन्न व्यक्तिले पुस्तौं पुस्तादेखि साझा अनुभवका रूपमा सँगालेका आख्यान अथवा दुष्टान्त मूलक अभिव्यक्तिको सामान्यीकरण नै उखानको रूपमा चलेको हुन्छ । उखान लोक जीवनका अनुभूतिको खँदिलो प्रकाशन हो । सानो टुक्रा उखानले पनि परिपक्व अनुभवको निचोड दिँदै लोक व्यवहारमा गहकिलो कुराको बोध गराउँछ । (पराजुली, २०३९ : २१)

उखान लौकिक वाणी र मान्यता पाएका महापुरुषहरूका सूक्ति हुन् (पोखरेल, २०४६: १२०)

उपर्युक्त उल्लिखित विभिन्न विद्वान्हरूको धारणा हेर्दा सबैले आ-आफ्नै प्रकारले परिभाषित गरे तापनि अन्त्यमा सबैको आशय एउटै रहेको छ । यसरी उखान लोकले परम्परादेखि प्राप्त गरेका साझा अनुभवहरू हुन् । सूत्रात्मक र सारगर्भित रूपमा प्रयोग भई यिनले भाषालाई सजिलो, प्रभावकारी र आकर्षक बनाउँछन् । सत्य घटनामा आधरित भई अभिधा, लक्षणा र व्यञ्जना शब्दशक्तिलाई लिएर प्रयोग भए पनि धेरै जसो उखान लाक्षणिक रूपमा प्रयोग भएको पाइन्छ ।

## ३.३ विशेषता

उखानहरूले संसारका प्रत्येक भाषामा भाषानुसार जीवन्तता र सजीवता झल्काउँछन् भने भाषालाई प्राणवान् बनाउने कथ्य सामग्री पनि यी उखानहरू नै हुन् । धर्म र मूल्य मान्यताको संरक्षक तत्त्वका रूपमा रहेर यी सबैको साझा सम्पत्ति बनेका छन् । यसरी समाजमा लोकप्रिय हुनुमा यिनका आ-आफ्नै विशेषताले महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । संसारका सबै देश र जातिमा उखानको महत्त्वपूर्ण स्थान रहेको छ । सांसारिक, व्यवहारिक कार्य र सामान्य बुद्धिको जुन निर्देशन उखानमा मिल्छ, त्यो अन्यत्र दुर्लभ छ ।

विविध ज्ञानराशीलाई समाजमा छरिएर मानवजातिलाई उचित मार्ग देखाइदिनु उखानको महत्त्वपूर्ण विशेषता हो । यसको विशेषता बारे विभिन्न विद्वान्हरूले आ-आफ्नो दृष्टिकाण प्रस्तुत गरेका छन् । विभिन्न विद्वान्हरूले औंल्याएका विशेषताहरू निम्नानुसार छन् :

कृष्ण प्रसाद पराजुली (२०३९: ३३) ले उखानकै परिधिभित्र रहेर उखानको प्रकृति खोज्दा नेपाली उखानका मूल विशेषता निम्न लिखित हुन सक्छन् भनी बताएका छन् :

(i) सारगर्भितता, (ii) संक्षिप्तता (iii) सरलता (iv) रूप विविधता (v) सजीवता (vi) लोकप्रियता

धर्मराज थापा र हंसपुरे सुवेदी (२०४१: ४२०-४२१) ले संयुक्त रूपमा उखानका विशेषतालाई यस प्रकार सङ्केत गरेका छन् ।

(i) लोक अनुभवलाई आत्मसात गरेको हुनु ।

(ii) जनजिब्रोबाट नै विस्तारित र विकसित हुनु ।

(iii) गद्यात्मक भएर पनि लयात्मक हुन सक्नु ।

(iv) भाषालाई सिंगारी चुट्किलो र प्रभावकारी बनाउनु र

(v) संक्षिप्त र सारगर्भित हुनु ।

चूडामणि बन्धु (२०५८: ३३३-३३४) ले औंल्याएका उखानका विशेषताहरू निम्नानुसार छन् :

(i) अनुभव सिद्ध ज्ञान (ii) जातीय जीवनको सत्य (iii) सार्वभौम र सार्वकालिक अभिव्यक्ति (iv) संक्षिप्तता र सरलता (v) जीवन्तता र लोकप्रियता

पराजुली र गिरी (२०६८: ३१४) ले संयुक्त रूपमा उखानका विशेषताहरूलाई निम्नानुसार औंल्याएका छन् ।

(i) सूत्रबद्धता (ii) सम्बद्धता (iii) संक्षिप्तता र सरलता (iv) जीवन्तता र लोकप्रियता (v) अनुभव सिद्धता र सर्वकालिकता

यसरी फरक फरक विद्वान्हरूले उखानको विशेषतालाई फरक फरक शैलीमा प्रस्तुत गरे तापनि समाजमा उखानले आफ्नो परिवेश, मान्यता र संस्कृति अनुसार स्थानीयताको झलकलाई देखाएका हुन्छन् । उखान परिवेश र संस्कृतिको अनुसरणको आधारमा प्रयोगमा आएको पाइन्छ । यस्तै गरी देउखुरीमा प्रचलित थारू भाषाका उखानहरूले मूलतः निम्न अनुसारका विशेषता बोकेको पाइन्छ :

### ३.३.१ संक्षिप्तता

यो उखानको महत्त्वपूर्ण विशेषता हो । उखानमा गाग्रामा समुन्द्र भर्ने क्षमता हुन्छ । उखान लोक साहित्यका अन्य विधाभन्दा छोटो आकारको हुन्छ । त्यसैले संाप्तिता उखानको मूल विशेषता हुन गएको हो । यसमा परम्परित विशाल ज्ञानराशी सञ्चित भएको हुन्छ । यो संक्षिप्त र अनुकरणीय भएको कारणले सदियौंसम्म आफ्नो अस्तित्त्व बचाउन सकेको छ । जस्तै; जंगलमा मङ्गल, देव न दानव जस्ता उखानले संक्षिप्त भित्र पनि व्यापक अर्थ जाहेर गर्छन् ।

### ३.३.२ सरलता

उखान सुत्रात्मक कथन हो । भाषालाई आलङ्कारिक र ओजनदार बनाउने काम उखानले गर्दछ तर यिनको स्वरूप सरल हुन्छ र अर्थलाई सहज रूपमा बुझ्न सकिन्छ । यिनीहरूमा भएको भाव व्यञ्जना शक्तिले भाषालाई आनन्दित र हृदयस्पर्शी बनाउँछ । भनाइलाई रसिलो, स्वादिलो र चुट्किलो रूपमा व्यक्त गर्न सक्ने यी उखानहरू आफ्नो सरल पनले लोक मानसका व्यवहारिक कथनको प्रयोगशील साधन बनेका छन् । त्यस्ता सरल उखानहरूमा 'दालभात तरकारी', 'जीउधन सरकारी', 'कि खायो आँटले कि खायो ढाँट' र हाने मर्छ बोले टर्छ ।" आदि हुन् ।

### ३.३.३ सारगर्भितता

ठुलो प्रबन्धात्मक कथनलाई छोटो भनाइले व्यक्त गर्न सक्नु नै सारगर्भितता हो । उखानले कुनै पनि अनुच्छेद तथा लामो भनाइबाट अर्थ्याउनु पर्ने कुरालाई वाक्यात्मक रूपमा निर्मित छोटो रूपले सजिलै बताउन सक्छ । धेरै समय लगाएर विस्तृत शब्दहरूद्वारा व्यक्त गर्नुपर्ने भनाइलाई थोरै शब्दमा बताउनु नै उखानको महत्त्वपूर्ण विशेषता हो । यिनले दायाँ बायाँका अन्य सामान्य कुराहरूको ख्याल नराखी ठेंट भनाइ मात्र लिएर आएका हुन्छन् । 'मारे पाप पाले पुण्य', 'आफू नमरी स्वर्ग देखिँदैन' जस्ता उखानले विस्तृत अर्थ भण्डार बोकेका हुन्छन् ।

### ३.३.४ सत्यानुभूति र निरीक्षण

जीवनको व्यापक परिधिभित्र बसेर पनि आफ्ना दुःख, सुखका पलहरू पार गर्ने क्रममा जीवनका तितामिठा अनुभूतिहरूका सत्यापित कथनहरूलाई चुट्किला, लोकोक्तिका रूपमा मानिसले व्यक्त गरेका हुन्छन् । यस्ता उखानहरू लोकका साझा सम्पत्ति हुन् । अनुभूति नै भोगाइ हो । यो जहिले पनि सत्य हुन्छ । व्यक्तिका फरक भोगाइको क्रममा उखानको बनोट फरक हुन्छ तर सार्वभौमिकता र सार्वकालिक गुण भने विद्यमान रहेका हुन्छन् । जीवनका वास्तविक घटनाहरूलाई निरीक्षण गर्दै निश्चित शक्ति र वास्तविकतालाई पारख गरेर परम्परादेखि लोकलाई सत्यज्ञान र सन्देश छर्ने काम उखानमा भएको हुन्छ । जीवनका आकस्मिक घटना, प्रकृति सम्बन्धी परिवर्तन समेत सङ्केत गर्ने काम उखानमा भएको हुन्छ । 'जस्तै; हुल मुलमा जीउ जोगाउनु अनिकालमा बिउ जोगाउनु, भोकको धातु तिन माना सातु, रिस खा आफू बुद्धि खा अर्को आदि जस्ता उखानहरूले सत्य अनुभूतिलाई व्यक्त गरेका छन् ।

### ३.३.५ सजीवता एवं प्रभावशालिता

कथ्य तथा लेख्य दुवै भाषामा जीवन भागाइका अनुभूतिहरूलाई व्यक्त गरिएको पाइन्छ । उखानहरू भाषाका प्राण सञ्चार गर्ने सञ्जिवनी सुधा हुन् । उखानले अभिव्यक्तिमा तिव्रता ल्याउन सक्ने भएकाले भाषाको प्रयोग क्षेत्र र गरिमालाई स्पष्टसँग बुझ्न सकिन्छ । यिनीहरूले भाषिक प्रसारण हुँदै जाँदा भाषालाई सजीवता प्रदान गर्ने काम गर्दछन् । अरूको भनाइलाई प्रभावशाली र लोक रञ्जनापूर्ण बनाउनु यिनीहरूको विशेष पक्ष हो । उखानहरू संक्षिप्त र सूत्रात्मक रूपमा प्रयोग भएर पनि अर्थ गाम्भीर्य तथा आकृतिगत रूपमा विभिन्न पक्षलाई अँगालेका हुन्छन् । जस्तै घ्यू कहाँ पोखियो ? भागैमा, घरमा आगो लाग्दा खरानीको के दर्द ? जेठा मामाको त भाँग्राको धोती कान्छा मामाको के गति ? आदि ।

### ३.३.६ जातीयता र स्थानीयता

समाज नै उखानको जन्म स्थल र प्रयोग स्थल हो । समाजको राजनैतिक, भाषिक, आर्थिक, सामाजिक, प्राकृतिक आदि सम्पूर्ण पक्षहरूलाई उखानले जनाएका

हुन्छन् । यस्ता उखानमा एकातिर समाजको जातीय मान्यता र भनाइ भेटिन्छ भने अर्कोतिर स्थानीय रङ्रोगन पनि पाइन्छ । स्थानीय विशेषता झल्कने गरी उखानको निर्माण गर्दा त्यहाँ रहेका जातिगत चाल-चलनलाई पनि समावेश गरिएको पाइन्छ । जस्तो सुनारको सय चोट, लोहारको एकै चोट, जहाँ केरा उही बाहुनको डेरा, कामीले लान्छ कि लाँदैन कमिनीको सरखर आदि जस्ता उखानले जातीयता र स्थानीयतालाई झल्काएका छन् ।

### ३.३.७ लोकप्रियता

कुनै पनि कुरा लोकजीवनले अँगालेपछि प्रिय हुन्छन् र जन मानसमा रत्तिएपछि नै तिनले जीवन्तता पनि पाउँछन् । लोकप्रियता उखानको मूल लक्षण हो । नेपाली उखान लोक जीवनको सरोफेरोमा छ्यापछ्याप्ती भएर छरिनुमा यसका लोकप्रियता नै प्रमुख कारण हो । पुस्तौंदेखि जन जिब्रोमा खेल्दै, खारिँदै आएकाले पनि यिनको लोक प्रियताको लख काट्न सकिन्छ । यसरी नेपाली उखान लोक मानसमा भिजेको, मार्गदर्शनको रूपमा आइरहने र भाषिक समुदायका जीवन्त अभिव्यक्ति भएकाले पनि धेरै लोकप्रिय भएका छन् । जस्तै; नजान्ने गाउँको बाटो नसोध्नू, अकबरी सुनलाई कसी लाउनु पर्दैन आदि ।

## ३.४ वर्गीकरण

उखानहरू लोक साहित्यका अन्य विधाभन्दा छोटा भए पनि यिनको वर्गीकरण गर्ने कार्य त्यति सजिलो छैन । उखानले एकातिर विभिन्न विषय वस्तु समेटेका हुन्छन् भने अर्कोतिर अभिव्यक्तिलाई प्रभावकारी तुल्याएका हुन्छन् । त्यसैले उखानको वर्गीकरण गर्दा विद्वान्हरूले विषयगत अन्तर र रूपगत भिन्नता दुवैतिर दृष्टि पुऱ्याएको पाइन्छ । यसरी उखानको वर्गीकरण विद्वान्हरूले बेग्लाबेग्लै तरिकाले गरेको पाइन्छ :

कृष्णप्रसाद पराजुली (२०३९: ४२-४३) ले निम्न पाँच प्रमुख भागमा नेपाली उखानको वर्गीकरण गरेका छन् :-

(क) सामाजिक तथा नीति चेतना सम्बन्धी उखान

(ख) ज्ञान विज्ञान सम्बन्धी उखान

(ग) कृषि व्यवसाय सम्बन्धी उखान

(घ) लोक विश्वास सम्बन्धी उखान

(ङ) विविध विषयसम्बन्धी  सम्बन्धी उखान

धर्मराज थापा र हंसपुरे सुवेदी (२०४१: २४) ले (i) नीति रचना रूपका लोकोक्ति (ii) सूक्ति रूपका र लक्षार्थ वा न्याय रूपका लोकोक्ति गरी वर्गीकरण गरेका छन् ।

त्यस्तै चूडामणि बन्धु (२०५८: ३३८) ले रूपात्मक र विषयात्मक भेदबाट उखानलाई निम्नानुसार वर्गीकरण गरेका छन् ।

(क) शब्दस्रोतका आधारमा

(ख) वाक्य संरचनाका आधारमा

(ग) वाक्यार्थ वा भावका आधारमा

(घ) दृष्टि विन्दुका आधारमा

(ङ) आकारका आधारमा

(च) अर्थका आधारमा

बालकृष्ण पोखरेल (२०५५: ११९-१२२) ले रूपात्मक आधारमा निम्न दुई तरिकाले उखानको वर्गीकरण विश्लेषण गरेका छन् :

(क) अभिधामूलक उखान

(ख) लक्षनामूलक उखान

जीवेन्द्र देव गिरी (२०६७: १७०-१७८) ले प्रगतिशील स्वरलाई आधार मानी निम्ननुसार उखानको वर्गीकरण गरेका छन् :

(क) संघर्षशीलता

(ख) सामूहिक भावना

(ग) शोषणको चित्रण

(घ) श्रमप्रति आस्था

(ङ) उच्च वर्गीय चरित्रको पर्दाफास

(च) रूढिगत संस्कारको विरोध

(छ) निम्न वर्ग प्रति सद्भावना

(ज) वर्गीय अभिव्यक्ति

(झ) समाज व्यवस्थामा विसङ्गतिको चित्रण र

(ञ) विविध

त्यस्तै जीवेन्द्र देव गिरी (२०३७: १८५-१८६) ले विषयका आधारमा छ भागमा र संरचनाको आधारमा चार भागमा उखानलाई वर्गीकरण गरेका छन् :

विषयका आधारमा

(क) सामाजिक विषय सम्बन्धी उखान

(ख) प्रकृति सम्बन्धी उखान

(ग) पेशा व्यवसाय सम्बन्धी उखान

(घ) लोक विश्वास सम्बन्धी उखान

(ङ) नारी समस्या सम्बन्धी उखान

(च) विविध विषय सम्बन्धी उखान

संरचनाका आधारमा

(क) आकृतिका आधारमा

(ख) लयात्मकताका आधारमा

(ग) प्रश्नात्मकताका आधारमा

(घ) आलङ्कारिकताका आधारमा

गोविन्द आचार्य (२०६३: १७७) ले निम्नानुसार उखानको वर्गीकरण गरेका छन्:

(क) वाक्य आकारको आधारमा

(ख) वाक्यार्थमा आधारमा

(ग) भाषाका आधारमा

(घ) वाक्य संरचनाका आधारमा

उखानको वर्गीकरण र विश्लेषण गरिएको छ र ९९ वटा दाङ देउखुरीमा प्रचलित थारू उखान सङ्कलन गरिएको छ ।

त्यस्तै तुलसी दिवसद्वारा सम्पादित पुस्तक (२०६५: २६६) मा दङ्गौराथारू उखानलाई निम्न अनुसार वर्गीकरण गरिएको छ :

(क) वाक्य आकारको आधारमा

(ख) वाक्यार्थका आधारमा

(ग) वाक्य संरचनाका आधारमा

(घ) विषय वस्तुको आधारमा

उपर्युक्त विद्वान्हरूले गरेका छुट्टाछुट्टै वर्गीकरणको आधारका साथै सङ्कलित उखानहरूका निम्न लिखित आधार निर्माण गर्न सकिन्छ :

### ३.४.१ आकारका आधारमा वर्गीकरण

उखानको निर्माण वाक्यात्मक संरचनाका आधारमा गरिए तापनि एउटै आकारमा पाइँदैन । कुनै उखान वाक्यांशका रूपमा निर्माण भएका छन् । उखानको बनोटका आकारलाई हेरेर पनि वर्गीकरण गर्न सकिन्छ । उखानहरू कुनै एक वाक्यात्मक हुन्छन् भने कुनै जटिल वाक्यात्मक हुन्छन् ।

#### ३.४.१.१ एक वाक्यात्मक उखान

एकै वाक्यमा टुङ्गिने उखान एक वाक्यात्मक उखान हुन् । जस्तै; पुस फासफुस

कहिले सासूको पालो कहिले बुहारीको पालो

### ३.४.१.२ जटिल वाक्यात्मक उखान

एकभन्दा बढी वाक्यात्मक उखानलाई जटिल वाक्यात्मक उखान भनिन्छ । जस्तै;

आँटो खाए छिन भरीलाई, भात खाए खाउन्जेल, ढिँडो खाए दिन भरीलाई रोगीलाई ताना, केटाकेटीलाई नाना, पाहुनालाई खाना, गँजडीलाई गाँजा, घोडालाई दाना, चोरलाई थाना

### ३.४.२ व्यापकताका आधारमा

उखान समाजका साझा सम्पत्ति हुन् । यिनीहरू सामाजिक उक्तिका रूपमा स्थानीय विशेषतालाई लिएर आएका हुन्छन् । यसरी प्रयोग हुने क्रममा कुनै उखानसीमित परिवेश भित्र मात्र प्रयोग भएका हुन्छन् भने कुनै उखान व्यापक परिवेशमा प्रचलित रहेका हुन्छन् । यस आधारमा उखानलाई दुई भागमा बाँड्न सकिन्छ ।

### ३.४.२.१ स्थानीय परिवेशमा प्रचलित उखान

यी उखानहरू देउखुरीको वरिपरिको सेरोफेरोलाई मात्र समेट्ने गरी प्रयोग भएका उखान हुन् । जस्तै;

अघाइल बकुलियक टिट सेधुरिया
खोंटियक टिना मिठ चिप्लिक बाट टिट्
गाँठिक चोट लैहरिक बाट

### ३.४.२.२ व्यापक परिवेशमा प्रचलित उखान

सबै ठाउँका थारू, नेपाली र अन्य भाषाका प्रयोक्ताहरूले प्रयोग गर्ने खालका उखानहरू यस अन्तर्गत पर्दछन् । जस्तै;

जंगलमा मङ्गल

भाइ फुटे गवाँर लुटे

एक पन्थ दो काज

### ३.४.३ भाषिक संरचनाका आधारमा उखान

संरचनाका आधारमा उखान सरल र जटिल गरी दुई प्रकारका हुन्छन् । उखानहरूको संरचनालाई हेर्दा सरल उखान पनि वाक्यकै तहमा रहेका देखिन्छन् । सरल र जटिल गरी उखानलाई दुई भागमा विभाजन गर्न सकिन्छ ।

#### ३.४.३.१ सरल वाक्यात्मक उखान

एउटै मात्र समापिका क्रिया भएको संक्षिप्त आकारको उखानलाई सरल वाक्यात्मक उखान भनिन्छ । यस्तो उखानमा क्रिया नरहन पनि सक्छ । क्रिया नभए तापनि क्रिया लुप्त अवस्थामा आएको हुन्छ । जस्तै;

जंगलमा मङ्गल

एक हातले ताली बज्दैन

#### ३.४.३.२ जटिल वाक्यात्मक उखान

दुई वा दुई भन्दा बढी वाक्यात्मक उखानहरूको योग भएर जटिल वाक्यात्मक उखान बनेको हुन्छ । जटिल वाक्यात्मक उखानलाई सापेक्ष (जब तब) र निरपेक्ष (र/तर/पनि) जस्ता संयोजकले जोडिएको हुन्छ । जस्तै;

जुन गोरुको सिङ छैन उसको नाम तिखे

जेको टालो उसैमा सुहाउँछ

कुकुरको पुच्छर बाह्र वर्ष ढुङ्ग्रोमा हाले पनि वाङ्गोको बाङ्गै रहन्छ ।

### ३.४.४ पद्क्रमका आधारमा

वाक्यमा प्रयोग हुने सम्पूर्ण पदको आफ्नो निश्चित स्थान वा कम रहन्छ । त्यही स्थान वा क्रममा रहेर पदहरू वाक्यमा प्रयोग हुने कार्यलाई पदक्रम भनिन्छ । कर्ता,

कर्म, पुरक, क्रिया विशेषण र क्रियाको वाक्यमा एउटा निश्चित स्थान हुन्छ । तर पदहरू कहिलेकाहीँ आफ्नो स्थानमा नआई क्रम भङ्ग गरेर पनि आउन सक्छन् । त्यस आधारमा उखानलाई दुई भागमा विभाजन गर्न सकिन्छ ।

### ३.४.४.१ व्याकरणात्मक पदक्रम भएका उखान

व्याकरणात्मक पदक्रम अन्तर्गत सकर्मक क्रिया भएका वाक्यमा कर्ता + कर्म + क्रिया र अकर्मक क्रिया भएका वाक्यमा कर्ता + क्रियााको क्रम रहन्छ भने विस्तारित वाक्यमा पनि निश्चित स्थान तोकिएको हुन्छ । जस्तै;

ठक्कर नखई बुद्धि आउँदैन

थोपा थोपा पानीले घडा भरिन्छ ।

### ३.४.४.२ आलङ्कारिक पदक्रम भएका उखान

कुनै विषयप्रति व्यक्त गरिने भनाइलाई कलात्मक रूपमा व्यक्त गर्नका लागि व्याकरणद्वारा निर्धारित क्रमलाई भङ्ग गरिएको विशिष्ट क्रमलाई व्याकरणिक पदक्रम भनिन्छ । साहित्यिक अभिव्यक्ति दिने क्रममा भाषिक सौन्दर्य सृष्टि गर्नका लागि यस्तो पदक्रमको प्रयोग गरिन्छ । यस्तो पदक्रममा कुनै पदको निश्चित स्थान देखिँदैन । प्रयोक्ताको इच्छा वा शैली अनुसार पदहरू आएका हुन्छन् । उखानहरू पनि आलङ्कारिक पदक्रममा निर्माण भएका हुन्छन् । जस्तै;

पोहोर मरिन् सासू ऐले आयो आँसु

भनौं भन्न गाह्रो नभनौं व्यथा साह्रो

### ३.४.५ उखान टुङ्ग्याउने क्रियाको आधारमा

उखानमा प्रयुक्त क्रियाको आधारमा उखानलाई पूर्ण वाक्यात्मक र अपूर्ण वाक्यात्मक गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ ।

### ३.४.५.१ पूर्ण वाक्यात्मक उखान

उखानको वाक्यात्मक संरचनामा समापिका क्रियामा टुङ्गिएको उखानलाई पूर्ण वाक्यात्मक उखान भनिन्छ । जस्तै;

अर्कालाई खनेको खाल्टोमा आफै परिन्छ ।

अर्काकी स्वास्नी र आफ्नो छोराछोरी राम्रा देखिन्छन् ।

### ३.४.५.२ अपूर्ण वाक्यात्मक उखान

उखानको व्याकरणात्मक संरचनामा असमापिका क्रियामा टुङ्गिएका उखानलाई अपूर्ण वाक्यात्मक उखान भनिन्छ । जस्तै;

भाग्यमानीको भूतै कमारो

मुखमा राम राम बगलीमा छुरा

### ३.४.६ करण र अकरणका आधारमा

वाक्यले प्रदान गर्ने अर्थका आधारमा उखानलाई करण र अकरण गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ ।

### ३.४.६.१ करण क्रिया भएका उखान

उखानको वाक्यात्मक संरचनले सकारात्मक अर्थ प्रदान गरेमा त्यस्ता उखानलई करण क्रिया भएका उखान भनिन्छ । जस्तै;

अर्काको देखेर हुँदैन लेखेको हुनुपर्छ ।

आफूले पालेके सर्पले आफैलाई डस्छ ।

### ३.४.६.२ अकरण क्रिया भएका उखान

उखानको वाक्यात्मक संरचनाले नकारात्मक अर्थ प्रदान गरेमा त्यस्ता उखानलाई अकरण क्रिया भएको उखान भनिन्छ । जस्तै;

कल गरेस् कलेनी दुःख नकाटेस्

न गरम् न खाम्

### ३.४.७ भावका आधारमा

क्रियाद्वारा वक्ताको मनोभाव वा मनोवृत्ति जनउनेलाई भाव भनिन्छ वा वक्ताको अभिप्रायअनुरूप एउटै क्रियाले दिने विभिन्न अर्थलाई भाव भनिन्छ । कुनै पनि वाक्यमा बाह्य संरचनाको साथसाथै आन्तरिक अर्थ वा भाव पनि रहेको हुन्छ । यसरी वाक्यात्मक उखानले आन्तरिक अर्थका रूपमा वक्ताको मनोभावलाई टड्कारो रूपमा व्यक्त गरेको पाइन्छ । भावका आधारमा उखानलाई निम्न अनुसार वर्गीकरण गरिएको छ ।

(क) सामान्यार्थक

(ख) विध्यर्थक र

(ग) अनिश्चयार्थक

### ३.४.७.१ सामान्यार्थक

वक्ताको सामान्य मनोभाव बुझाउने उखानलाई सामान्यार्थक उखान भनिन्छ । करण, अकरण र तीनवटै कालका सबै पक्षमा यस अन्तर्गतको उखान अभिव्यक्त गर्न सकिन्छ । जस्तै;

केटाकेटीको जाडो बाख्राले खान्छ ।

काम अनुसारको माम पाइन्छ ।

### ३.४.७.२ विध्यर्थक

मुख्यतः आज्ञा र इच्छाको मनोभाव बुझाउने उखानलाई विध्यर्थक भनिन्छ । बुढापाकाहरूले युगौंदेखि लोकमा व्यक्त गर्दै आएका अनुभव र प्राप्त ज्ञानको भण्डारलाई आउने पिंढी वा सन्तानका निम्ति आदेश, इच्छा वा उपदेशका रूपमा व्यक्त गरेका हुन्छन् । ती उक्ति नै विध्यर्थक भाव व्यक्त गर्ने उखान हुन् । जस्तै;

कल गरेस् कलेनी मर्म नकाटेस्
वरिपरि खस माझमा बस्दै नबस् ।
मूलको पानी खानू कुलको छोरी बिहे गर्नू
नजान्ने गाउँको बाटो नसोध्नू ।

### ३.४.७.३ अनिश्चयार्थक

वक्ताको अभिप्राय अनुसार कुनै वाक्यको क्रियाले काम हुने वा नहुने अनिश्चयको भाव बुझाएमा त्यस्तो भावलाई अनिश्चयार्थक भाव भनिन्छ । यस्तो भाव बुझाउने उखानले काम हुने वा नहुने निश्चित अर्थ नदिइ केवल सम्भावना वा सङ्केत मात्र बुझाउँछ । जस्तै;

जहाँ जाला जोगी भातै खाला
हगे हग् मुते काटुँला
दुःख गरे सुख मिल्छ ।

### ३.४.८ विषय वस्तुका आधारमा

लोक जीवनले बोकेका ऐतिहासिक, धार्मिक, राजनैतिक, आर्थिक अवस्था, कृषि व्यवसाय, पारिवारिक चालचलन, नीति चेतना र सामाजिक अवस्था आदि जस्ता कथ्य सन्दर्भहरू नै उखानका विषय वस्तु हुन् । उखान कुनै न कुनै विषय वस्तुसँग सम्बन्धित रहेका हुन्छन् । यस्ता विषयहरूले सूत्रातमक रूपमा आएका विस्तृत कथनलाई व्यक्त गर्दछन् । उखानले ल्याउने यहीँ विषयका आधारमा उखानको वर्गीकरण निम्नानुसार गर्न सकिन्छ ।

### ३.४.८.१ पौराणिक विषय सम्बन्धी उखान

पुराणमा वर्णित कथाको सार बोकेको उखानलाई पौराणिक विषय वस्तु भएका उखान भनिन्छ । यसका साथै पौराणिक पात्रसित सम्बन्धित उखान यस अन्तर्गत पर्दछन् । जस्तै;

अगस्तिको पेट कहिल्यै भरिँदैन

नाउँ भने श्री कृष्ण गोपाल, ओछ्याउने छैया पराल

### ३.४.८.२ भाग्यवादी चिन्तन भएका उखान

ईश्वर भक्ति र भाग्यका आडमा समाजलाई डोऱ्याउन खोज्ने उखान र भाग्यवादी चिन्तनलाई विषय बनाएका उखान यस अन्तर्गत पर्दछन् । जस्तै :

मारे पाप पाले पुण्य

भाग्यमा भए परीपरी आउँछ ।

आगाले काँचो भन्दैन राजाले कङ्गाल भन्दैन

### ३.४.८.३ परिवार सम्बन्धी उखान

उखानभित्र पारिवारिक अवस्था र चालचलन सम्बन्धी स्वर भएका उखानलाई परिवार सम्बन्धी उखान भनिन्छ । जस्तै :

भाइ फुटे, गँवार लुटे

ढिलो होस् छोरै होस्

### ३.४.८.४ नातागोता सम्बन्धी उखान

नातागोता, कुलकुटुम्ब, इष्टमित्र मानिसका लागि महत्त्वपूर्ण कुरा हुन् । मानिस यिनै सम्बन्धमा जेलिएको हुन्छ । यस्ता विषयसँग सम्बन्धित उखानलाई नाता गोता सम्बन्धी उखान भनिन्छ । जस्तै;

मामाको धन फुपूको श्राद्ध

अरूलाई अरूको धन्दा घरज्वाइँलाई खानको धन्दा

### ३.४.८.५ जाति सम्बन्धी उखान

समाज विभिन्न जातिहरूको सङ्गम स्थल हो । समाजमा रहेका विभिन्न जातिहरूको प्रवृत्ति, मूल्य, मान्यता, संस्कृति, चालचलन आदिका बारेमा सामान्य सूचना दिने उखानलाई जाति सम्बन्धी उखान भनिन्छ । जस्तै;

जहाँ केरा उही बाहुनको डेरा

मुल्लाको दौड मस्जिदसम्म

### ३.४.८.६ प्रकृति सम्बन्धी उखान

मौसम अनुसार प्रकृतिमा देखिने हरेक परिवर्तन तथा विविध प्राकृतिक सम्पदाहरूको महत्त्व बारेमा सामान्य जानकारीका साथ निर्माण भएका उखान प्रकृति सम्बन्धी उखान हुन् । जस्तै;

पुषको केरा साहुलाई चैतको केरा बाबुलाई

वर्षाको भेल वेश्यासँगको मेल

### ३.४.८.७ समाज सम्बन्धी उखान

उखानको जन्म र प्रयोग समाजमै हुन्छ उखानहरू र समाजकै विषयसँग सम्बन्धित
हुन्छन् । सामाजिक विषय वस्तु समेटी निर्माण भएका उखानहरू नै सामाजिक उखान हुन् । जस्तै;

बैगुनीलाई गुनले मार्नुपर्छ

धनीको दसैं गरिबको दसा

### ३.४.८.८ कृषि व्यवसाय सम्बन्धी उखान

नेपाल कृषि प्रधान देश हो । कृषि व्यवसायसँग सम्बन्ध राख्ने दुःख, सुख, परिश्रम, मौसम, बेमौसम, मिहिनेतको फल, हलो, जुवा, कुटो, कोदालो,बालीनाली जस्ता विषय वस्तुलाई लिई निर्मित उखानहरू कृषि व्यवसायसँग सम्बन्धित उखानहरू हुन् । जस्तै;

इलमीका भागमा माछा र मासु अल्छीका भागमा आँसु

सोम खेती बुध घर

### ३.४.८.९ पशुपक्षी सम्बन्धी उखान

पशुपक्षीका विभिन्न क्रियाकलाप तथा स्वभाव व्यक्त गरिएका उखानहरू पशुपक्षी सम्बन्धी उखानहरू हुन् । यस्ता उखानहरू गाई,कुकुर, घोडा, हात्ती, बिरालो, सुगा, परेवा, कुखुरा जस्ता पशुपक्षीका बानी व्यवहार तथा स्वभाव आदि विषयलाई लिएर निर्माण भएका हुन्छन् । जस्तै;

काग भन्दा कोइली चलाख

काग कराउनु र बाख्रो हराउनु

### ३.४.८.१० लैङ्गिक स्वर भएका उखान

पुरुष र स्त्री समाजका अभिन्न अङ्ग हुन् । लैङ्गिक आवाज प्रतिबिम्बित गर्ने उखानलाई नै लैङ्गिक स्वर भएका उखान भनिन्छ । जस्तै;

छोरीको जात पराइको हात

अर्काकी स्वास्नी राम्री देखिन्छे

### ३.४.८.११ ज्ञान विज्ञान सम्बन्धी उखान

मानिस चेतनशील प्राणी हो । मानिस बर्बर युगदेखि आफ्नो विद्धताको कारण ज्ञान विज्ञान क्षेत्रमा गरेको चिन्तन मननको परिणतिले आज वैज्ञानिक उन्नति भएको छ । ज्ञान विज्ञान सम्बन्धी विषय वस्तु व्यक्त गरिएका ज्ञान, दर्शन, ज्योतिष, विज्ञान, गणित, इतिहास, जीवन दर्शनसँग सम्बन्धित उखानहरू यस अन्तर्गत पर्दछन् । जस्तै;

कलि आजको भोलि

पढायो गुनायो सोह्र दुना आठ

### ३.४.८.१२ नीति चेतनामूलक उखान

नैतिक ज्ञान र शिक्षाको माध्यमबाट समाजलाई केही सन्देश दिने सन्देशमूलक उखानहरू यस अन्तर्गत पर्दछन् । जस्तै :

अर्ती र ओखती तितो हुन्छ

अति गर्नु अत्याचार नगर्नु ।

### ३.४.८.१३ सासू र बुहारी सम्बन्धी उखान

प्रायः गरेर अशिक्षित ग्रामीण समाजका महिलाहरू आफ्नो निरक्षरताको कारण सासू बुहारीले एक अर्काप्रति देखाउनु पर्ने आदर सत्कार जन्य कर्तव्य वा भूमिकामा अनभिज्ञ हुन्छन् । सासू र बुहारी दुवैप्रति रिस राग, आदर सत्कार, घोचपेच व्यक्त गरी सृजना भएका उखानहरू सासू बुहारी सम्बन्धी उखान हुन् । जस्तै;

कहिले सासूको पालो कहिले बुहारीको पालो

पोहोर मरिन् सासू ऐले आयो आँसु ।

के गर्छेस् बुहारी ? कहिले पोख्छ कहिले उठाउँछु ।

### ३.४.८.१४ लोक विश्वास सम्बन्धी उखान

लोक जीवन आफ्नै परम्परागत धारणा, विश्वासमा टिकेको हुन्छ । समाजमा ईश्वरप्रतिको आस्था, भाग्यमाथि भरोसा तथा भावना नेपाली उखानमा व्यक्त भएका हुन्छन् । जस्तै;

दसा लागेको बेला दसथोक हुन्छ

भाग्यमानीको निधार ठुलो

### ३.४.८.१५ अश्लीलता सम्बन्धी उखान

समाजमा भन्दा र सुन्दा अप्ठ्यारो लाग्ने तथा अपाच्य हुने तुच्छ शब्दहरू प्रयोग गरी कुनै उखान बनेका हुन्छन् । यसरी अश्लील विषय वस्तु लिई बनेका उखानहरू अश्लीलता सम्बन्धी उखानहरू हुन् । जस्तै :

हग्नेलाई भन्दा देख्नेलाई लाज

बाह्र वर्षमा पोई आया त्यो राँडीलाई ज्वरो आयो

सिङ् हुनी र ढिङ् हुनी को भर हुँदैन

### ३.४.८.१६ विविध उखान

माथि उल्लेख गरिए बाहेक न्याय व्यवस्था सम्बन्धी तथा जीवनका दुःख सुखका सुक्ष्म विषयलाई समेटेर बनेका उखानहरू विविध उखान हुन् । जस्तै :

पहिलेको दुःख पछिको सुख

अति भए खती हुन्छ ।

### ३.४.९ निष्कर्ष

यसरी उपर्युक्त आधारमा उखान वर्गीकरणको आधार निर्माण गरिएको छ । उखान वर्गीकरण गर्नु त्यति सजिलो विषय होइन तापनि विभिन्न पूर्वीय, पाश्चात्य र नेपाली विद्वान्हरूले उखानको वर्गीकरण गरेको आधार लिई देउखुरीको थारू उखानलाई वर्गीकरण गर्न सकिने आधार तयार गरिएको छ ।

# चौथो परिच्छेद

# देउखुरीमा प्रचलित थारू उखानको सर्वेक्षण र वर्गीकरण

## ४.१ परिचय

नेपाल जातीय, धार्मिक, भाषिक एवं सांस्कृतिक विविधताले युक्त देश हो । विश्वमान चित्रमा साना राष्ट्रहरूको सूचीमा सूचीकृत भएर पनि जात, जाति, भाषा, धर्म, संस्कृति आदिको दृष्टिकोणबाट यो मुलुक समृद्ध रहेको छ । नेपालमा विविध भाषा परिवारका भाषाहरू बोल्ने गरिन्छ । तीमध्ये भारोपेली भाषा परिवार अन्तर्गत पर्ने विभिन्न भाषाहरू बोल्नेको सङ्ख्या नेपालमा सर्वाधिक रहेको छ । भारोपेली परिवार अन्तर्गत पर्ने नेपाली, मैथिली, अवधी, थारू, हिन्दी आदि भाषाहरू नेपालमा प्रचलनमा रहेका छन् ।

भारोपेली परिवार अन्तर्गत पर्ने थारू भाषा अस्तित्वमा रहेको स्वतन्त्र भाषा हो । नेपालमा प्राचीन समयदेखि नै थारू भाषा प्रचलित रहेको पाइन्छ । यस भाषाको लिखित साहित्य तथा लोक साहित्य देशभित्र र देश बाहिर पनि प्रचलित रहेको छ । थारू भाषाको लोक साहित्यको अध्ययन न्यून रूपमा भएको पाइन्छ । थारू लोक साहित्य दाङ जिल्लाको देउखुरी पनि व्यापक रूपमा प्रचलित छ र त्यसभित्र महत्त्वपूर्ण उखानहरू पनि विद्यमान छन् । तिनको व्यवस्थित अध्ययन अझै हुन नसकेको स्थितिमा प्रस्तुत अध्ययन सम्पन्न भएको छ । सङ्कलित उखानहरू परिशिष्ट एकमा दिइएका छन् र त्यसबाट तिनको स्वरूप ठम्याउन सकिन्छ । तिनको वर्गीकरण निम्न अनुसार यहाँ गरिएको छ :-

## ४.२ वर्गीकरण

थारू भाषाको लोक साहित्य थारू जातिका मूल बास स्थान रहेको तराईका जिल्लाहरूमा सीमित भएको देखिन्छ । दाङ जिल्लाको देउखुरी उपत्यका पनि थारू जातिको बसोबास भएको जिल्ला हो । यस क्षेत्रमा पनि थारू लोक साहित्यको विकास

प्रचुर मात्रामा भएको पाइन्छ तापनि यसको व्यवस्थित तरिकाले अध्ययन भएको भेटिँदैन । थारू लोक साहित्य अध्ययनको यसै अभावलाई मध्यनजर गर्दै दाङ देउखुरीको थारू भाषामा प्रचलित उखानको अध्ययन गर्ने क्रममा विभिन्न भाषाहरूका उखान अध्ययन परम्पराको आधारमा विदेशी तथा स्वदेशी विद्वान्हरूले गरेका छुट्टाछुट्टै वर्गीकरण र विश्लेषणको आधार लिई यहाँका उखानहरूको प्रकृति, विशेषता र प्रयोगको प्रकृति हेरी विभिन्न भागमा वर्गीकरण र विश्लेषण गरिएको छ ।

### ४.२.१ आकारका आधारमा वर्गीकरण

उखानको निर्माण वाक्यात्मक संरचनाका आधारमा गरिए तापनि एउटै आकारमा पाइँदैन । कुनै उखान एक वाक्यात्मक छन् भने कुनै बहुवाक्यात्मक छन् । यसरी उखानको बनोटको आकारलाई हेरेर उखानको वर्गीकरण गर्न सकिन्छ । देउखुरीमा प्रचलित थारू भाषाका उखानरूलाई आकारका आधारमा निम्नानुसार वर्गीकरण गर्न सकिन्छ ।

#### ४.२.१.१ एक वाक्यात्मक उखान

एक वाक्यमा टुङ्गिने उखानलाई एक वाक्यात्मक उखान भनिन्छ । यस्ता उखान छोटा प्रकृतिका हुन्छन् । धेरै लामा हुँदैनन् । जस्तै;

देउतक नाउ आपन गाउँ,

न करी न खाई

कामक सुख पेटक दु:ख

आधे जलम् पाछे करम्

ढङ् न दवार

पुट न पटोह

### ४.२.१.२ जटिल वाक्यात्मक उखान

एकभन्दा बढी वाक्यात्मक उखानलाई जटिल वाक्यात्मक उखान भनिन्छ । यस्ता उखान छोटा नभएर लामा किसिमका हुन्छन् । जस्तै;

चुपाइल् बराबर सुख नै बोलल् बराबर दु:ख नै
जस् बाप तस् पुत जस् मा तस् दिया
फटहा बाट व फाटल् लुग्गा जत्रे नुकवाउ ओतरे बिल्गाइठ्
जब्बे हगन तब्बे लग्न
लर्कन चलाएते गाल पाए ओ बुह्रवन चलाएते अक्किल पाए ।

### ४.२.२ व्यापकताका आधारमा

उखान समाजका साझा सम्पत्ति हुन् । यिनीहरू सामाजिक उक्तिका रूपमा स्थानीय विशेषतालाई लिएर आएका हुन्छन् । यसरी प्रयोग हुने क्रममा कुनै उखान सीमित परिवेश भित्र मात्र प्रयोग भएका हुन्छन् भने कुनै उखान व्यापक परिवेशमा प्रचलित रहेका हुन्छन् । यस आधारमा उखानलाई दुई भागमा बाँड्न सकिन्छ ।

### ४.२.२.१ स्थानीय परिवेशमा प्रचलित उखान

यी उखानहरू देउखुरीको वरिपरीको सेरोफेरोलाई मात्र समेट्ने गरी प्रयोग भएका उखान हुन् । जस्तै;

सब सिंगार घेघर बिगार
हर देके हरवाही लागे
पाछे पुस्ता पाछे बुद्धि
आघक् टिकल गुहे गाँर
दुरिक् ढोल सुहावन
बाप से पुत् ज्ञानी जाले से बझाउ पानी

### ४.२.२.२ व्यापक परिवेशमा प्रचलित उखान

देउखुरीका थारू भाषाका बाहेक अन्य ठाउँ र भाषामा समेत प्रचलनमा रहेका उखानहरू यस कोटीमा पर्दछन् । जस्तै;

जङ्गलमे मङ्गल
भाइ फुटे गँवार लुटे
एक पन्थ दो काज
घरक मुर्गी साग बराबर
न रही बास न बजी बसिया
इन्द्रक् आगे स्वर्गक् बयान

### ४.२.३ भाषिक संरचनाको आधारमा

संरचनाका आधारमा उखान सरल र जटिल गरी दुई प्रकारका हुन्छन् । उखानको संरचनालाई हेर्दा सरल उखान पनि वाक्यकै तहमा रहेका हुन्छन् । यसरी उखानलाई सरल र जटिल गरी दुई भागमा विभाजन गरिएको छ ।

### ४.२.३.१ सरल वाक्यात्मक उखान

एउटा मात्र समापिका क्रिया भएको संक्षिप्त आकारको उखानलाई सरल वाक्यात्मक उखान भनिन्छ । यस्तो उखानमा क्रिया नरहन पनि सक्छ । यस्तो उखानमा क्रिया नआए तापनि लुप्त अवस्थामा आएको हुन्छ । जस्तै;

ढेर बिलार मुस नै मर्ठा
चोर व छिनार मनैन से कोइ नै सेकठ्
थर्कना बद्री नै बर्सठ
कना लिरौसी ओ कर्ना कर्रा रहठ्

### ४.२.३.२ जटिल वाक्यात्मक उखान

दुई वा दुई भन्दा बढी वाक्यात्मक उखानहरूको योग भएर जटिल वाक्यात्मक उखान बनेको हुन्छ । जटिल वाक्यात्मक उखानलाई सापेक्ष (जब.तब/र निरपेक्ष ( र/तर/पनि) संयोजकले जोडिएको हुन्छ । जस्तै;

जब त साँस तब तक आस

जहाँ पिरा वहाँ बयाल जहाँ बाजी वहाँ रयाल

कोह्विया करी ते करी नै ते घामे ते मुइ

रिस कर्बोते खिस खैबो

जहाँ सुइ नै अटैना वहाँ फाह्र अटैना

जेकर भैंस ओकर लाठी

### ४.२.४ पदक्रमका आधारमा

वाक्यमा प्रयोग हुने सम्पूर्ण पदको आफ्नो निश्चित स्थान वा क्रम हुन्छ । त्यही स्थान वा क्रममा रहेर पदहरू वाक्यमा प्रयोग हुने कार्यलाई पदक्रम भनिन्छ । कर्ता, कर्म,पुरक,क्रिया विशेषण र क्रियाको वाक्यभित्र एउटा निश्चित स्थान हुन्छ तर कहिलेकाहिँ आफ्नो स्थानमा नआई क्रम भङ्ग गरेर पनि आउन सक्छन् । त्यस आधारमा उखानलाई दुई वर्गमा विभाजन गर्न सकिन्छ ।

### ४.२.४.१ व्याकरणात्मक पदक्रम भएका उखान

व्याकरणात्मक पदक्रम अन्तर्गत सकर्मक क्रिया भएका वाक्यमा कर्ता + कर्म + क्रियाको क्रम रहन्छ र अकर्मक क्रिया भएका वाक्यमा कर्ता + क्रियाको क्रम रहन्छ भने विस्तारित वाक्यमा पनि निश्चत स्थान तोकिएको हुन्छ । जस्तै;

छोट भेटाके हेल्हा कैना

मेहनतके फल नैटरठ्

भुक्नाहा कुक्कुर नै कत्ठाँ

लोह लोहहे काटठ्

कना लिरौसी कर्ना कर्रा रहठ

अह्रैलक् से कर्ना मजा

कैना न खैना धाक भर लगैना

### ४.२.४.२ आलङ्कारिक पदक्रम भएका उखान

कुनै विषयप्रति व्यक्त गरिने भनाइलाई कलात्मक रूपमा व्यक्त गर्नका लागि व्याकरणद्वारा निर्धारित क्रमलाई भङ्ग गरिएको विशिष्ट क्रमलाई आलङ्कारिक पदक्रम भनिन्छ। साहित्यिक अभिव्यक्ति दिने क्रममा भाषिक सौन्दर्य सृष्टि गर्नका लागि यस्तो पदक्रमको प्रयोग गरिन्छ । यस्तो पदक्रममा कुनै पदको निश्चित स्थान देखिँदैन । प्रयोक्ताको इच्छा वा शैली अनुसार पदहरू आएका हुन्छन् । उखानहरू पनि आलङ्कारिक पदक्रममा निर्माण भएको पाइन्छ। जस्तै;

थारू सुग्घर मोछरार, जन्ती सुघ्घर झोंटरार

खेत खाए  गद्हा मारा जाय् जोलाहा

धान खैना मुसुवा चोट पैना मेघ्वा

### ४.२.५ उखान टुङ्ग्याइने क्रियाको अवस्थाको आधारमा

उखानमा प्रयुक्त क्रियाको आधारमा उखानलाई पूर्ण वाक्यात्मक र अपूर्ण वाकयात्मक गरी दुई भागमा विभाजन गर्न सकिन्छ।

### ४.२.५.१ पूर्ण वाक्यात्मक उखान

वाक्यात्मक संरचनामा समापिका क्रियामा टुङ्गिएका उखानलाई पूर्ण वाक्यात्मक उखान भनिन्छ। जस्तै;

साहेम् गुद्रि जिन छोरहो बर्खम् छट्री जिन छोरहो।

भाँरा मुन कमा जाए टिना गुन खा जाए।

चोर ओ छिनार मैलेन से कोई नैसेकठ्।

मिठ् मिठ् अत्ति आ तित्तित् ओत्ति जा ।

आपन आद नै जन्ना आनक आद बखन्ना ।

कङ्गाल से जन्जाल मजा ।

### ४.२.५.२ अपूर्ण वाक्यात्मक उखान

उखानको वाक्यात्मक संरचनामा असमापिक क्रियामा टुङ्गिएका उखानलाई असमापिका उखान भनिन्छ । जस्तै;

गागरमे सागर

लोभसे लाभ लाभ से बिलाभ

गाँठिक चोट लैहरिक बाट

करिया अक्षर भैंस बराबर

मानो ते मान् नामानो ते मेहरमान

लावा नाट पुरान गोत्यार

### ४.२.६ करण र अकरणका आधारमा

उखानलाई वाक्यले प्रदान गर्ने अर्थका आधारमा करण र अकरण गरी वर्गीकरण गरिन्छ ।

### ४.२.६.१ करण क्रिया भएका उखान

उखानको वाक्यात्मक संरचनाले सकारात्मक अर्थ प्रदान गरेमा त्यस्ता उखानलाई करण क्रिया भएका उखान भनिन्छ । जस्तै;

सुमके धन परछित खाए

भुखके आगे गुल्लर पाके

भाइ फुटे गवाँर लुटे

मुर्गीक मोटहस बा

हर देके हरवाही लागे

### ४.२.६.२ अकरण क्रिया भएका उखान

उखानको वाक्यात्मक संरचनाले नकारात्मक अर्थ प्रदान गरेमा त्यस्ता उखानलाई अकरण क्रिया भएका उखान भनिन्छ । जस्तै;

न खेती करी न बदरी चिताई
न करी न खाई
खुदुर बुदुर आग नपारे औगभौग पतोह नपारे
मेट्या सिपार बेन बेट्या नै सिपार
सुवर गुह खाइक् नै छोरठाँ
धेर बिलार मुस नै मर्ठा
सपुवा भर मर जाए लाठी भर ना टुटे
अक्के करे रोटी नै पाकठ
गैल जवानी कबो नै लौटी

### ४.२.७ भावका आधारमा उखान

क्रियाद्वारा वक्ताको मनोभाव वा मनोवृत्ति जनाउने कोटीलाई भाव भनिन्छ अर्थात् वक्ताको अभिप्राय अनुरूप एउटै क्रियाले दिने विभिन्न अर्थलाई नै भाव भनिन्छ । कुनै पनि वाक्यमा बाह्य संरचनाको साथसाथमा आन्तरिक अर्थ वा भाव पनि रहेको हुन्छ । यसरी वाक्यात्मक उखानले आन्तरिक अर्थका रूपमा वक्ताको मनोभावलाई टड्कारो रूपमा व्यक्त गरेका पाइन्छ । भावका आधारमा उखानलाई निम्नानुसार वर्गीकरण गरिएको छ ।

(क) सामान्यार्थक
(ख) विध्यर्थक र
(ग) अनिश्चयार्थक

### ४.२.७.१ सामान्यार्थक उखान

वक्ताको सामान्य मनोभाव बुझाउने उखानलाई सामान्यार्थक उखान वाक्य भनिन्छ । करण, अकरण र तीनवटै कालका सबै पक्षमा यस अन्तर्गतको उखान व्यक्त गर्न सकिन्छ । जस्तै;

मुर्गी अपनेपर फट्फटैठाँ
जहाँ सुई नै अटैना वहाँ फाह्र अटैना
बैठे मिलल् टे कोना पसारे
कना लिरौसी कर्ना कर्रा रहठ्
अन्धा बटैंया दाबे

### ४.२.७.२ विध्यर्थक उखान

मूलतः आज्ञा र इच्छाको मनोभाव बुझाउनेलाई विध्यर्थक भनिन्छ । बुढापाकाहरूले युगौंदेखि लोकमा व्यक्त गर्दै आएका अनुभव र प्राप्त ज्ञानको भण्डारलाई आउने पिंढी वा सन्तानका निम्ति आदेश, इच्छा वा उपदेशका रूपमा व्यक्त गरेका हुन्छन् । ती उक्ति नै विध्यर्थक भाव व्यक्त गर्ने उखान हुन् । जस्तै;

भुँखाइल् हे खाइक् देहो, नङ्गाहे लगाइक् देहो
ठचक्क बैठहो जिन, पचक्क कहहो जिन
काम असरल दुःख विसरल अर्हे गुरुवा ओत्ति जा
आनक पाउँ ते चारमाना खाउँ, आपन दिउँ ते मै मरी जाउँ
खैबे ते खा नै ते घिंच्
एक दिनक् पहुना मिठ् मिठ् खा., दुई दिनक् पहुना टिट्मिठ् खा, तिन दिनक् पहुना चहाँ जहाँ जा ।

### ४.२.७.३ अनिश्चयार्थक उखान

वक्ताको अभिप्राय अनुसार कुनै वाक्यको क्रियाले काम हुने वा नहुने अनिश्चयको भाव बुझाएमा त्यस्तो भावलाई अनिश्चयार्थक भनिन्छ । यस्तो भाव बुझाउने उखानले काम हुने वा नहुने निश्चित रूपमा किटान नगरी केवल सम्भावना वा सङ्केत मात्र बुझाउँदछ । सम्भावनार्थक र सङ्केतार्थक दुवै अनिश्चयार्थक भावअन्तर्गक पर्दछन् । सम्भावनार्थकले काम हुने नहुने सम्भावना मात्र जनाउँछ र सङ्केतार्थक उखानले कार्य र कारणको सम्बन्ध जनाउँछ। जस्तै;

बाल उखर्ले से कहुँ मुर्दा हलुक हुई ?

दाइक् दुध पिके नै हुइल् बाबाक् अङ्ग्री चुसके हुइँ ?

भुक्नाहा कुक्कुर नै कत्ठाँ

मठरा जौबे ते अठरा हिलैको

बैठे मिलल् ते कोना पसारे

बिना पदक्ले नै गन्धाइठ्

### ४.२.८ विषय वस्तुका आधारमा वर्गीकरण

लोक जीवनले बोकेका ऐतिहासिक, धार्मिक, राजनैतिक, आर्थिक, कृषि व्यवसाय, पारिवारिक चालचलन, नीति चेतना, सामाजिक अवस्था आदि जस्ता कथ्य सन्दर्भ नै उखानका विषय वस्तु हुन् ।उखान कुनै न कुनै विषय वस्तुसँग सम्बन्धित रहेका हुन्छन् । यस्ता विषयहरू सूत्रात्मक रूपमा आई विस्तृत कथनलाई व्यक्त गर्दछन् । उखानले ल्याउने यहीँ विषयका आधारमा उखानको वर्गीकरण निम्नानुसार गर्न सकिन्छ ।

### ४.२.८.१ पौराणिक विषय सम्बन्धी उखान

पुराणमा वर्णित कथाको सार बोकेको उखानलाई पौराणिक विषय वस्तु भएका उखान भनिन्छ । यसका साथै पौराणिक पात्रसित सम्बन्धित उखान यस अन्तर्गत पर्दछन् । जस्तै;

इन्द्रक् आगे स्वर्गक् बयान

अगस्तिक पेट कबु नै भर्ठिन्

### ४.२.८.२ भाग्यवादी चिन्तन भएका उखान

ईश्वर भक्ति र भाग्यका आडमा समाजलाई डोऱ्याउन खोज्ने उखान र भाग्यवादी चिन्तनलाई विषय बनाएका उखानलाई यस अन्तर्गत राख्न सकिनछ । यस्ता उखानमा राजा, दरबार, मुखिया आदि सन्दर्भसँग चाकडी, स्तुति, भाग्य, पूजा, दास, मनोवृत्ति पनि निहित हुन्छ । जस्तै;

जहाँ चण्डाल वहाँ कङ्गाल

देउतक नाउ आपन गाउँ

हिङ भर उर गैल डब्बा भर पर्ली बा

गुरुवक् बैठे लग्गे नातक बैठे दूर

### ४.२.८.३ परिवार सम्बन्धी उखान

उखानभित्र पारिवारिक अवस्था, चालचलन सम्बन्धी स्तर भएका उखानलाई परिवार सम्बन्धी उखान भनिन्छ । जस्तै;

कबु ससुईयक् पाला कबु पतुहियक पाला

सासके गोर फाटे पतुहिया लगाए काजल

मामाक धन फुइक सराद ।

बाबासे पुत ज्ञानी जालेसे बझाऊ पानी

छुटी परयार सुखके घरबार

आपन छाई हे कोइफेन काना नै देखाइठ्

जस् बाप तस् पुत् जस् मा तस् ढिया

बुध बेटी सुक खेती

ससुइया कुटे पतुहिया सुते

### ४.२.८.४ नातागोता सम्बन्धी उखान

नातागोता, कुटुम्ब र इष्टमित्र मानिसका लागि महत्त्वपूर्ण मानिन्छन् । मानिस यिनै सम्बन्धमा जेलिएको हुन्छ । यस्ता विषयसँग सम्बन्धित उखानलाई नातागोता सम्बन्धी उखान भनिन्छ । जस्तै;

दादु न भैया सबसे भारी रूपैयाँ

मोर मौसी फेन अन्डा पारी

कि खाए सस्रार कि खाए बहिन घर

दुनु बर्धा बाउँ बाउँ बिल्लैलो साह्रु यिहे गाउँ

फारा भरिम आरू मजा स्वरी भरिम सार्हु मजा

दूरक् दमद्वक् मान सम्मान, थोरचे लग्गक आधा, गाउँके दमदवा

गदहा समान करालेउ सब काम

### ४.२.८.५ जाति सम्बन्धी उखान

समाज विभिन्न जातिहरूको सङ्गम स्थल हो । समाजमा रहेका विभिन्न जातिहरूको प्रकृति, मूल्य, मान्यता, संस्कृति, चालचलन आदिका बारेमा सामान्य सूचना दिने उखानलाई जाति सम्बन्धी उखान भनिन्छ । जस्तै;

जहाँ केरा वहाँ बाहुनके डेरा

बभना हो के हर जोते ते बाउँ राखे ?

धोबिया सेके नाही गदहक कान उखारे

इलमिहा जोगी नै हुइत्

लावा जोगी धेर भुवा घस्ठाँ

सोनबिना सोलारके का काम ?

सोन रहि ते तमाम सोलार

जत्रा जोगी ऐलेसे फेन काने चिरल

जहाँ पिपरा वहाँ बयाल जहाँ बाजी वहाँ रयाल

### ४.२.८.६ प्रकृति सम्बन्धी उखान

मौसम अनुसार प्रकृतिमा देखिने हरेक परिवर्तन तथा विविध प्राकृतिक सम्पदाहरूको महत्त्वको बारेमा सामान्य जानकारीका साथै निर्माण भएका उखानहरू प्रकृति सम्बन्धी उखान हुन् । यस्ता उखानहरूले प्रकृतिको गतिविधि सम्बन्धी जानकारी प्रदान गर्दछन् । जस्तै;

तेह्र कार्तिक तिन असार

जहाँ पिपरा वहाँ बयाल जहाँ बाजी वहाँ रयाल

पुसके केरा साहु हे - चैत के केरा बाबा हे

हाठेम आम ते रुखवा चौह्रना कौन काम ?

बरा रुखनुक तरे सित्तरहठ्

आँधिक् आइना बेला रुखवक् ढर्कना बेला

### ४.२.८.७ समाज सम्बन्धी उखान

उखानको जन्म र प्रयोग समाजमा समाजकै विषय वस्तुलाई लिएर भएको हुन्छ । समाजमा मानवद्वारा गरिने विभिन्न क्रियाकलापहरू, मूल्य मान्यता र परम्परागत चाललनको प्रभाव उखानमा परेको पाइन्छ । सामाजिक विषय वस्तु समेटी निर्माण भएका उखानहरू नै समाज सम्बन्धी उखानहरू हुन् । समाजको विषय वस्तुलाई समेटेर समाजको चित्रण गर्ने खालका उखानहरू यहाँ प्रशस्त पाइन्छन् । जस्तै;

गोरा बल्गार ते सब वल्गार

मंगता नाचे हजार ताल

घरके बाघ बाहर के बिलार
गोंहुक सँगे घुन पिसे
भाइ फुटे गवाँर लुटे
मेहनतके फल नै टरठ्
दुःख कर्बो ते सुख मिलठ्
पानी पिए जुर सस्रार बनाए दूर
हडबडहा भोज कन्पटमे सिन्दूर

### ४.२.८.८ कृषि व्यवसाय सम्बन्धी उखान

नेपाल कृषि प्रधान देश हो । कृषि व्यवसायसँग सम्बन्ध राख्ने, दुःख, सुख, परिश्रम, मौसम, बेमौसम, मेहनतको फल, हलो, जुवा, कुटो, कोदालो, मौसम अनुसारका बाली आदि जस्ता विषयलाई लिई निर्मित उखानहरू कृषि व्यवसायसँग सम्बन्धित उखानहरू हुन् । यस्ता उखानहरू कृषि कार्य गर्दा गर्नुपर्ने अथक प्रयास र कठोर परिश्रमका भावमा व्यक्त गरिन्छन् । देउखुरीमा प्रयोग हुने त्यस्ता कृषि व्ययवसाय सम्बन्धी उखानहरूमध्ये केही उखानहरू यस प्रकार छन् । जस्तै;

भाँरा गुन कमा जाए टिना गुन खा जाए
न खेती करी न बदरी चिटाई
डोन्डर बिगारे खेत्वा चुगुल बिगारे गाउँ
बुध बेटी सुक खेती
हडबड खेती धिमे व्यापार

### ४.२.८.९ पशुपक्षी सम्बन्धी उखान

पशुपक्षीका विभिन्न क्रियाकलाप तथा स्वभाव व्यक्त गरिएका उखानहरू पशुपक्षी सम्बन्धी उखानहरू हुन् । पशुपक्षीका गुण, अवगुण तथा राम्रा नराम्रा पक्षलाई देखाउने गरी यस्तो खाले उखानको निर्माण भएको पाइन्छ ।प्रायः गरेर मानिसका कुप्रवृत्ति माथि व्यङ्ग्य भाव हान्न पशुपक्षीका बानी व्यहोरालाई आधार मानिएको

पाइन्छ । गाई, कुकुर, घोडा, हात्ती, बिरालो, परेवा, सुगा कुखुरा आदि पशुपक्षीका बानी व्यवहार तथा स्वभाव आदि विषयलाई लिएर निर्माण भएका उखानहरू देउखुरीमा पनि प्रचलित रहेका छन् । जस्तै;

भैसके आगे बेन बजाए, भैंस लागे पगुराई
साउनमे आँख फुटल् गोरु एकदम काइल देख्ठाँ
न बनुवा जाई न बघ्वा खाई
जेकर बन्द्रा उहे नचाई
अघाइल् बकुलियक टिट सेधुरिया
जेकर भैंस ओकर लाठी
चिरैयक् जिउ जाए लर्कन के खेलवार
चलाए गुन गोरु सिपार अह्राए गुन मनै सिपार
कौवासे कोइलिरिया सिपार

### ४.२.८.१० लैङ्गिक स्वर भएका उखान

पुरुष र स्त्री समाजका अभिन्न अङ्ग हुन् । यिनीहरू एक रथका दुई पाङ्ग्रा हुन् । समाजमा पुरुष र स्त्रीका बिचमा देखिने भेदभावलाई लैङ्गिक आधारमा वर्गीकरण गर्न सकिन्छ । पुरुष प्रधान समाजमा नारीलाई लैङ्गिक रूपमा पर्गेल्ने संस्कार वा चलन नै लैङ्गिक आवाज हो । लैङ्गिक आवाजलाई प्रतिबिम्बित गर्ने उखान निम्नानुसार छन् । जस्तै;

छाईक् जात पराइक् हात
थारू सुघ्घर मोछरार जन्नी सुघ्घर झोटरार
पानीक् खाइल् खेत्ता ससुइयक खाइल् पतुहिया
हुपहारा छावा ओ रूपहारा पतुहिया

### ४.२.८.११ ज्ञान विज्ञान सम्बन्धी उखान

मानिस चेतनशील प्राणी हुनाले नै नयाँ नयाँ खोज अनुसन्धानमा तल्लिन भएका हुन्छन् । अहिलेको वैज्ञानिक उन्नति ढुङ्गे युगदेखि मानिसले सँगाल्दै आएको ज्ञानराशी, चिन्तन, मनन र विचारको परिणाम हो । नयाँ विचार, नयाँ सोँच तथा नयाँ अनुभवबाट प्राप्त ज्ञान सम्बन्धी विषय वस्तु व्यक्त गरिएका ज्ञान, दर्शन, ज्योतिष, गणित, इतिहास, जीवन दर्शन आदिसँग सम्बन्धित उखानहरू ज्ञान विज्ञान सम्बन्धी उखान अन्तर्गत पर्दछन् । जस्तै;

कि परके जान्जाइठ् कि पढ्के जान्जाइठ्
आधा गग्री छल्कठ्

### ४.२.८.१२ नीति चेतनामूलक उखान

नैतिक ज्ञान र शिक्षाको माध्यमबाट समाजलाई केही सन्देश दिने सन्देशमूलक उखानहरू नीति चेतना सम्बन्धी उखानहरू हुन् । समाजलाई असत्यबाट सत्य अज्ञानताबाट ज्ञान र कुमार्गबाट सुमार्गमा लैजाने सन्देश नीति चेतना सम्बन्धी उखानमा रहेको हुन्छ । नैतिक शिक्षा मूलक उक्तिहरूले समाजलाई सचेत बनाई मानवको चारित्रिक स्वभावमा सुधार ल्याई सही मार्गमा डोऱ्याउने काम गर्दछन् । यस्ता नैतिक ज्ञान छर्ने उपदेशात्मक कथन भएका उखानहरू देउखुरीमा प्रचलित छन् । जस्तै;

अर्ति करहो अत्याचार नाकरहो
कि अपन्हे जन्हो कि औरेक् कहल मन्हो
पानी पिहो मूलके सस्रार वनैहो कुलके
पानी पिहो जुर सस्रार बनैहो दूर

### ४.२.८.१३ सासू बुहारी सम्बन्धी उखान

प्रायः गरेर अशिक्षित ग्रामीण समाजका महिलाहरू निरक्षरताको कारण सासू बुहारीले एक अर्का प्रति देखाउनु पर्ने आदर सत्कार जन्य कर्तव्य वा भूमिकामा अनभिज्ञ हुन्छन् । सासूले बुहारीप्रति र बुहारीले सासूप्रति रिस राग व्यक्त गरी सिर्जना भएका उखानहरू सासू बुहारी सम्बन्धी उखान हुन् । प्रायः सासूले बुहारीलाई काम काजमा बढी दलाउन खोज्ने र बुहारीले सासूप्रति रिस, डाह र इर्ष्या गर्ने गरेको पाइन्छ । सासूले बुहारीलाई र बुहारीले सासूलाई घोचपेच मानसम्मान गर्ने गरी निर्माण भएका उखानहरू देउखुरीमा पनि प्रचलित छन् । जस्तै;

कबु ससुइयक् पाला कबु पतुहियक् पाला
ससुइया कुटे पतुहिया सुते
ससुइया बहर्ना पतुहिया हाठ हेर्ना

### ४.२.८.१४ लोक विश्वास सम्बन्धी उखान

लोक मानसका विविध अवस्था र मनका अशान्तिलाई शान्त पार्ने विश्वासलाई विषय बनाई निर्माण भएका उखानहरू लोक विश्वास सम्बन्धी उखान हुन् । लोकमा सर्वमान्य रहेका धारणा तथा विश्वास सदियौँदेखि सबैका साझा सम्पत्तिका रूपमा रहेका छन् । समाजको ईश्वरप्रतिको आस्था, रूढीगत विश्वास, अलौकिक शक्तिप्रतिको अन्धविश्वासपूर्ण धारणा लोकले मान्दै आएको छ । उखानमा मानव जीवनका बानी व्यहोरा, धैर्य, साहस, कर्तव्य प्रेरणा, हौसला आदिको महत्त्वलाई पनि झल्काइएको हुन्छ । देउखुरीमा प्रचलनमा रहेका लोक विश्वास सम्बन्धी उखानहरू यस प्रकार छन् ।

भगवान् सोझ हो गैलाँ
बैगुनी हे गुनले मारे परठ्
आपभला ते जग भला

### ४.२.८.१५ अश्लीलता सम्बन्धी उखान

समाजमा प्रचलित कुनै उखानहरू भन्दा र सुन्दा अप्ठ्यारो लाग्ने र लोकमा अपाच्य हुने खालका तुच्छ शब्दहरू प्रयोग गरी बनेका हुन्छन् । यसरी निर्मित उखान नै अश्लील उखान हुन् । यस्ता उखानहरूले तिखो व्यङ्ग्य गर्दै मानवीय कुप्रवृत्तिको भण्डाफोर पनि गर्ने गर्छन् । देउखुरीमा प्रचलनमा रहेका केही अश्लील उखानहरू यस प्रकार छन् ।

हेगुइयासे देखुइयक लाज

हगाईसे पदाई भारी

गाँरिक पाछे सोंगर

खौरहिया गाँरिम मखमल के भेग्वा

बिना पद्ले नै गन्धाइठ

मनपरल मनैन के बाटो मिठ पादो मिठ

### ४.२.८.१६ विविध विषय सम्बन्धी उखान

माथि उल्लेख गरिए बाहेक, आलोचना, रङ्गभेद, समाज, मनोविज्ञान, हास्यव्यङ्ग्य, आर्थिक पक्ष, राजनैतिक पक्ष, स्थान, न्यायव्यवस्था तथा जीवनका दुःख सुखका सुक्ष्म विषयलाई समेटेर बनेका उखानहरू विविध विषय सम्बन्धी उखानहरू हुन् । जस्तै;

आपन आँखिक किर्किट कोई नै काँह्ले सेकठ्

आन कबो ते भर्कन सुनठ्

पाँचु अङ्गरी बराबर नै रहठ्

माखुर खउइया फुहर हुँक्का पिउइया आँधर

हाँसके बोले नारी सब काम बिगारी

दियाक तरे अन्धार

# पाँचौं परिच्छेद

# देउखुरीमा प्रचलित थारु उखानको विश्लेषण

## ५.१ परिचय

दाङ जिल्लाको देउखुरीमा प्रचलित थारु उखानहरू मध्ये ४६१ वटा उखानहरू अध्ययनका क्रममा सङ्कलन गरिएका छन् । तिनमा विभिन्न विशेषता अन्तर्निहित छन् । तिनको विश्लेषणबाट ती विशेषता प्रष्टिन्छन् ।

## ५.२ विश्लेषण

उखानहरूको विश्लेषण विभिन्न आधारमा गर्न सकिने कुरा तेस्रो परिच्छेदमा विस्तृत रूपमा विवेचना गरिएको छ । त्यही सैद्धान्तिक आधारलाई दृष्टिगत गरी दाङ जिल्लाको देउखुरीमा प्रचलित उखानहरूलाई मौलिकता, भाषा, विषय वस्तु र संरचनागत विशेषतामा केन्द्रित भई निम्न अनुसार विश्लेषण गरिएको छ ।

### ५.२.१ मौलिकताको आधारमा विश्लेषण

प्रस्तुत सङ्कलित देउखुरीका थारू उखानहरूलाई केलाएर हेर्दा के थाहा हुन्छ भने देउखुरीका थारू उखानहरूको भण्डारभित्र मौलिक उखानहरू प्रशस्त मात्रामा पाइन्छन् । जस्तो 'कोह्वया करीते करी नै ते घामे ते मुई (कोह्वीले गरे गर्ला नगरे घाममा त बस्ला)' उखानले थारू समाजको चित्र उतारेको पाइन्छ । देउखुरीका रैथाने मानिने थारू जातिको सामाजिक संस्कार र विशेषतालाई यस उखानले झल्काएको पाइन्छ । प्रायः थारू समाजहरू शिक्षाको ज्योतिबाट वञ्चित रहेका छन् । अशिक्षाको कारणले त्यस समाजमा बहु विवाह गर्ने गरेको पाइन्छ । एउटै पुरुषले धेरै श्रीमतीहरू विवाह गर्ने कारणले धेरै बच्चाहरू जन्मउने गरेको पाइन्छ । यहाँसम्मकी एउटै पुरुषले चारवटा सम्म विवाह गरेको उदाहरण आज पनि यस समाजमा भेट्न सकिन्छ । एउटै लोग्नेका धेरै श्रीमतीहरू एकै ठाउँमा मिलेर बस्न सक्ने अवस्थै हुँदैन । यस्तो अवस्थामा एउटा सौताले अर्को सौतालाई नरामो दृष्टिले हेर्दाहेर्दा बाल बच्चाहरूलाई पनि राम्रो

गर्न नसक्ने प्रवृत्ति विकास हुने गर्छ । एउटी आमाको लागि स्वभावैले अरूको भन्दा आफ्ना सन्तान मायालु हुन्छन्, प्यारो लाग्छन् । सौतेनी आमाले बाहिरी रूपमा सौताका बच्चासँग राम्रो गरे जस्तो गर्छन् तर पछि सौतेनी व्यवहार देखाएरै छाड्छन् । आफ्ना छोराछोरीलाई धेरै माया गर्ने र राम्रो मान्ने गर्छन् भने आफ्नी सौताका बच्चालाई नराम्रो नजरले हेर्ने हुनाले तिनीहरूलाई दुःख दिने उद्देश्यले घरमा बस्न नदिने भत्भती पोल्ने टन्टलापुर घाममा पनि काम गर्न पठाउने गर्छन् । सौताका पोथ्रा काम गरे गर्लान् नगरे घाममा त बस्लान् भन्ने सौतेनी आमाको कपटपूर्ण व्यवहारलाई यस उखानले चरितार्थ पार्ने भएकोले यस उखानको विषय वस्तु र भावको आधारमा मौलिक थारू उखान हो भन्न सकिन्छ । यसमा थारू भाषाका भुर्रा शब्दहरू पनि प्रयोग भएका छन् ।

खोंटियक टिना मिठ् लागठ चिब्लिक बात टिट लागठ (छुट्टै थोरै पकाएको तरकारी मिठो हुन्छ चुगुलको कुरा तितो हुन्छ ।) यो उखान थारू भाषाको मौलिक उखान हो । यसले थारू समाजको विशेषता दर्साउने गर्छ । थारू जाति कृषि पेशामा निर्भर रहने जाति हुन् । यिनीहरू लेखापढी काम गर्नुभन्दा खेतबारीमा काम गर्नुपर्छ अनि अन्नपानीले घर भरिभराउ हुन्छ भन्ने सोचको कारण कृषि पेशामै सम्लग्न रहेका छन् । कृषि व्यवसाय कठिन व्यवसाय हो । त्यसैले यसका लागि धेरै जनशक्तिको आवश्यकता पर्दछ । त्यसैले खेतीपाती गर्न सजिलो होस् भनेर यिनीहरू सगोलमै बसेका हुन्छन् । सगोलमै बसे कामको बाँडफाँड हुन्छ । कसले खेत जोत्ने, कसले खाना बनाउने, कसले घाँस दाउरा ल्याउने, कसले बस्तुभाउ हेर्ने भन्ने समस्या हुँदैन । यिनीहरूले घरमा बुढा सदस्य छन् भने पनि तिनीहरूलाई बच्चा हेर्ने, बिस्कुन हेर्ने जिम्मेवारी दिएका हुन्छन । त्यसकारण यिनीहरू एकल परिवार भएर कमै मात्र बस्ने पर्छन् । परिवार ठुलो भए समस्याहरू पनि धेरै हुन्छन् । जस्तै सफा सुग्घर लगाउन, मिठो मसिनो खान, आफ्नो इच्छा अनुसार चल्न, डुल्न, पढ्न, लेख्न नपाइने लगायतका विभिन्न समस्याहरू हुने गर्दछन् । ठुलो परिवारमा धेरै जनाको लागि पकाउँदा तरकारी, दाल स्वादिलो हुँदैन । कहिलेकाहीँ मिठो खान मन लागेमा खोंटिया (छुट्टै थोरै, मिठोसँग पकाएर खाने तरकारी) पकाएर खाने गर्दछन् । त्यस्तै ठुलो परिवारमा रहँदा बस्दा 'सँगै

सुतें गोडा लाग्छ भने झैं कलह, झैं झगडा, भनाभन, तेरोमेरो, खिचातानी हुने सम्भावना बढी हुन्छ । सबैको बानी एकै किसिमको हुँदैन । कोइ इर्ष्या, रिस डाह गर्ने स्वभावको हुन्छ भने कोई कुरा लाइदिने र कपटी स्वभावका हुन्छन् । मुखमा राम राम बगलीमा छुरा जसतो व्यवहार गर्ने बानी यस जातिलाई मन पर्दैन । त्यसैले 'खोंटियक टिना मिठ लागठ चिग्लिक बात ठिट लागठ' भनेर व्यङ्ग्य गर्दछन् । थारूहरू मिलनसार हुन्छन् झगडालु हुँदैनन । उनीहरूलाई दैचिउरे बानी मन पर्दैन । उनीहरू अनावश्यक रूपमा कसैसँग बाँझिन चाहँदैनन् भन्ने थारू जातिको स्वभाव यस उखानले बताउने भएकोले मौलिक थारू उखान हो भन्न सकिन्छ ।

'लैहरिक बात गाँठिक चोट' (माइतीको कुरो कुइनाको चोट) छोरी चेलीको लागि माइती कति प्यारो हुन्छ ? भन्न कुरा त 'माइती देशको कुकुर प्यारो' उखानले पनि छर्लङ्ग पार्ने गर्दछ । एउटा निश्चित ठाउँमा जन्मी हुर्की सुन्दर वाल्यकाल मिठो माया पाएर आफ्ना मातापिताका साथ बिताएको त्यो पल र थलो कसैले पनि सित्तिमित्ति भुल्न सक्दैनन् । मानिसलाई सब भन्दा प्यारो लाग्ने भनेकै जन्म दिने आमा, बुबा र बाल्यकाल हो भनी अनुभवीहरू भन्दछन् । जन्मेपछि आफ्नो जन्मघर छोडेर रूँदै रूँदै पराइको घरमा जानुपर्ने छोरीको जातलाई आफ्नो श्रीमनको घर अर्थात् कर्मघर जे जस्तो भए पनि उनीहरूले आफ्नो माइतीघरलाई जीवनको उत्तरार्द्धकालसम्म पनि बिर्सन सक्दैनन्, सधैं माया गरिरहन्छन् । आफूले धेरै माया गर्ने माइतीबाट पनि उनीहरूले धेरै मायाको अपेक्षा गरेका हुन्छन् तर कहिलेकाहीँ आफूले चोहको भन्दा विपरित हुन गयो अर्थात् माइतीले माया दिनुको साटो कुरा लगाए भने उनीहरूको मनमा धेरै चोट पर्छ र पिडाको महशुस हुन्छ । जस्तै अन्यत्र चोटलाग्दा जति दर्द हुन्छ त्यो भन्दा बढी घुँडामा र कुइनामा चोट लाग्दा दुख्छ । त्यस्तै अरूले गाली गरेको, कुरा लगाएको बखत मनमा जति चोट लाग्छ त्यो भन्दा बढी माइतीले कुरा लगाएको खण्डमा चोट लागेको महसुस थारू समुदायका चेलीहरूले पनि गर्दछन् । थारू चेलीहरूको यहीं मर्मको उद्घाटन यो उखानले गर्ने भएकोले यसमा थारू जातिको मौलिकपन पाइन्छ भन्न सकिन्छ ।

'आघक टिकल गुहे गार' (आफूले भनेको जस्तो नहुनु) यो थारू भाषाको मौलिक उखान हो । यो उखान नेपाली भाषाको उखान 'मनको लड्डु घ्यूसँग खानु' सँग मिल्दो जुल्दो छ । समाजमा विभिन्न विशेषता भएका मानिसहरूको बसोबास रहेको हुन्छ । कोही ज्यादै महत्त्वाकांक्षी स्वभावका हुन्छन् भने कोही ठुला ठुला सपनाहरू देख्ने, मनमै सपनाको महल खडा गर्ने र मैले यस्तो गर्नेछु, उस्तो गर्नेछु भनेर धाक धक्कु लगाउँदै हिँड्ने स्वभावका हुन्छन् । त्यस्ता बक्बके व्यक्तिलाई व्यङ्ग्य गर्दै यस उखानले छेंड हान्ने गरेको पाइन्छ । विशेषतः यही कुरा लक्ष्यार्थमा यस उखानले प्रस्तुत गर्दछ भने अभिधार्थमा समाजको कुनै सदस्यले कुनै काम गर्ने इरादा बनायो तर परिस्थिति प्रतिकूल भइदिँदा सो काम सम्पन्न गर्न सकेन भन्ने आषय यस उखानले बुझाउँछ । समाजको यस्तो सत्यता उद्धृत गर्ने यो उखान थारू भाषाको मौलक उखान हो भन्न सकिन्छ ।

'दुनुबर्धा बाउँ बाउँ बिल्लैलो साह्रु यिहे गाउँ' (दुई वटै गोरु बाँया बाँया रित्तियौ साह्रु यही गाउँमा) यो अर्को मौलिक थारू उखान हो । थारूहरू जनजाति अन्तर्गत पर्दछन् । जनजातिहरू मतवाली प्रकृतिका हुन्छन् । थारू पनि मतवाली जाति हुन् । यिनीहरू आफ्नो भविष्य र आफ्नो कामकाज प्रति त्यति सचेत भएको पाइँदैन । यिनीहरू रक्सी खाएपछि अरू थोकप्रति वास्ता गर्दैनन् । यसको अतिरिक्त यिनीहरू हँस्यौला, ठट्यौला पनि हुन्छन् । कामकाज गर्दा थकानको महशुस नहोस् र काम गर्दा दिक्क नलागोस् भनेर यिनीहरू हाँस्दै, ठट्टा गर्दै, रमाउँदै आनन्दसँग पौरख गर्ने गर्दछन् । थारु जातिमा रहेको यहीं किसिमको विशेषता यस उखानले सङ्केत गर्दछ । दुइटै गोरु बायाँ तिरका मात्रै भए भने काम गर्न अप्ठेरो हुन्छ । कामकाज गरिएन भने आम्दानी पनि हुँदैन । आम्दानी भएन भने घरको आर्थिक स्थिति ओरालो लाग्ला भनेर सचेत गराउने सन्देश पनि यस उखानले दिन्छ । यस उखानले एकातिर थारू जातिको आफ्नो साह्रुसँग ठट्टा गर्ने विशेषता बुझाउँछ भने अर्कोतिर हास्यको साथसाथै व्यङ्ग्य गर्दै सुधारको सन्देश पनि दिन्छ । यस प्रकारको उखानलाई मौलिक थारू उखान हो भन्न सकिन्छ ।

'आमिल दही बसाइल केरा जौन घर बाठिन तौन घर डेरा' (अमिलो दही बासी केरा जुन घरमा तन्नेरी युवती त्यही घरमा डेरा) यो पनि मौलिकताले युक्त उखान हो । थारू जाति प्रकृतिका पूजारी हुन् । यिनीहरू प्रकृतिको सानिध्यमा रमाउँछन्, बस्छन् र खान्छन् । यस जातिको घरमै प्रायः आवश्यक पशु र पक्षीहरू हुन्छन् । यिनीहरूले घरमा दूध र दहीको पनि कहिल्यै कमी गर्दैनन् । उनीहरूले दूध, दही र घ्यूको लागि गाई, भैंसी पालेका हुन्छन् भने मासुका लागि भेडा, बाखा, सुँगुर, हाँस, कुखुरा, र परेवा पनि घरमै पालेका हुन्छन् । घरको रक्षाको लागि कुकुर पालेका हुन्छन् । पौरखी जाती भएकोले यिनीहरूले फलफुल र तरकारीको खेती पनि घरमै गरेका हुन्छन् । यिनीहरू आँप, नासपाती, कागती, मौसम, कटहर, अम्बा, केरा, अमिलो, आरू जस्ता फलफुलहरू प्रशस्त मात्रामा घरमै फलाउँछन् । प्रशस्त मात्रामा दही, दूध, घ्यु र फलफुल खाने भएकाले यिनीहरूलाई अलिकति पनि बिग्रेको चिज मन पर्दैन । यिनीहरू अमिलो दहकी बासी केरा त झन् पटक्कै रूचाउँदैनन् । यसको साथै थारू समाज अलि खुला किसिमको हुन्छ । यस समाजमा बाबुआमाले आफ्ना छोराछोरीहरूलाई धेरै कडा अनुशासनमा राख्दैनन् । आफ्ना सन्तानको इच्छा अनुसार उनीहरूलाई स्वतन्त्र छोडेका हुन्छन् । अनि छोरी छोरीमा पनि भेद भाव गर्दैनन् । यस जातिमा लैङ्गिक विभेद नहुने भएकै कारणले होला केटा र केटीहरू धेरै नजिकिएका देखिन्छन् । केटाहरूले केटी साथी र केटीहरूले केटा साथी बनाएर सँगसँगै बस्ने, नाच्ने, गाउने, डुल्ने र रमाउने गर्दछन् । प्रायः जुन घरमा बठिनिया (तरूण केटी/युवती) हुन्छन् । त्यही घरमा सबै केटाकेटीहरू जम्मा हुने गर्दछन् । बढिनियाहरू देख्नमा पनि राम्रा हुन्छन् र गफगाफमा पनि सिपालु भएको कारण अरू साथीहरूलाई आकर्षित गरेका हुन्छन्, उनीहरूको मन जितेका हुन्छन् । मानिस सबै सुन्दरताका पारखी हुन्छन र त्यसैले सुन्दर चिजको नजिकमा बस्न रूचाउँछन् । बठिनीयाहरू सुन्दर भएको हुनाले उनीहरूको नजिकमा बस्दा, रमाउँदा खुसी र आनन्दको अनुभूति हुने भएको हुनाले बठीनिया भएकै घरमा सबै बाल सखा र बाल दौंतरीहरू जम्मा हुने हुनाले बठिनिया भएकै घरमा सबै बालसखा र बाल दौंतरीहरू जम्मा हुने हाँसो ठट्टा गर्ने र रमाउने गर्दछन् भन्ने आषय यस उखानले व्यक्त गर्ने भएकोले यस उखानलाई थारू भाषाको मौलिक उखान हो भन्न सकिन्छ ।

'सब सिंगार घेघर विगार' (सबै शृङ्गारले लिप्त तर गलगाँड बिगारू) यो पनि मौलिकताले युक्त उखान हो । यस उखानले अभिधात्मक र लक्षणात्मक दुवै किसिमको अर्थ व्यक्त गर्दछ । यदि मान्छे राम्रो छ, देख्नमा सुन्दर लाग्छ, बानी व्यहोरा पनि राम्रो छ तर एउटै खोट भइदियो भने त्यो मान्छे जति राम्रो देखिनु पर्ने हो त्यति राम्रो देखिँदैन । जस्तो एउटी युवती सबै शृङ्गारका सामग्री प्रयोग गरेर (सोह्र शृङ्गारले) सज धज भएकी छिन तर तिनको गलगाँड छ भने उनको त्यो शृङ्गार पटार व्यर्थको हुन जान्छ । सबैको आँखा उनको शृङ्गारमा नगएर गलगाँडमा जान्छ र उनको सारा सुन्दरता लुप्त भइदिन्छ । उनलाई त्यस कारकले कुरूप देखाइदिन्छ भन्ने अभिधात्मक अर्थ व्यक्त गर्दछ भने मानिस आफू सुन्दर होऊँ भन्ने चाहन्छ भने उसले सर्वप्रथम त्यो कारकलाई हटाउनुपर्छ जसले उसलाई कुरूप र भद्दा बनाएको छ । पहिले आफूमा भएको कमजोरी सुधार गरेपछि मात्र आफूले चाहे जस्तो सुन्दर भइन्छ भन्ने लाक्षणिक अर्थ यसले व्यक्त गर्दछ । अतः यस उखानलाई मौलिक थारू उखान भन्न सकिन्छ ।

'गुरुवक बैठे लग्गे नातन्के बैठे दूर' (गुरुवाको नजिक र नातागोतादेखि टाढा बस्नुपर्छ) यो पनि मौलिक थारू उखान हो । थारू जाति अनपढ अज्ञानी भएको कारणले परम्परागत कुराहरूमा बढी विश्वास गर्दछन् । यिनीहरूको परिवारको कोइ सदस्य बिरामी भयो भने डाक्टर कहाँ नगएर पहिले गुरुवा (थारूहरूको पुरोहित/वैद्य) कहाँ गई चामल हेराएर, झारफुक गराएर ओखतीमुलो गर्ने गर्दछन् । यसो गर्दा बिरामी ठिक नभएपछि मात्रै स्वास्थ्य संस्था वा क्लिनिकमा गई उपचार गराउँछन् । त्यस्तै गरी जुन कुनै समाज नाता सम्बन्धले जेलिएको हुन्छ । आफ्ना नसनातासँग सुमधुर सम्बन्ध रही रहोस् भनेर सबैले चाहने गर्दछन् र यो नाता न धमिलियोस् भन्ने चाहना थारू जातिको पनि रहेको हुन्छ जस कारण आफ्ना नातागोतादेखि टाढै बस्नु उचित ठान्छन् । नजिक बस्यो भने सम्बन्धको दुरी बढ्न सक्छ प्रगाढ नहुन सक्छ भनेर आफ्नो नजिकको नसनाताको नजिकमा बस्नु हुँदैन भन्ने अभिधात्मक अर्थ गुरुवर बैठे लग्गे नातन्के बैठे दूर' उखानले व्यक्त गर्ने गर्दछ । यसरी गुरुवाको नजिक बस्दा फाइदा हुने र नसनातादेखि नजिक बस्दा बेफाइदा हुने सन्देश यस उखानले दिने र

यसै अनुसार थारू जाति चल्ने भएको हुनाले यो थारू मौलिक उखान हो भन्न सकिन्छ ।

'भाँरा गुन कमा जाए टिना गुन खाजाए' (औजार अनुसार कमाइन्छ तरकारी अनुसार खाइन्छ) यस उखानले पनि थारूहरूको मौलिकता दर्साउँछ । भुइँह्यार (भूमिको असली हकदार) भनेर चिनिने थारू जाति कृषि पेशा गर्ने कृषक हुन् । कृषकहरू पौरखी हुन्छन् । बाँझो जमिन खनजोत गरेर हराभरा बनाउँछन् र माटोमा खेती गरेर अन्न फलाउँछन् । एक मुठी बिऊबाट हजारौं लाखौं बिउहरू उत्पादन गर्छन् । यसरी खेतबारीमा परिश्रम गर्दा औजारहरू राम्रो भएन भने काम गर्न अप्ठेरो हुन्छ । सोचे अनुसारले काम गर्न सकिँदैन । काम सफा नभए बाली राम्रो हुँदैन । बाली राम्रो नभए परिश्रम खेर जान्छ र अन्न पनि कम उत्पादन हुन्छ । त्यस्तै गरी निस्तै भात कसैले खान सक्दैन । खाना स्वादिष्ट तरिकाले खानको लागि मिठो र स्वादिलो तरकारी हुनुपर्छ भन्ने मान्यता राख्ने यस जातिका मानिसहरूले किफायतसँग आफ्नो उपयोगी हतियार जनत गरी राख्ने गर्दछन् र खानेपिउनेको समस्या नहोस् भनेर थरीथरीका तरकारी आफ्नै बारीमा फलाएर तरकारीको व्यवस्था गर्छन् । अभाव हुन दिँदैनन् । उनीहरूको यस्तो प्रशंसनीय बानीलाई यस उखानले सङ्केत गरेको छ । यसकारण यो उखान थारू भाषाको मौलिक उखान मानिन्छ ।

'भूँखक आगे गुल्लर पाके' (भोकको अगाडि गुल्लर फुल पाक्नु) यो मौलिकताको दृष्टिले उल्लेख्य उखान हो । नेपाली भाषाको उखान भोक मिठो कि भोजन ? ले भोक लागेको बेला जस्तो सुकै नमिठो खाना पनि मिठो लाग्छ र भोक छैन भने चौरासी ब्यञ्जन पनि नमिठो लाग्छ भन्ने बोध गराउँछ । अर्को नेपाली उखान 'नपाउनेले केरा पायो बोक्रैसित खायो' सँग यो उखान मिल्दो जुल्दो छ । 'भुँखक आगे गुल्लर पाके' उखानले भोक लागेको बेलामा फाल्लिएका नमिठो फलफुल पनि धेरे मिठो लाग्छ । अघि पछि फल्लिने चिज पनि अधिक भोक लागेको बेलामा खाँदा नपुग्ने हुन्छ भन्ने जनाउँछ । कृषि पेशा गर्ने थारू जाति खेतबारीमा परिश्रम गर्दा भोकाएका हुन्छन् ।

यस्तो  बेलामा के पाऊँ के खाऊँ भएको हुन्छ । यस्तो अवस्थामा जंगलमा फल्ने गुल्लर फल (नमिठो फल) खान पाउँदा पनि गद्‌गद्‌ हुन्छन्‌ भन्ने थारु जातिको यसै अनुभवलाई सुत्रात्मक अभिव्यक्ति मार्फत्‌ भुँखक आगे गुल्लर पाके भनी एक अर्कासँग अनुभव साटासाट गरेको कुरा यस उखानले सङ्केत गर्दछ । यो उखान अन्य भाषाका उखानमा प्रचलित भएको पाइँदैन । यसकारण यसलाई थारू भाषाको मौलिक उखान मान्न सकिन्छ ।

'आपन नाचक ढङ्ग नै महटान अङ्गना टेह्र (आफ्नो नाँच्ने ढङ्ग नाई महटावाको आँगन टेंढो) यो पनि थारू मौलिक उखान हो । थारूहरू समूह मै काम गर्ने, समूह मै रमाउने जाति हुन्‌ । यिनीहरू समाजदेखि टाढा एक्लै कुना कन्दरा, पहाड पर्वततिर बस्न मन पराउँदैनन्‌ । यिनीहरू खेतीपाती गर्न सकिने समथर ठाउँमा बस्न रूचाउँछन्‌ । यिनीहरू घरका सबै सदस्यसँगै खेतबारीमा मिलेर कामकाज गर्ने गर्छन्‌ । खेतवारीमा काम गरेर थकित भएपछि थकाइ मार्न गाउँको महटावाको घरमा जम्मा भएर हाँसो ठट्‌टा र नाचगान गर्ने गर्दछन्‌ । थारू समाज सामन्ती प्रथा भएको समाज हो । यिनीहरूले गाउँको अलि हुने खाने र टाँठो बाठोलाई अगुवा (महटावा) चुनेका हुन्छन्‌ । त्यही अगुवाले गाउँको कुलोपैनी, झारा खेताला सम्बन्धी कामहरू गराउने गर्दछन । महटावाको घरमा कुनै सभासमारोहको वा नाचगानको आयोजना गरियो भने त्यस अवसरमा कसैले काम ठिक ढङ्गले गर्न जानेनन्‌ अथवा अरू कुनै बेलामा काम बिराए भने आफ्नो दोषलाई महटावाको आँगन माथि थुपार्ने गर्छन्‌ । यसरी मानिसको आफ्नो बेढङ्गे प्रवृत्तिको दोष अरू माथि थोपार्ने मानिसलाई यस उखानले व्यङ्ग्य गर्दै छेड हान्ने गर्छ । यसरी थारू समाजको प्रथालाई यसले प्रतिविम्बित गर्ने भएकोले यस उखानलाई थारू मौलिक उखान मान्न सकिन्छ ।

'खुदुर बुदुर आग न पारे आँगभौग पतोह न पारे' (खडर बडर आगो न पार्नु, बुहारीलाई हेला हाँसोको पात्र न बनाउनु) यो पनि थारू भाषाको मौलिक उखान हो । थारू समाज परम्परागत किसिमको रहेको छ । यस समाजलाई आधुनिकताले अझै

छोएको छैन । आजको विज्ञान र प्रविधिको युगमा पनि थारू समाजमा खासै परिवर्तन भएको पाइँदैन । यिनीहरू हिटर, ग्यासमा खाना पकाउनुको साटो अझै दाउराले नै खाना बनाउने गर्दछन् । आगोमा खाना पाकिरहेको बेलामा आगोलाई चलाउनु हुँदैन । चलाइदियो भने आगो राम्रोसँग बल्दैन र खना काँचो हुन सक्छ भन्ने यिनीहरूको अनुभव छ । त्यस्तै आफ्नी बुहारीलाई पनि घरमा सम्मानसाथ राख्नु पर्छ । बुहारीलाई मन नपर्ने, राम्रो नलाग्ने र मन दुख्ने व्यवहार कहिल्यै गर्नु हुँदैन । बुहारी भनेको घरकी लक्ष्मी हुन् । त्यसकारण उनलाई हेला हाँसोको पात्र बनाउनु हुँदैन । यदि त्यसो गरिएन भने घरको शोभा बढ्दैन, घर सुन्दर बन्न सक्दैन र घर बिग्रिने सम्भावना पनि हुन्छ भन्ने थारू जातिको धारणा यस अनुभवलाई रहेको छ । यो उखानले चरितार्थ पार्ने भएकोले यस उखानलाई थारू भाषाको मौलिक उखान मान्न सकिन्छ ।

'रिस कर्बो ते खिस खैबो' (रिस गरेपछि आफूलाई घाटा हुन्छ) यो पनि थारू भाषाको मौलिक उखान हो । मानिसमा समय र परिस्थिति बस विभिन्न किमिसका संवेगहरू उत्पन्न हुन्छन् । मानिसलाई कहिले हाँसो लाग्ने, खुसी हुने त कहिले घिन लाग्ने र रिस उठ्ने हुन्छ । थारू जाति सोझा र शान्त स्वभावका हुन्छन् । यिनीहरू सित्तिमित्ति रिसाउँदैनन् र जब रिसाए भने आँखा देख्न छोड्छन् । त्यसैले यिनीहरूमा रिसाउनु हुँदैन । रिसले आफैलाई खान्छ भन्ने धारणा रहेको पाइन्छ । रिस गरेपछि त्यसको दुस्परिणाम आफैले भोग्नुपर्छ भन्ने त्रास यिनीहरमा रहेको पाइन्छ । अतः रिसाउनु हुँदैन भन्ने थारू जातिको सचेततालाई उद्धृत गर्ने भएकाले यसलाई मौलिक थारू उखान भन्न सकिन्छ ।

'पहुनक सँगे घर गोसिया जिए' (पाहुनासँग घरमुली बाँच्छ) यो पनि थारू जातिको मौलिक उखान हो । कुनै सूचना नदिई एक्कासी घरमा आउने व्यक्तिलाई आगन्तुक (पाहुना) भनिन्छ । सबै मानिसका चिन्ने जान्ने इष्टमित्र र नसनाताहरू हुन्छन् । पाहुनाहरू भेटघाट गर्न, मानमनितो राख्न वा कुनै काम विशेषले आउने गर्छन् । थारू जातिले आफ्नो घरमा आएको पाहुनाको देवतासमान सत्कार गर्ने गर्दछन्

पाहुना घरमा आउँदा मिठो मसिनो परिकारको व्यवस्था गरेका हुन्छन् र पाहुनासँगै घरमुलीले पनि पाहुनासमानकै सत्कारका साथै मिष्ठान्न भोजन ग्रहण गर्न पाउँछन् । एउटा नेपाली उखान 'सुत्केरीको नाम पारी टाउको मैले खाएँ' भने जस्तै पाहुनासँगसँगै घरमुलीको रजाई को प्रसंग यस उखानले व्यक्त गर्ने भएकोले यो थारू भाषाको मौलिक उखान हो भन्न सकिन्छ ।

'अगुन मन छगुन' (मन गरौं कि नगरौं दोधारे अवस्था) यो पनि मौलिकताले युक्त थारू उखान हो । मानिसको मनस्थिति सधैं एकै प्रकारको रहँदैन । मानिसलाई कहिले यात्रा गर्न मन लाग्छ त कहिले सङ्साथी, इष्ट मित्रसँग रमाउन मन लाग्छ । मानिसको मन चञ्चल प्रकृतिको हुन्छ । मन कहिल्यै स्थिर रहँदैन । मनले मानिसलाई कहिले यो गर कहिले त्यो गर भनेर तड्पाई रहेको हुन्छ । यस्तो अवस्थामा मानिसको मन दोधारे भैहाल्छ । यो गरूँ कि त्यो गरूँ भन्ने हुन्छ र परिस्थिति बस कुनै कुनै काम आफूलाई मन नपर्दा नपर्दै पनि गर्नु पर्ने अवस्था आयो भने मान्छेले मन नलाई नलाई भए पनि गर्ने गर्छ । ठ्याक्कै मान्छेको यस्तो प्रवृत्तिलाई अगुन मन छगुन भन्ने गरिन्छ । यसरी मानिसको प्रवृत्तिलाई यस उखानले सङ्केत गर्ने भएकोले यसलाई मौलिक थारू उखान हो भन्न सकिन्छ ।

'कहे ते मुहेपर मारे ते शिरे पर' (भने मुखमा पिटे शिरमा) यो मौलिकताको दृष्टिले उल्लेख्य उखान हो । मानिसको व्यवहारले नै मानिस असल र खराब कस्तो हो भनेर छुट्टिन्छ । थारू जाति स्वतन्त्र भएर बस्न रूचाउने र चाकरी चाप्लुसी भने मन नपराउने स्वभावका हुन्छन् । कसैले कसैको चियो चर्चा गरेको, कुरा काटेको र कुरा लगाएको चमेरे बानी यस जातिले पटक्कै मन पराउँदैनन् । त्यसैले केही कुरा भन्नु छ भने मुखमै भन्नु पर्छ कन्नो पछाडि होइन र चोट दिनु छ पिडाको महशुस गराउनु छ भने टाउका मै हान्नुपर्छ भन्ने थारू जातिको स्पष्ट विचार यस उखानले व्यक्त गरेकोले यसलाई मौलिक थारू उखान हो भन्न सकिन्छ ।

'घरेमा भुजी भाङ नै कुक्कुर पादे चिउरा' (घरमा एक सुको छैन कुकुरले चिउरा पचाउँछ) यो मौलिकता युक्त थारू उखान हो । समाजमा विभिन्न वर्गका मानिसहरूको बसोबास भएको पाइन्छ । समाजमा कोही उच्च, कोही मध्यम र कोही निम्न वर्गका मानिसहरू रहेका हुन्छन् । मान्छे पिच्छे बानी व्यहोरा पनि फरक फरक हुन्छ । कसैले जे छ त्यसकै कुरा गर्छ, कसैले भएको कुरा पनि लुकाएर गर्छ र कोही भने अलि रवाफी किसिमका हुन्छन् । नभानभा गफ चुट्नमा सिपालु हुन्छन् । यसरी थारू समुदायले यस्तो नभएको कुराको गफ गर्दै हिँडने गफी व्यक्तिलाई व्यङ्ग्य गर्दै घरेमा भुजी भाङ नै कुक्कुर पादे चिउरा भन्दै छेड हान्ने गरेको पाइन्छ । यसरी घरमा एक सुको पनि नहुने अर्थात् भुटेको भाङ पनि नहुने बाहिर बाहिर भने म यस्तो, म उस्तो, मेरो घरमा यो छ, त्यो छ भनेर नभएको गफ दिने व्यक्तिलाई व्यङ्ग्य गर्दै यस्तो कुरा गर्नु ठिक होइन भन्ने सन्देश यस उखानले दिने गर्छ त्यसैले यो मौलिक थारू उखान हो भन्न सकिन्छ ।

'साहेम गुद्री जिन छोरहो बर्खम छट्री जिन छोरहो' (जाडो मौसम सिरक नछोड्नु वर्षा मासमा छत्री (छाता जस्तै पानी आउँदा ओढ्ने वस्तु) नछोड्नु) यो पनि मौलिकता युक्त उखान हो । थारू जाति सिजन (ऋतु) अनुसार के गर्नु पर्छ के गर्नु पर्दैन भन्ने कुरामा निक्कै नै सचेत रहेको पाइन्छ । जाडो मौसममा वातावरण चिसो हुने भएकोले राती सुत्ने बेला ओढ्ने ओछ्याउनेको व्यवस्था हुनुपर्छ । न्यानो ओढ्ना ओछ्यौनामा भएन भने ठन्डीले गर्दा जाडोले सताउन सक्छ र राम्रोसँग निद नपर्ने हुन्छ । त्यस्तै गरी वर्षा ऋतुमा झरी लाग्ने गर्छ । त्यस्तो बेलामा बाहिर हिँड्नु पऱ्यो भने पानीले नभिजाउने बस्तु छट्री (पात र बाँसको छोयाले बनाइएको पानी परेको बेला ओढ्ने वस्तु) छोड्नु हुँदैन भनेर यस उखानले सचेत गराउने गरेको पाइन्छ । थारू जातिको सचेतता झल्काउने भएकोले यस उखानलाई मौलिक थारू उखान भन्न सकिन्छ ।

'एक जन्निक राजा दुई जन्तिक कुक्कुर' (एउटी श्रीमतीको राजा दुईवटी श्रीमतीको कुक्कुर) यो पनि मौलिकताले युक्त थारू उखान हो । थारू समाजमा यदाकदा पुरुषहरूले बहुविवाह गरेर महिलाहरूलाई दुःख दिने गरेको पाइन्छ । एउटै व्यक्तिका धेरै श्रीमतीहरू एकै ठाउँमा मिलेर बस्न सक्दैनन् । अनि श्रीमानकै कारणले हामीले दुःख पाइरहेका छौ भनेर श्रीमतीहरूले पनि बेवास्ता गर्दिन्छन् । उनीहरूले आफ्नो पतिलाई खानेपिउने समेतको मतलव गर्दैन । जेठी श्रीमतीले कान्छीले त बुढोलाई ख्वाउली भन्ने कान्छीले फेरि बुढाले जेठी कहाँ खाए होलान् भनेर आफू ढुक्कसँग बस्ने गर्छन् । आजभोली त दुवै सौता एकतिर भैहाल्ने र आफ्नो लोग्नेलाई एक्लो बनाउने गरेको पाइन्छ । एउटा नेपाली उखान 'दुई वटा स्वास्नीको पोई कुनामा बसेर राई' जस्तै अवस्था बनाई दिन्छन् । अतः यस उखानले धेरै श्रमिती बिहे गर्नु हुँदैन । सबैले सम्मान गर्नुपर्ने महिला जातिलाई दुःख दिनु हुँदैन । महिला भनेका ममताका खानी हुन् । उनीहरूलाई माया प्रेमका साथ सम्मानित जीवन बाँच्ने अवसर लोग्नेले दिने हो भने महिलाहरूले आफ्नो पतिलाई राजा समान सत्कार गर्ने गर्दछन् र उनीहरूलाई दुःख दिने हो भने आफ्नो पतिसँग कुकुर समानको व्यवहार गर्दछन् भन्ने कुट सत्य यस उखानले व्यक्त गर्दछ । यसरी थोरै कमजोरीबाट पनि जीवनमा ठुलो दुर्घटना निम्तिने गर्दछ भन्ने कुराप्रति सचेत गराउने हुनाले यसलाई मौलिक थारू उखान हो भन्न सकिन्छ ।

पानी पिए जुर सस्रार बनाए दूर (पानी पिउनु चिसो र ससुराली बनाउनु टाढा) यो पनि मौलिकताको दृष्टिले उल्लेख्य उखान हो । थारू समाजका मानिसहरू आफ्ना नसनातासँग सम्बन्ध प्रगाढ बनाउनु छ भने उनीहरूदेखि टाढै रहनु पर्छ भन्ने धारणका हुन्छन् । यिनीहरूले आफ्ना नजिकका छरछिमेकसँग नातासम्बन्ध गाँस्यौ भने खट्पट पर्न सक्छ र झैंझगडा पर्न सक्छ । जसकारण सम्बन्ध नै बिग्रिन सक्ने खतरा पनि हुन्छ । अतः पानी चाहीँ चिसो खानु पर्छ जसले गर्दा हाम्रो सुकेको घाँटी हर्हराउन र शान्तीरस प्रदान गर्दछ । त्यस्तै गरी ससुराली टाढा बनाउनु पर्छ अनि मात्र नातासम्बन्ध प्रगाढ हुँदै जान्छ, मनितो बढ्छ र दाम्पत्य जीवन आनन्दपूर्ण बन्न सक्छ

भन्ने थारू समाजको विचारलाई व्यक्त गर्ने भएकाले यस उखानलाई मौलिक थारू उखान हो भन्न सकिन्छ ।

'बुध बेटी सुक खेती' (बुधबार बेटी शुक्रबार खेती) यो पनि मौलिकताको दृष्टिले महत्त्वपूर्ण उखान हो । थारू समाजमा जुनसुकै माङ्गलिक कार्यको शुभारम्भ गर्ने बेलामा शुभसाइत हेरेर गर्ने प्रचलन पाइन्छ । यिनीहरूले खेतीपातीको सुरूवात गर्नुपर्‍यो भने शुक्रबारको दिन उत्तम मान्दछन् भने छोरीको घरजम सम्बन्धी लिने दिने कुराकानी गर्नुछ भने बुधबार शुभ मान्छन् भन्ने थारू जातिको प्रथालाई यस उखानले व्यक्त गर्ने भएकाले यसलाई मौलिक थारू उखान हो भन्न सकिन्छ ।

'भाइ फुटे गँवार लुटे' (भाई भाई फुटे गाउँलेले लुट्छन्) यो पनि थारू भाषाको मौलिक उखान हो । थारू जातिमा फाटेको आकाश राम्रो हुन्छ, फुटेका कपास राम्रो हुन्छ र भाइभाइ मिलेको राम्रो हुन्छ भन्ने धारणा पाइन्छ । भाइभाइमा बेमेल हुने बित्तिकै घर कमजोर हुन जान्छ र घरै बिग्रिने सम्भावना पनि धेरै हुन्छ । दाजुभाइ फुटेमा आर्थिक दृष्टिले पनि कमजोर हुन्छन् र उनीहरूलाई जागिर, व्यापार, व्यवसाय र खेतीपाती गर्न पनि अप्ठेरो हुन्छ । त्यस्तै गरी गाउँका मानिसहरूले पनि कमजोर ठानी हेप्ने, दुःख दिने गर्दछन् । यसरी यस उखानले थारू समुदायको यथार्थ उतारेकोले यसलाई मौलिक थारू उखान हो भन्न सकिन्छ ।

'बच्चाक महतारी न मरे किसनवक जमिन न हराए' (बच्चाको आमा नमरोस् किसानको जग्गा न हराओस् । यो पनि मौलिकताको दृष्टिले महत्त्वपूर्ण उखान हो । यो संसार भरै भरमा अडिएको छ । माटोको भर ढुंगा र ढुंगाको भर माटो झैं एउटा सानो बच्चा पूर्णतः आफ्नो आमामाथि निर्भर रहेको हुन्छ भने किसान जमिनमा निर्भर रहेको हुन्छ । एउटा बच्चाको आमा नहुने हो भने उसले राम्रा आहार बिहार, सेवा सुसार र सुख सुविधा पाउँदैन र उसको जीवन वाल्यावस्थादेखि नै संघर्षमय बन्न पुग्दछ । त्यस्तै किसानको पनि जमिन रहेन भने उसले पौरख पोख्ने ठाँउ पाउँदैन । उसले अन्नपात उब्जाउन नपाएपछि उसलाई साँझ बिहानको छाक टार्न पनि धौ धौ हुने

गर्दछ र मुखमा माम जाने आधार नै रहँदैन भन्ने वास्तविकतालाई यस उखानले व्यक्त गरेकोले यसलाई मौलिक थारू उखान मान्न सकिन्छ ।

'जहाँ पिपरा वहाँ बयाल जहाँ बाजी वहाँ रयाल' (जहाँ पिपल त्यहाँ बतास जहाँ बाजी त्यहाँ रमाइलो) यो मौलिकताले युक्त उखान हो । नेपाल भर्खर विकासको खुड्किला उक्लन लागेको देश हो । यहाँ ठुला ठुला गोष्ठी, सेमिनार र छलफल गर्ने हलहरू बनिसकेका छैनन् । नेपाली ग्रामीण समाज अझैसँग परम्परागत नै रहेको छ । यहाँ धेरै मानिसहरू जमघट हुन पऱ्यो भने वरपिपलको चौतारोमा भेला हुने र महत्त्वपूर्ण निर्णयहरू गर्ने गर्दछन् । जहाँ पिपलको चौतारी हुन्छ त्यहाँ चिसो हावा चल्छ र जहाँ बाजी (मधेसी-अवधी भाषा बोल्ने) हुन्छन् । त्यहाँ प्रायः चर्को स्वरमा बोल्ने र झैंझगडा गरिरहने भएकोले सैयर (रमाइलो) हुने गर्दछ भन्ने सामाजिक व्यवस्थालाई प्रतिबिम्बित गर्ने भएकोले यस उखानलाई मौलिक थारू उखान भनिन्छ ।

'चलाए गुन गोरु सिपार अह्राए गुन मनै सिपार' (जोते अनुसार गोरु सिपालु अह्राए अनुसार मान्छे सिपालु) यो पनि मौलिकताले युक्त उखान हो । कुनै पनि प्राणी जन्मेदेखि नै सबै काममा दक्ष हुँदैनन । उनीहरू काम गर्दै जाँदा सिपालु हुन्छन् । जस्तै; गोरुलई जति जोतायो त्यति ऊ जोत्नमा सिपालु हुन्छ त्यसैगरी मानिसलाई पनि काम गर्नमा सिपालु बनाउन उनीहरूलाई काम काज अह्राउनु पर्छ, सिकाउनु पर्छ भन्ने सन्देश यस उखानले दिने हुनाले यसलाई मौलिक थारू उखान भन्न सकिन्छ ।

'अघाइल बकुलियक टिट सेधुरिया' (अघाएको बकुल्लालाई सेधरी माछा तितो हुन्छ) यो पनि मौलिकता झल्काउने उखान हो । कुनै पनि चिजको सीमा हुन्छ । सीमाभन्दा पार भयो भने त्यसको महत्त्व घटेर जान्छ । जस्तो भोकको पनि निश्चित सीमा हुन्छ । मान्छे धेरै भोकाएको बेला खानेकुरा पायो भने ज्यादै मिठो मानी मानी खान्छ । जसरी उसको भोक मेटिदै जान्छ । त्यसरी नै उसको सिमान्त उपयोगिता ह्रास हुँदै जान्छ र उसलाई शुरूमा जति मिठो लागेको थियो, पेट भरिँदै जाँदा क्रमशः कम कम मिठो लाग्दै जान्छ । जब मान्छे टन्न अघाउँछ त्यसपछि खान सक्ने सामथर्य

रहँदैन । त्यस पश्चात् चाहे जति मिठो चौरासी व्यञ्जनै भए पनि उसलाई मिठो लाग्दैन । यसरी नै एउटा बकुल्ला अघाएपछि उसलाई माछा पनि तितो लाग्न थाल्छ । यो नियम सबै प्राणीमा लागु हुन्छ भन्ने शाश्वत् पक्षको चित्रण यस उखानले गरेकोले यसलाई मौलिक थारू उखान भन्न सकिन्छ ।

'आपन मनके रज्वा चाहे धोती पेहे चाहे भेग्वा' (आफ्नो मनको राजा चाहे धोती लगाओस् चाहे भेग्वा) आफ्नो मान्छे त्यसै त प्यारो हुन्छन् । त्यसमा पनि सुन्दर पोशाकमा ठाँटिदा त झनै राम्रा लाग्दछन् । आफ्नो मनको राजाले हाँसेको, बोलेको, हिँडेको, कुराकानी गरेको आदि आदि सबै थोक राम्रो लाग्ने गर्दछ । मान्छे राम्रो देखिनलाई राम्रा कपडा मात्रै लगाउनु पर्छ भन्ने हुँदैन । जसप्रति माया छ, प्रेम छ, स्नेह छ र श्रद्धा छ भने त्यस्तो मान्छेले साधारण कपडा लगाए पनि ऊ राम्रो देखिन्छ । उसलाई सोह्र शृङ्गार गर्नु पर्ने आवश्यकतै हुँदैन भन्ने वास्तविक कुरालाई यस उखानले सङ्केत गर्ने भएकोले यसलाई मौलिक थारू उखान भनिन्छ ।

'अक्के करे रोटी नै पाकठ' (एकैतिरबाट मात्रै रोटी पाक्दैन) यो मौलिकताले युक्त थारू उखान हो । यो नेपाली उखान (एक हातले ताली बज्दैन) सँग तात्पर्य मिल्ने उखान हो । कुनै पनि काम एकोहोरो तरिकाले गर्न खोजेमा काम फत्ते गर्न सकिँदैन । त्यसको लागि दोहोरो तरिका अपनाउनै पर्ने हुन्छ भन्ने सत्यतालाई यस उखानले उद्धृत गर्ने भएकोले यसलाई मौलिक थारू उखान भन्न सकिन्छ ।

'अप्ठ्यारमेते कोह्रियक फेन गोर दाबे परठ' (अप्ठ्यारोमा परेको बेला रोगी (कुष्ठरोग लागेको) को पनि सेवा गर्नुपर्छ) यो मौलिकता झल्काउने उखान हो । मानिसको जीवनमा सुखै सुखमात्र रहँदैन र दुःखै दुःख मात्र पनि रहँदैन । मानिसको जीवन रहस्यमय छ । कसबेला कसलाई के हुन्छ थाहा हुँदैन । मानिसको जीवनमा कहिले धेरै समस्याहरू आई पर्छन् त कहिले धेरै खुसीका दिन पनि आउने गर्छन् । त्यसकारण मानिसहरू सुख छ भन्दैमा मात्तिनु हुँदैन र दुःख पऱ्यो भन्दैमा आत्तिनु हुँदैन । सुखमा मान्छे रमाईरमाई समय व्यतित गर्ने भएकोले सुखका दिन बितेको पत्तै

पाउँदैनन् तर दुःखका दिन कष्टकर हुने भएकोले मान्छे दुःखबाट छिटै मुक्ति पाउन चाहन्छ । मान्छेले दर्द सहन सक्छ तर दुःख सहन सक्दैन त्यसकारण दुःख हटाउनलाई जस्तोसकै कार्य गर्न पनि मान्छे पछि पर्दैन र अप्ठ्यारो परेको बेलामा कुष्ठरोगले ग्रसित व्यक्ति जसको छुन पनि मन नलाग्ने जस्तो शरीर भएको हुन्छ । त्यस्तो व्यक्तिको पनि गोडा मल्ने गर्छ । अर्काको सेवा सुश्रुषा र उपकार गरे आफ्नो पनि कल्याण हुन्छ भन्ने सन्देश यस उखानले दिने भएकोले यसलाई मौलिक उखान हो भन्न सकिन्छ ।

'एक दिनक पहुना मिठ् मिठ् खा, दुई दिनक पहुना टिट मिठ खा, तिन दिनक पहुना जसिन तैसिन खा, जहोंर तहोंर जा) (एक दिनको पाहुना मिठो मिठो खा, दुई दिनका पाहुना तितो मिठो खा, तिन दिनको पाहुना जस्तो तस्तो खा जतासुकै जा) यो मौलिकताले भरिएको उखान हो । पूर्व सूचना बिना नै कसैको घरमा एक्कासी जाने व्यक्तिलाई पाहुना भनिन्छ । पाहुनाको मर्यादा गर्नु थारू जातिको संस्कृति हो । यिनीहरू पाहुनाको सत्कार राम्रोसँग गर्ने गर्दछन् । पाहुनाको प्रकृति हेरेर यस जातिका मानिसहरूले पाहुनाको सत्कार गर्दछन् । एक दिन बस्ने पाहुनालाई यिनीहरूले मिठो मिठो ख्वाउँछन् । दुई दिनसम्म बस्ने पाहुनालाई मिठो नमिठो सबै किमिको खानेकुरा ख्वाउँछन् । तिन दिन वा त्यो भन्दा पनि धेरै दिन बस्ने पाहुनालाई जस्तो तस्तो खा र जतासुकै जा भनेर परिवारको सदस्य जस्तै व्यवहार गर्दछन् भन्ने थारूहरूको वास्तविकता यस उखानले प्रस्तुत गर्ने भएकोले यसलाई मौलिक थारू उखान भनिन्छ ।

'काम असरल दुःख बिसरल अर्हे गुरुवा ओत्ति जा' (काम बन्यो, दुःख बिर्सिया ए ! गुरुवा उता जा) यो उखानले मौलिकता उद्धृत गरेको छ । थारू जातिले परम्परागत मूल्य मान्यतालाई अझै पनि मान्दै आइरहेको पाइन्छ । यिनीहरू देवी देउता र भूत प्रेतमा विश्वास गर्ने गर्दछन् । एक्काइसौं शताब्दीको विज्ञान र प्रविधिको युगमा पनि यिनीहरूको घरको कोइ सदस्य बिरामी भयो भने डाक्टर कहाँ नगएर

पहिले गुरुवा कहाँ नै जान्छन् । इमान्दार जाति भए तापनि समाजका अन्य जातिको प्रभाव यिनमा पनि पाइन्छ । यिनीहरू स्वार्थी प्रवृत्तिका पनि हुन्छन् । आफूलाई समस्या पर्दा पटक पटक गुरुवाको घरमा धाउने मान्छे आफ्नो व्यथा सञ्चो हुने बित्तिकै उसको मतलबै गर्न छोड्छन् । यस्तो थारू समाजको वास्तविकता यस उखानले दर्साउने भएकोले यसलाई मौलिक थारू उखान भनिन्छ ।

'कबु नन्दियक पाला कलु भौजिक पाला' (कहिले नन्दको पालो कहिले भाउजूको पालो) यो उखानले मौलिकता झल्काएको पाइन्छ । थारू जातिको परिवारमा महिलाहरूले एक अर्कालाई सहयोग गर्ने भावना रहेको पाइन्छ । जस्तो घरको कामकाज कहिले नन्दले गर्ने त कहिले भौजुले, कहिले सासूले गर्ने त कहिले बुहारीले गर्ने गरेको पाइन्छ जसकारण सम्बन्ध पनि एक अर्का बिच प्रगाढ हुने हुन्छ । थारू परिवारको यसै यथार्थतालाई व्यक्त गर्ने भएकोले यसलाई मौलिक थारू उखान भन्न सकिन्छ ।

'केहका टिना बा भौजी सिन्झिक झोर' (के को तरकारी छ ? भाउजू सिन्कीको झोल) यो मौलिकताले युक्त उखान हो । थारू जातिको खानपानको परिकार विभिन्न किसिमका हुने गर्दछन् । यिनीहरू प्रायः चिल्लो, पिरो र अमिलो चिज खान बढी मन पराउने गर्छन् । यिनीहरूलाई मन पर्ने तरकारीमध्ये सिन्की (गुन्द्रुक) पनि एक हो । सिन्की परिवारका प्रायः सबै जनालाई मन पर्ने भएकोले गृहिणीहरूले पनि धेरैजसो सिन्कीको झोल पकाउने गर्दछन् । छोरालाई भन्दा छोरी मान्छेलाई अमिलो, पिरो, टर्रो तरकारी मन पर्ने भएकोले प्रायः त्यस्तै खान खोज्ने गर्दछन् ? खानाखाने समय भएपछि नन्दले भाउजुसँग केको तरकारी पाक्यो ? भाउजू सिन्कीको झोल ? भनेर सोध्ने गरेको तथ्य यस उखानले बताउने भएकोले यसलाई मौलिक थारू उखान भनिन्छ ।

'डोन्डर बिगारे खेत्वा दुच्छर बिगारे गाउँ' (दुलोले बिगार्छ खेत, दुष्टले बिगार्छ गाउँ) यो मौलिकता उद्धृत गरेको उखान हो । खेतबारी राम्रो बनाउनको लागि राम्रोसँग खनजोत गर्ने बिग्रे भत्केको ठाउँहरू सुधार गर्ने गर्नुपर्छ । खेतमा प्वालै प्वाल

छ भने बालीनालीमा सिंचाई गर्दा सबै पानी प्वाल हुँदै बाहिरिन्छ र परिश्रम खेर जाने हुन्छ । त्यस्तै गाउँ घरमा दुष्ट प्रवृत्तिका मान्छे छन् भने तिनले गाउँलाई भाँडेका हुन्छन् । अतः खेत राम्रो बनाउनु छ भने खेत बिगार्ने कारक खेतका प्वालहरू पर्नु पर्छ र गाउँ राम्रो बनाउनु छ भने गाउँ बिगार्ने दुष्टहरूलाई गाउँदेखि धपाउनु पर्छ भन्ने सन्देश यस उखानले दिने भएकोले यसलाई मौलिक थारू उखान भन्न सकिन्छ ।

'थारू सुघ्घर मोछरार जन्नी सुग्घर भोंटरार (पुरुष राम्रो जुंगा भएको महिला राम्रो चुल्ठो भएको) यो पनि मौलिकता झल्काउने उखान हो । मान्छेले सुन्दर बन्ने चाहना राख्नु स्वाभाविक कुरा हो । सुन्दर बन्नलाई नै मानिसहरूले शृङ्गार पटार गर्ने गर्दछन् र कसो गरे सुन्दर भइएला भनेर चाँसो पनि राख्ने गर्छन् । थारूहरूले मोछरार (जुँगा पालेको) पुरुष र भोंटरार (चुल्ठो बाँटेकी) महिलालाई सुन्दर देख्ने गर्दछन् । त्यसकारण सुन्दर बन्नलाई पुरुषले जुँगा पाल्नु पर्छ, खौरेर फाल्नु हुँदैन । महिलाले पनि चुल्ठो बनाउनु पर्छ, कपाल ठुट्टै पारेर काट्न हुँदैन भन्ने मान्यतालाई यस उखानले सङ्केत गर्ने भएकोले यस उखानलाई मौलिक थारू उखान भन्न सकिन्छ ।

'लर्कन चलाए ते गाल पाए बुह्रवन चलए ते अक्किल पाए' (केटाकेटीलाई जिस्क्याए गाली पाइन्छ बुढापाकालाई जिस्क्याए बुद्धि पाइन्छ) यो पनि थारू भाषाको मौलिक उखान हो । थारू समाजमा यो निक्कै प्रचलित उखान हो । केटाकेटी मान्छेलाई जिख्यायौ भने गाली गर्छन् तर बुढापाका मान्छेलाई जिस्क्याउने हो भने अर्ति उपदेश दिन्छन् भन्ने थारूहरूको मौलिकता यस उखानले झल्काउँछ त्यसकारण यसलाई मौलिक उखान भन्न सकिन्छ ।

'सप्रल घरक सन्झा सल्लाह बिग्रल घरक बिहान सल्लाह' (सप्रेको घरको साँझ सल्लाह, बिग्रेको घरको बिहान सल्लाह) यो उखानले मौलिकता उद्धृत गरेको उखान छ । थारू जाति प्रायः सगोलमै बस्ने गर्दछन् । जुन घरमा पारिवारिक मेलमिलाप हुन्छ त्यस्तो घरमा उनीहरूले साँझ नै सबै जमघट भएर सरसल्लाह गर्ने गर्छन् भने जुन घरमा पारिवारिक मेलमिलाप हुँदैन त्यस्तो घरमा बिहान सरसल्लाह गर्ने गर्दछन् भन्ने

थारू परिवारको यथार्थतालाई यस उखानले सङ्केत गर्ने भएकोले यसलाई मौलिक थारू उखान भन्न सकिन्छ ।

'खौरहिया गाँरिम मखमलके भेग्वा' (लुतो लागेको चाकमा मखमलको पोशाक) यो पनि मौलिकताको युक्त उखान हो । थारू जातिले आफ्नो औकात अनुसार काम गर्नुपर्छ भन्ने मान्यता राख्छन् । यिनीहरूलाई झाको माको अर्थात् देखावटीपन मन पर्दैन । समाजमा कोही आफ्नो क्षमता भन्दा अधिक देखावटीपनमा लिप्त हुन थाल्यो भने व्यङ्ग्य गर्दै यस उखान मार्फत् त्यस्ता मानिसप्रति छेड हान्ने गर्छन् । थारू समाजको यही कटु सत्यलाई यस उखानले प्रतिविम्बित गर्ने भएकोले यसलाई मौलिक थारू उखान भन्न सकिन्छ ।

'घ्यू न तेल पका बुह्रीया सेल' (घ्यू न तेल पका बुह्री सेल) यो पनि मौलिक उखान हो । थारू जातिले प्रायः घरमै उत्पादन गरेको चिज उपभोग गर्ने गर्दछन् । घरमा भएको उपभोग्य सामग्री सकिँदा किनेर खाने बानी नभएकोले त्यस्तो चिज किन्न अप्ठेरो मान्ने गर्छन् र श्रीमान्ले सेल पकाउन भन्दा घ्यू न तेल कसरी पकाउने सेल भनेर श्रीमतीले पकाउन इन्कार गरेको यथार्थलाई यस उखानले झल्काउने भएकाले यसलाई मौलिक थारू उखान भन्न सकिन्छ ।

'चिरैंयक जिउ जाए लर्कनके खेलवार' (चराको ज्यान जाओस् केटाकेटीको खेलांची) यो पनि मौलिकताले युक्त उखान हो । साना बालबालिकाहरू प्रायः खेल प्रिय हुने गर्छन् । उनीहरू खेल खेलेरै आफ्नो अधिक समय बिताउने गर्छन् । यसरी खेलने क्रममा कुनै पशुपक्षी भेट्टाए भने तिनीहरूसँग खेल्न खुब आनन्द मान्ने गर्छन् । तर उनीहरूलाई ती पशुपक्षीलाई कत्तिको पिडा भइरहेको छ । यिनको ज्यानै जाने त होइन ? भन्ने सचेतना हुँदैन भन्ने बाल बालिकाहरूको असचेत प्रवृत्तिलाई यस उखानले प्रस्ट्याउने भएकोले यसलाई मौलिक थारू उखान हो भन्न सकिन्छ ।

'पह्रो गुनो कौने काम हर जोतो धाने धान' (पढ्ने गुने के काम, हलो जोते धानै धान) यो उखानले मौलिकता उद्धृत गरेको पाइन्छ । पहिले पहिले थारू जाति पढाइ लेखाइतिर त्यति धेरै चासो राखेको पाइदैनथ्यो । पढ्नु लेख्नुभन्दा खेतबारीमा कामकाज गर्नु राम्रो हो । खेतबारीमा काम गरे प्रशस्त अन्न उब्जाएर घरमा भित्र्याइन्छ तर पढ्यौ, लेख्यौ भने के पो पाइन्छ र ? भन्ने थारू जातिको धारणा थियो । किसान बनेर कृषि पेशा गर्ने, पढ्ने लेख्नेतिर चाँसो नदिने भएकै कारण आजभोलि पनि प्रायः थारू जातिलाई कृषि पेशामै निर्भर रहनु परेको यथार्थलाई यस उखानले प्रस्तुत गर्ने भएको हुनाले यसलाई मौलिक थारू उखान भन्न सकनछ ।

'हर देके हरवाही लागे' (हलो दिएर खेतीपाती ठप्प) यो पनि मौलिक उखान हो । थारू जाति ज्यादै दयालु र सहयोगी प्रवृत्तिका हुन्छन् । यिनीहरूसँग कसैले सहयोग मागेको खण्डमा सक्दो सहयोग गर्न पछि पर्दैनन् । यिनीहरू यतिसम्म सहयोगी हुन्छन् कि आफूलाई आवश्यक चिजवस्तु पनि अरूलाई चाहिएको खण्डमा उपलब्ध गराउन हिचकिचाउँदैनन् । जस्तो यिनीहरूले आफ्नो खेतीपातीको काम नसकिदै अरूलाई हलो दिन हुँदैनथ्यो तर अरू कोही व्यक्ति हलो माग्न अएको खण्डमा ओहो ! घरमै आएर हातमुख जोरी रहेको छ, बिचरा ! लाई त्यसै कसरी फर्काऊँ भनी दया जागेर आउँछ र नाईनास्ती नभनी आफ्नो खेतीपाती नसक्दै हलो दिइ छाड्छन् । पछि आफूलाई आवश्यक परेको बेलामा हलो नभएकै कारण आफ्नो सारा खेतीपाती नै ठप्प भएको हुन्छ । थारू जातिको यस उदार प्रवृत्तिलाई यस उखानले सङ्केत गर्ने भएकोले यसलाई मौलिक थारू उखान भन्न सकिन्छ ।

उपर्युक्त उखानहरूले यहाँका थारू समुदायका मौलिकता, रितिस्थिति, चालचलन, विश्वास, हास्यव्यङ्ग्य, खानपान, खेतीपाती, परम्परा, परिवार, संस्कार, नातागोता सम्बन्धी सन्दर्भ दर्साउने गर्छन् । यसमा यिनै पुस्तौदेखिका खँदिला अनुभवहरू संग्रहित छन् । यिनले व्यक्तिका आनीबानी र व्यवहारलाई आत्मसात गर्नुका साथै ज्ञानको भण्डारलाई वृद्धि गर्ने र एक अर्काका दुःख सुखमा सहभागी बन्न

प्रेरित गर्ने प्रकृतिका छन् । अतः उपर्युक्त विश्लेषित उखानहरूका आधारमा देउखुरीको थारू भाषामा प्रचलित उखानमा मौलिकता पाइन्छ भन्न सकिन्छ ।

### ५.२.२ भाषाका आधारमा विश्लेषण

प्रस्तुत सङ्कलन गरिएका उखानहरूलाई केलाएर हेर्दा के कुरा प्रष्ट हुन्छ भन्दा देउखुरीका थारू उखानको भण्डारभित्र थारू भाषाका मौलिक उखानका साथसाथै थारू इतर भाषाबाट भित्रिएका उखानहरू पनि पाइन्छन् । थारू भाषाका उखान प्रायः नेपाली, हिन्दी र अवधीजस्ता छिमेकी भाषाहरूसँग घनिष्ट रहेको देखिन्छ ।

थारू भाषाका उखानमा तत्सम, तद्भव र आगन्तुक उखानहरू पनि पाइन्छन् । थारू भाषाका मौलिक उखान बाहेकका उखानहरूमध्ये केही जस्ताको तस्तै रूपमा, केही एक दुईवटा शब्दका हेरफेर साथ केही तात्पर्य अर्थमा मात्रै मिल्ने गरी थारू भाषामा प्रयुक्त भएको पाइन्छ । जस्ताको तस्तै रूपमा लिइएको उखानहरूमा 'एक पन्थ दो काज', पुस फासफुस, भाइ फुटे गँवार लुटे आदि उखानलाई गणना गर्न सकिन्छ । यी उखानहरू नेपाली भाषामा जसरी प्रयोगमा आउँछन्, त्यसरी नै थारू भाषामा पनि प्रयोगमा आएका छन् । एक दुईवटा शब्दमा हेरफेरका साथ थारू भाषामा ग्रहण गरिएका उखानहरूमा 'आपन नाचक ढङ्ग नै रना महटान अंगना टेंढ्', इन्द्रक आगे स्वर्गक बयान, पढ्गोगुनो कौनो काम हर जोतो धाने धान, दुई ठो सन्तान इश्वरके बरदान, जैसिन देश ओइसिन भेष, न रही बाँस न बजी बसिया, करिया अक्षर भैंस बराबर, गोंहुक सँगे घुन पिसे, ढेर बिलार मुस नै मर्ठा, बन जरट सबकोइ डेखठ, मन जरट कोइ नै डेखठ, हाँठीक मुहेम जीरा, मुहेम राम राम बगलमे छुरा, एक हाँठसे ठोपरी नै बजठ आदिलाई लिन सकिन्छ । यी उखानहरू क्रमशः नेपाली भाषाका उखान 'नाच्न नजान्ने आँगन टेंढो', इन्द्रको अगाडि स्वर्गको बयान, पढे लेखे कौने काम, हलो जोते मामै माम, दुई सन्तान ईश्वरको वरदान, जस्तो देश त्यस्तै भेष, नरहे बाँस नबजे बाँसुरी, कालो अक्षर भैंसी बराबर, गहुँसँग घुन पिसिन्छ, धेरै बिरालाले मुसा मार्दैनन्, वन जलेको सबैले देख्छन्, मन जलेको कसैले देख्दैन र हात्तीको मुखमा जीरासँग धेरै नजिक छन् । पहिलो उखानमा महटान शब्द थप गरेर, दोस्रोमा रज्वक शब्द थप गरेर र तेस्रोमा पढेलेखेको सट्टा पढेगुने र मामै मामको सट्टा धानै धान शब्द

थप गरेर यी आगन्तुक उखानलाई पनि थारू भाषाले स्वअनुकुल तुल्याएको छ । र अन्य उखानहरू जस्ताको तस्तै नेपाली भाषामा प्रयोग हुने उखानहरू थारू भाषामा पनि प्रयोग हुन्छन् । त्यस्तै गरेर घरेम भुजी भांग नै कुकुर पादे चिउरा उखान नेपाली भाषामा प्रयोग हुने उखान जुन गोरुको सिंग छैन, उसको नाम तिखेसँग तात्पर्यमा खास भिन्नता देखिँदैन । अप्ठ्यारमे टे कोह्वियक गोर फेन डाबे परठ, उखान नेपाली भाषामा प्रयोग हुने उखान परेको बेलामा शत्रुको पनि सेवा गर्नु पर्छ उखानकै तात्पर्य बोध गराउँछ । हेगुइयसे डेखुइयक लाज र जेकर लाठी टेकर भैँस उखान क्रमशः नेपाली भाषामा प्रयोग हुने उखान हग्नेलाई भन्दा देख्नेलाई लाज र हिन्दी भाषामा प्रयोग हुने उखान जिसका लाठी उसका भैँससँग ठ्याम्मै मेल खान्छ ।

जस्टे करनी ओस्टे भरनी, परक कान दोकान मैदान, आप भला तो जग भला जस्ता उखान अवधीबाट प्रभावित रहेको छ । माने तो मान नमाने तो मेहरमान, भैँसके आगे बेन बजाए र मारके आगे भूत भागे जस्ता उखानले थारू सँस्कृति बाहेक सँस्कृतिको जानकारी दिन्छ ।

प्रस्तुत सङ्कलित उखानतिर आँखा लगाउँदा त, थ, द, ध र ट, ठ, ड, ढ को भेदलाई थारू भाषाले त्यत्ति वास्ता नगरेको अनुभव हुन्छ । टेर र तेर, तीन र टीन, कार्तिक र काटिक । टे र ते दुवै किसिमको प्रयोग यहाँका थारू भाषामा गरिने हुँदा प्रस्तुत उखानहरूमा पनि यस्तो प्रयोग भएको भेट्टाउन सकिन्छ ।

त्यस्तैगरी शब्द तहमा हेर्ने हो भने डगर (बाटो), बर्धा (गोरु), परयार (परिवार), बिलार (बिरालो), कुक्कुर (कुकुर), आँख (आँखा), जलम (जन्म), गोहुँ (गहुँ), देवदेवी (देवता), सकारे (बिहान), मुर्गी (चल्ला), मांग (सिउँदो), आँरा (अण्डा) जस्ता थारू झर्रा शब्दहरूका साथै नङ्गा (नाङगो), लाठी (लठ्ठी), भैँस (भैँसी), झुठ (झुठो), पाकठ (पाक्छ), मार (पिटाइ), भोज (विवाह), नमहा (खरायो), साडु (साढु), सँप्वा (सर्प), करिया (कालो), सोलार (सुनार), मिठ (मिठो), गोन्द्री (गुन्द्री), मोछ (जुंगा), लुग्गा (लुगा), टठिया (थाल), छेग्री (बाख्रा), जिभ (जिब्रो) आदि भारोपेली खलकभित्रै पर्ने संस्कृत, नेपाली, हिन्दी र अवधीका शब्दहरूलाई यी उखानहरूमा प्रयोग गरिएको पाइन्छ ।

एउटै पुर्खाका सन्तानका रूपमा नेपाली र थारूबीच पारिवारिक सम्बन्ध मात्र नभएर घनिष्ट छिमेकीको नाता पनि रहेको छ । त्यसैले, थारू उखानमा उपर्युक्त भाषाहरूको प्रभाव पर्नु स्वाभाविकै हो । यसरी यी उखानका शब्दहरू जुनसुकै भाषाका भए पनि यसले अभिव्यक्तिलाई प्रभावकारी र ओजपूर्ण बनाउनु यिनको आफ्नो विशेषता हो ।

उपर्युक्त विश्लेषणका आधारमा के भन्न सकिन्छ भने थारू भाषामा उखानलाई पचाउन सक्ने सामर्थ्य पनि रहेको छ । अरू भाषाका उखान समक्ष उभिन सक्ने मौलिक उखानहरू अघि सारेर गर्व गर्न सक्ने हक थारू भाषाले सुरक्षित राखेको छ र अरू भाषाबाट ग्रहण गरेर भए पनि उखानको ढुकुटी भर्ने तर्फ यो भाषा उत्तिकै अग्रसर छ भन्ने कुरा पुष्टि हुन्छ ।

### ५.२.३ विषयवस्तुका आधारमा उखानको विश्लेषण

प्रस्तुत उखानहरू विविध विषयसँग सम्बन्धित रहेको कुरा विषयात्मक वर्गीकरणबाट थाहा पाए पनि ती विषयमा के कस्ता पाटाहरू उघारिएका छन् भन्ने कुरा स्पष्ट हुँदैन । त्यसैले, यी उखानहरू भित्र पसेर अझै खोतल्नु पर्ने आवश्यक देखिन्छ ।

#### ५.२.३.१ पौराणिक विषयवस्तुका आधारमा

पुराणमा वर्णित कथाको सार बोकेका उखानलाई पौराणिक उखान भनिन्छ । पौराणिक पात्रसँग सम्बन्धित उखानहरू यस अन्तर्गत पर्दछन् । थारू जाति आस्तिक प्रकृतिका हुन्छन् । यिनीहरू धर्म कर्म, देवी देउता र पूजा आजामा विशेष अभिरुचि राख्दछन् । थारू भाषामा पौराणिक विषयवस्तुमा आधारित उखानहरू पनि पाइन्छन् । जस्तो इन्द्रक आगे स्वर्गक बयान उखान पौराणिक विषयसँग सम्बन्धित रहेको छ । यसको आशय जुन व्यक्ति कुनै विषयमा अब्बल छ, त्यही विषयको बारेमा अरूले त्यसको सामु बयान गरेको भन्ने हुन्छ । त्यस्तै माने टे देव नै टे पत्थर उखान पनि आध्यात्मिक भाव बोकेको उखान हो । यसले एउटा ढुंगालाई देवता मानेर पुज्ने हो भने त्यो देवतै हुन्छ भन्ने दर्शाउँछ । थारू उखानमा देवता र दानवको प्रसङ्ग पनि

पाइन्छ । मारे पाप पाले पुन्य, भगवान सोझ हुँगैलाँ, उखानहरू पनि आध्यात्मिक भावले युक्त छन् । त्यस्तै भगवान डेठाँ टे छप्पर फारके डेठाँ ले भगवान नै यस संसारका रचियिता (सृष्टिकर्ता), संहारकर्ता र पालन कर्ता हुन् । यिनले प्राणी जातिलाई आवश्यक पर्ने सबथोक दिएका छन् । दिनमा रत्तिभर पनि कन्जुस्याइँ गरेका छैनन् भन्ने कुरालाई संकेत गरेको पाइन्छ । त्यसैगरी राम मिलाई जोरी, एक आन्ढर एक कोढ्री उखानमा पनि मर्यादा पुरुष रामको प्रसङ्ग पाइन्छ । अगस्तिक पेट कबो नै भर्ठिन्, देउतक नाउँ अपन गाउँ जस्ता उखानहरूले धार्मिक पौराणिक सार बोकेको पाइन्छ । यस आधारमा थारू भाषामा पौराणिक र धार्मिक प्रकृतिका उखानहरू पाइन्छन् भन्न सकिन्छ ।

### ५.२.३.२ सामाजिक विषय सम्बन्धी उखान

सामाजिक विषयवस्तु समेटी निर्माण भएका उखानहरू नै समाज सम्बन्धी उखान हुन् । समाजमा मानवद्वारा गरिने विभिन्न क्रियाकलापहरू, मूल्य मान्यता, चाल चलन र परम्पराको प्रभाव यस किसिमको उखानमा पाइन्छ । जस्तो भाइ फुटे गँवार लुटे उखानले समाजमा सबै मानिसहरू मिलेर बसे जस्तै भाइ भाइ पनि मिलेर बस्नु पर्छ भन्ने संकेत गरेको छ । हडबडहा भोज कन्पटमे सेन्दुर, पानी पिए जुर सस्रार बनाए दुर यी उखानहरूले पनि सामाजिक मूल्यमान्यतालाई प्रतिबिम्बित गरेको पाइन्छ । गोंहुक सँगे घुन पिसे र घरक बात बाहर नबताए उखानले जस्ताको सङगत गऱ्यो त्यस्तै भइन्छ र घरको कुरालाई बाहिर पुऱ्याउनु हुँदैन । गोपनीयता भङ्ग गर्नु राम्रो होइन भन्ने कुराको जानकारी दिइन्छ । यस्ता उखानहरू समाजमा हुने गरेको बेमेल, शोषण, दमन, उच निच, हुने नहुने, ठूलो जात र सानो जात आदि विभिन्न भेदभावले युक्त हुन्छन् । एक लढ्यिक दुई पहिया, गोरा बल्गार टे सब बल्गार, मेहनतके फल नैटरठ, दुःख कैबो टे सुख मिलठ, मंगता नाचे हजार ताल जस्ता उखानहरूले यिनै कुराहरूलाई संकेत गर्दछन् ।

### ५.२.३.३ खेतीपाती सम्बन्धी उखान

धरतीलाई खनीखोस्री जिविका चलाउने भूमिपुत्र भनी चिनिने थारू जातिको मुख्य पेशा कृषि (खेतीपाती) हो । प्रायः शिक्षाको पहुँच नपुगेका थारू समाजका अधिकांश व्यक्ति खेतीपातीलाई नै आफ्नो रोजीरोटीको आधार बनाएका हुन्छन् । मानो खाएर मुरी फलाउने थारू जातिको विशेषता यस जातिको लोक साहित्यमा झल्केको पाइन्छ । अतः खेतीपातीसम्बन्धी विषय थारू उखानमा प्रशस्त मात्रामा भेटिन्छन् । साथै अशिक्षाले गर्दा भूत र बोक्सीले थारू जातिलाई तर्साइरहेको हुन्छ । थारू जातिको परम्परागत कृषि औजार हलो हो । हर डेके हरवाही लग्ना उखानले आधुनिकताले छोइ नसकेको यस जातिले हलोले नै खेतबारी जोत्ने र खेतीयोग्य जमिन तयार गर्ने गर्दछन् । किसानले हलो अरूलाई दियो भने उसको खेतीपाती नै ठप्प हुनेछ भन्ने कुरा व्यक्त गर्दछ । थारू उखान न खेती करी, न बदरी चिटाइले खेती नगर्ने खेतीपातीलाई खेलाची ठान्नेहरूप्रति व्यङ्ग्य गरेको र तेर कार्तिक तीन असार उखानले कार्तिकभन्दा असार महिनाको महत्त्व बढी रहेको कुरा प्रकाश पारेको छ । थारू समुदायमा अझैसम्म शैक्षिक जनचेतनाको कमी रहेको छ । यस समाजमा पढाइ लेखाइभन्दा बढी प्राथमिकता काम काजलाई दिने चलन रहेको छ । त्यसैले पह्रो गुनो कौने काम, हर जोतो धानेधान भनेर खेतीपातीतर्फ प्रेरित भएको देखिन्छ । आफ्नो काम आफै गर्ने पौरखी र स्वाबलम्बी थारू जातिका व्यक्तिहरू कामको सफाइ औजार अनुसार हुन्छ र भोजन मीठो तरकारी अनुसार हुन्छ भनी भाँरा गुन कमा जाए, टिना गुन खाजाए भनी तिहुन तरकारीको कमी नगर्ने कुनै न कुनै हरियो तरकारी आफ्नो करेसाबारीमा तयार राख्ने गरेको पाइन्छ ।

ऋषि पञ्चमीदेखि खेतीपातीको शुरुवात गर्ने प्रचलन थारू जातिमा विद्यमान रहेको छ । खेतीपातीको श्रीगणेश प्रायः शुक्रबारको दिनदेखि गर्नु पर्छ भन्ने मान्यता थारूहरूमा रहेको पाइन्छ । बुध बेटी सुक खेती उखानले छोरी चेलीको बिहेबारीको कुरा छिन्नु पर्‍यो भने बुधबारको दिन र खेतीपातीको शुरुवात शुक्रबारको दिन गर्नुपर्छ भन्ने धारणा थारू जातिमा रहेको पाइन्छ । ऋतुअनुसार फल लाग्ने भएकाले

ऋतुअनुसार नै खेतीपाती गर्नुपर्छ, ढिलासुस्ती गर्नु हुँदैन भनी आफनो काममा तल्लिन हुने हुनाले हरबर खेती ढिमे व्यापार भन्ने कुरा उनीहरूले बिर्सदैंनन् । व्यापार व्यवसायमा ढिलासुस्ती भए पनि त्यति साह्रो फरक पर्दैन तर खेतीपाती समयमै नगर्ने हो भने लोहार झुके एक दिन किसान झुके बरस दिन भन्ने जस्तै हुन्छ । यस कारणले पनि ठिक ठिक समयमा आफ्नो काम सम्पन्न गर्ने स्वभाव यिनमा पाइन्छ । कृषि पेशा गरेर खारिएकाले कुन बाली कसरी रोप्नुपर्छ भन्ने लामो अनुभव संगालेका यी जातिका मानिसहरूले घन लाही बिरर कपास रोप्नु पर्ने कुरा उखान मार्फत् संकेत गर्दछन् । धर्तीको पूजारी भएकाले पहिले दुःख पाछे सुख भनेर यो जाति मेहनतको फल नै टरठ भन्ने कुरामा विश्वस्त भइ माना खाएर मुरी फलाउन उद्धत हुन्छन् । अनि आफू बाँच्छन् र अरूलाई पनि बचाउँछन् ।

### ५.२.३.४ खानपान सम्बन्धी उखान

प्रस्तुत उखानमा दालभात, तिहुन तरकारी, माछामासु, फलफूल, दहीदूध, रक्सीपानी, सुर्ती, तमाखुजस्ता खानपानका कुराहरू पनि महत्त्वपूर्ण विषय बनेका छन् । घ्यू र तेलले बनेका परिकार, सेल, तातो दूध, पाकेको केरा, पाकेको गुल्लरको फल, नुन नलागेको भण्टा, तेल लागेको माछा, आरु, मौरीको रस, रोटी, मासु, दाल , भात, दह प्रति थारू जातिको मोह रहेको पाइन्छ भने सुर्ती, तमाखु, लौकाको तरकारी, सिन्कीको झोलप्रति उनीहरूको खासै मोह नरहेको पाइन्छ । यिनीहरू सुर्ती, तमाखु खानुको साथै हुक्का पनि पिउँछन् तर तमाखु खवैया फुहर हुक्का पिउइया आन्ढर भन्दै आफूले खाने सुर्ती र पिउने हुक्काको आलोचना गरको पाइन्छ । हानी पुऱ्याउने रक्सी, तमाखु, सुर्ती खानु हुँदैन भन्ने धारणा यिनीहरूमा पाइन्छ भने आफ्नो मात्र भुँडी भर्न खोज्ने, खाने, पिउने, बाँड्दा पक्षपात गर्नेहरूप्रति यी उखानले छेड हानेको पाइन्छ ।

### ५.२.३.५ परिवार सम्बन्धी उखान

थारू भाषामा परिवारसँग सम्बन्धित उखानहरू पनि रहेका छन् । जन्नी ओ ठरवा एक लढ्यिक दुई पहिया उखानले पारिवारिक जीवनमा लोग्ने र स्वास्नीको समान भूमिका रहेको छ भन्ने भाव प्रकट गर्दछ । ससुइया बहर्ना पटुहिया हाठ हेर्ना,

ससुइया कट्ना पटुहिया सुट्ना उखानले सासुले काम गर्दा हात हेरेर बस्ने निर्लज्ज बुहारीको चित्रण गरेको छ । जस् बाप तस पुट, जस् मा तस ढिया उखानले बुवाजस्तै छोरा आमाजस्तै छोरी हुने भन्ने मान्यता बोकेको छ । भाइ फुटे गँवार लुटे उखानले भाइ भाइमा फुट भयो भने गाउँलेले पनि त्यसको फाइदा उठाउँछन् । भाइ बगाल एक हुँदासम्म कसैले उनीहरूलाई दबाउन, सताउन र कुनै किसिमको दुःख दिन सक्दैनन् तर जब भाइ बगालमा फुट भयो भने उनीहरू निर्बलियो हुन्छन् र जसले जसले जसरी मौका पाउँछन् त्यसरी नै सताउने, दुःख दिने, मौकाको फाइदा उठाउने छल गर्ने गर्दछन् । यी बाहेक परिवारसँग सम्बद्ध अन्य उखानहरू पनि थारू भाषामा प्रचलनमा रहेका छन् । यस्ता पारिवारिक उखानहरूले एकातिर परिवारका सदस्यहरूको महत्त्वको अपरिहार्यततालाई बोध गराउँछन् भने अर्कोतर्फ पारिवारतर्फ सदस्यहरूविच हुने वैमनस्यता जस्ता कटु यथार्थ दर्शाउने गर्छन् ।

### ५.२.३.६ नातागोता सम्बन्धी उखान

नातागोता, कुल कुटुम्ब, इष्टमित्र मानिसका लागि महत्त्वपूर्ण मानिन्छन् । मानिस यिनै सम्बन्धमा जेलिएको हुन्छ । यस्ता नातागोता र सम्बन्धजस्ता विषयले थारू भाषाका उखानमा स्थान पाएका छन् । प्रस्तुत मामाक धन फुइक श्राद्ध उखानले विना कष्ट पाएको धनमा अर्काले मोज मस्ती गर्ने भन्ने कुरा संकेत गरेको पाइन्छ । यस्तै दुनिया छुटे छुटे, साली न छुटे उखानले साली र भिनाजुको प्रगाढ सम्बन्धलाई बुझाउँछ । लावा नात, पुरान गोट्यार उखानले नयाँ नाता राम्रो, पुरानो गोत्यार राम्रो भन्ने अभिधात्मक अर्थ बुझाउँछ । दुरक डमड्वक मान सम्मान ठोरचे लग्गक आधा, गाउँक् डमड्वा गदहा समान, करालेउ सब काम उखानले टाढाको ज्वाइँको मानमानितो राख्ने, अलि नजिकको ज्वाइँको त्यस भन्दा कम र गाउँकै ज्वाइँ त गदहा समान हुने भएकाले मान सम्मान त कता हो कता उल्टै उनीबाटै आफ्नो घरको कामकाज गराउने गर्छन् भन्ने आशय व्यक्त गर्दछ । त्यस्तै दादु न भैया सबसे भारी रूपैयाँ उखानले यो स्वार्थी समाजमा धनपैसालाई नै बढी महत्त्व दिन थालिएको छ । नाता भन्दा धनपैसालाई नै सर्वोपरी मान्ने भएकाले हुनेखाने भए दाइभाइ भन्दै नजिकिने र निर्धन भए टेरपुच्छर नलगाउने मानिसको कुप्रवृत्तिको भण्डाफोर यस

उखानले गरेको पाइन्छ । यस किसिमका नातागोता सम्बन्धी धेरै उखानहरू देउखुरीको थारू भाषामा प्रचलनमा रहेका छन् ।

### ५.२.३.७ जातजाति सम्बन्धी उखान

समाजमा विविध जातजातिको बसोबास रहेको हुन्छ । त्यसैले जातजाति सम्बन्धी विषय पनि थारू उखानमा समेटिएको पाइन्छ । अन्य भाषामा जस्तै थारू भाषामा पनि जातजाति सम्बन्धी उखानहरू रहेका छन् । थारू भाषाको उखानमा अधिकांशतः सुनार, लोहार, धोबी, बजिया, चमारजस्ता जातसँग सम्बद्ध उखानहरू पाइन्छन् । थारू भाषाको उखानमा मधेसी भाषाको प्रभाव परेको पाइन्छ । यसको कारण पहिलेदेखि नै यी जातिको मधेसीसँगको सामिप्यता र सम्पर्क नै हो । जस्तो जहाँ पिपरा वहाँ बयाल, जहाँ बाजी वहाँ रयाल उखानले पनि थारूसँग मधेसीको ज्यादै निकटको सम्बन्ध रहेको पुष्टि हुन्छ । थारू भाषा अन्य जातिप्रति उपेक्षा, द्वेष र नकारात्मक सोंच रहेका उखान नगन्य मात्रामा रहेका छन् । थारू भाषाको उखानमा नेपाली भाषामा प्रचलनमा रहेका उखानहरू बढी मात्रामा रहेका देखिन्छन् । जस्तै सोलारको सय चोट लोहारको एक चोट, जहाँ केरा त्यहाँ बाहुनको डेरा, सोन बिना सोलारके का काम, लावा जोगी ढेर भुवा घस्ठाँ, सोन रही टे तमाम सोलार, जत्रा जोगी अइलेसे फेन काने चिरल, इलमिहा जोगी नै हुइट यी उखानहरू नेपाली भाषामा पनि प्रचलित छन् । त्यस्तै धोबिया सेके नही गदहक कान उँखारे, वभना होके हर जोते ते बाउँ राखे उखानहरूले जातिगत विशेषता झल्काएको पाइन्छ । जहाँ केरा वहाँ बाहुनको डेरा, लावा जोगी धेर भुवा घस्ठाँ, धोबिया सेके नाही गदहक कान उँखर्ना, उखानहरूले जोगी, बाहुन, धोबी जस्ता व्यक्तिहरूको विशेषता बताएका छन् । त्यस्तै मुल्लाक दौर मरिजदमे, जहाँ थारू वहाँ दारु, उखानले मुसलमानहरूको धार्मिक कट्टरता र थारूहरूको मतवाली विशेषतालाई व्यक्त गरेका छन् । यसरी धेरै विषयहरूलाई समेटकाले उखानलाई गागरमा सागर अटाउने विधा भनेर पनि चिनिन्छ ।

### ५.२.३.८ प्रकृति सम्बन्धी उखान

हाम्रा वरिपरि भएका सजिव तथा निर्जिव वस्तुहरूलाई पनि थारू उखानले समेटेको पाइन्छ । जलवायु र वर्षा भेलका विषय पनि थारू उखानमा पाइने गर्छ । जस्तो ठर्कना वद्री नै बर्सठ मा वर्षा र वादल उखानको विषय बनेका छन् । त्यस्तै पानी चाटके कहुँ प्यास जाई ? उखानमा पानीको प्रसंग पाइन्छ । खोल्हवा बिगारे खेत्वा, चुग्ली विगारे गाउँ उखानमा खोलाले खेत बिगार्छ, छुल्याहाले गाउँ बिगार्छ भन्ने खोला र खेतको प्रसंग जाडिएको छ । यी बाहेक जलवायु अर्थात् प्रकृतिसम्बन्धी अन्य उखानहरू पनि देउखुरीका थारू उखानमा प्रचलनमा रहेका छन् । वृक्ष र वनस्पतिसम्बन्धी उखानहरू पनि यहाँ प्रचलित रहेका छन् । बन्दर नजाने अदुवक स्वादमा अदुवा उखानको विषय बनेको छ । हाँठेम आम टे रुखवा चौह्रना कौन काम ? उखान आँप र रुखसँग सम्बन्धित रहेको पाइन्छ । चार दिनके चाँदनी फेन अँधेरी रात उखानमा दिन, रात र चन्द्रमा एकै साथ उखानको विषय बनेका छन् । अँधरिया रात जन्नीक जात उखानमा अँधेरी रातको प्रसंग पाइन्छ । पतंगा उरी बद्रीमे उखानमा आकाशको विषय आएको पाइन्छ । यसरी नै जलवायु, दिन रात वनस्पति, धर्ती र आकाशसँग सम्बद्ध विषय देउखुरीको थारू भाषाका उखानहरूमा प्रशस्तै पाइन्छन् ।

### ५.२.३.९ विविध विषयसँग सम्बन्धित उखान

उपर्युक्त उल्लिखत विषयका उखानहरूको साथसाथै जीवन दर्शन, चेतना, न्याय, अन्याय, शोषण, दमन, पीडा, सम्भावना र आलोचनाजस्ता विषयहरू पनि देउखुरीका थारू उखानले समेटेको पाइन्छ । थारू भाषाका उखानहरू सन्देशप्रद पनि भएकाले सुधारमूलक चेतनाको झिल्को पनि झिल्किएको भन्न सकिन्छ । आफ्नो जाति उपरको दबाब, शोषण र अन्यायको विरोध थारू जातिले आफनो भाषाको उखानमा कतै स्पष्ट शब्दमा कतै घुमाउरा शब्दमा व्यक्त गरेको पाइन्छ । यी सस्सुर डहले बावै, न जियम हुइठो न मुयम हुइठो उखानमा स्पष्ट रूपमा आफूलाई अन्यायमा पार्ने, दुःख दिने र डस्ने अत्याचारी प्रवृत्तिलाई खुलस्त पारिएको छ भने जब्बरके आगे बुह्रिया वियइबे कि नै बियइबे ? उखानमा असम्भव कार्य गर्न दबाब दिइएको कुरा इंगित

गरिएको छ । यसरी नै सकारेक जार गैल सन्झक डहिजरा फेन अइलस उखानमा पीडकको पुनरागमनप्रति संकेत गरिएको छ । जौने हाठी तौने हराहा उखानमा ठूला बडाप्रति धेरै चासो दिइएको जनाउँछ । थारू जाति चित्त नबुझेको खण्डमा आफ्नो आमा बुवाकै आलोचना गर्न पछि पर्दैनन् भन्ने कुरा डाई नाउँ विगारल पिपरा बिगारल कुँवा र कहुँ टे मार पाइँटु बाबा कुकरा खाइटा उखानले प्रभावित गर्दछ ।

## ५.२.४ संरचनाको आधारमा विश्लेषण

संरचनाका दृष्टिले उखानहरू विविध किसिमका छन् । संरचनागत वैशिष्ट्यका आधारमा तिनलाई निम्न अनुसार बेग्ल्याउन सकिन्छ ।

### ५.२.४.१ आकारका आधारमा विश्लेषण

मौखिक परम्परामा युगौं युगसम्म जीवित रहने र सारतत्वलाई प्रस्तुत गर्ने हुनाले उखानको आकार छोटै हुन्छ, तापनि सबै उखान एउटै आकारका हुँदैनन् । आकारका आधारमा उखानलाई छोटा र लामा उखान गरी दुई भागमा बाँडिएको छ । प्रस्तुत उखानहरू ढङ न डवार, पुट न पटोह सबैभन्दा छोटा आकारका उखान हुन् भने एक दिनक पहुना मिठमिठ खा, दुइ दिनक पहुना जसिन टसिन खा, तीन दिनक पहुना चहा जहोर जा चाही १८ अक्षरको सबैभन्दा लामो उखान हो ।

### ५.२.४.२ लयात्मकताका आधारमा विश्लेषण

शैलीका पक्षबाट हेर्दा लयात्मक वैशिष्ट्यलाई जोड दिएको पाइन्छ । गाँठीक चोट लैहरीक बात, मेट्या सिपार बेन बेट्या नै सिपार, खोटियक टिना मिठ् लागठ, चिब्लिक बात टिट् लागठ जस्ता अन्त्यानुप्रास मिलेको तथा गोन्द्री फाटे फाटे, दहितन के बेटी केसै उठे, मिठ् मिठ् अत्ति आ टिट् टिट् ओत्ति जा जस्ता अन्त्यानुप्रासका साथै वर्णहरूको वारम्बार आवृत्ति भएका उखानहरूमा विशिष्ट किसिमको लय अन्तर्निहित रहेको पाइन्छ ।

लयात्मक तत्वको कमी भएका उखानहरू पनि देउखुरीमा प्रचलित छन् । अघाइल बकुलियक टिट् सेढुरिया, पहुनक सँगेसँगे घरगोसिया जिए, चोर ओ छिनार मनैन्से कोइ नै सेकठ, जस्टे लोह ओस्टे पैन, गाँठीक चोट लैहरीक बात जस्ता उखान लयात्मक नभए पनि अभिव्यक्तिलाई सशक्त र प्रभावकारी बनाउने गर्छन् ।

### ५.२.४.३ प्रश्नात्मकताका आधारमा विश्लेषण

यहाँ संकलित उखानहरू सामान्य, प्रश्नात्मक र प्रश्नोत्तरात्मक गरी निम्न अनुसार रहेका छन् सामान्यः खैबे ट खा नै टे घिँच्, पैसा न कौरी बजार भर डौरी यी सामान्य उखानहरू हुन् । प्रश्नात्मकः प्रश्न सोधिएको संरचनामा रहेका उखानहरू प्रश्नात्मक उखान हुन् । जस्तैः कर्बो नै टे पैबो कहाँ ? बाल उखर्ले कहुँ मुर्दा हलुक हुई ? आज कहोँर से दिन उठल ? भुँख मिठ कि भोजन मिठ ? कर्लेसे का नै हुई ? डाईक दूध पिके नै हुइल बाबक् अंग्री चुसके हुई ? टिटिह्नियक बुटी बुद्री ठाम्हे जा रे ? यस्ता प्रश्नात्मक उखान पनि थारू भाषामा प्रचलित छन् । प्रश्नोत्तरात्मक प्रश्न र उत्तरको ढाँचामा निर्मित उखानहरू बढिया मुर्गा ढ्याप, कलवा खैबे कब ? जब मन लागि टब । का खोज्ठे कन्वा ? आँख । केंहका टिना बा भौजी ? सिन्किक् झोर । यसरी थारू भाषाका उखानहरू पनि सामान्य, प्रश्नात्मक र प्रश्नोत्तरात्मक संरचनामा निर्मित रहेको कुरा यी वर्णित उखानहरूले पुष्टि गर्दछन् ।

### ५.२.४.४ करण र अकरण क्रियाका आधारमा विश्लेषण

सकारात्मक अर्थ बुझाउने क्रियालाई करण क्रिया र नकारात्मक अर्थ बुझाउने क्रियालाई अकरण क्रिया भनिन्छ । देउखुरीका थारू उखानहरू करण र अकरण क्रियात्मक ढाँचामा निर्माण भएको पाइन्छ । जस्तै कि खाए सस्रार, कि खाए बहिन घर यो करण क्रिया प्रयोग भइ निर्मित उखान हो । त्यस्तै न करी न खाइ, न खेती करी न बदरी चिटाइ यो अकरण क्रिया प्रयोग भइ निर्मित उखानहरू हुन् । यस्ता अकरण क्रियात्मक अन्य उखानहरूमा न चुल्हिम आग न गगर पानी, नखाइ सुख हो न सुटल निंद, न करम न धरम कुकरीक् जलम पर्दछन् । त्यस्तैगरी विभाजक न प्रयोग भइ निर्मित उखानहरूमा पुट न पटोह, दादु न भैया सब्से भारी रूपैयाँ, पैसा न कौरी

बजारभर डौरी, जानक् न भकोसक् सक्कु चीज अगोटक्, कैना न खैना धाक भर डेखैना पर्दछन् । यसरी करण र अकरण क्रिया प्रयोग भइ देउखुरीका थारू उखान बनेका छन् भन्ने कुरा माथिको उदाहरणबाट प्रष्ट हुन्छ ।

### ५.२.४.५ क्रियात्मकताका आधारमा उखानको विश्लेषण

बाह्य तहमा उक्लिएर पनि उखानको संरचना कोट्याउन सकिन्छ । क्रिया मुक्त र क्रिया विहिन संरचना थारू उखान निर्माण भएका छन् । जस्तो देउतक नाउँ आपन गाउँ क्रिया रहित उखान हो भने सुमके धान पराछिट  खाए क्रिया सहितको उखान हो । तेर कार्तिक तेह्र दिन र असारको तीन दिनको बराबर महत्त्व छ भन्ने जनाउँछ । यसको संरचना नै यस्तो छ कि केहीबेर नघोरिँदासम्म अर्थ नै स्पष्ट हुँदैन । यसरी क्रियात्मक आधारमा क्रिया रहित र क्रिया सहितका संरचनामा देउखुरीका थारू उखान बनेका छन् भन्ने कुरा यही प्रस्तुत उदाहरणले प्रष्ट पार्ने गर्दछन् ।

यसरी कालन्तरदेखि सुत्रात्मक अभिव्यक्तिका रूपमा प्रचलित उखान महत्त्वपूर्ण स्थान ओगट्दै जनमानसको जनजिब्रोमा रहेका छन् । संरचनात्क आधारमा थारू भाषाका उखानहरू पनि अन्य भाषाका उखानका हाराहारीमा देखा परेका छन् ।

थारू जाति स्वभावैले मिलनसार प्रकृतिका हुन्छन् भन्ने कुरा यी वर्णित उखानहरूले पनि छर्लंग पार्दछन् । संगसे छुटे टे बघवासे ढरवा पाए उखानले एकताको सुत्रमा उभिन चाहने उनीहरूको इच्छा जाहिर गर्दछ । छुल्याहाले गाउँ बिगार्छ भन्दै उनीहरूलाई खेत बिगार्ने खोलासँग तुलना गर्ने यो जाति फुट्न र फुट्याइ गर्न रुचाउँदैनन् भन्ने कुरा स्पष्ट हुन्छ ।

समष्टिगत रूपमा हेर्ने हो भने प्रस्तुत उखानहरूले थारू समाजको सरोफेरो घर, गोठ, ठाउँ, समाज, खोलानाला, बनखेत, मेलापात, जीवजन्तु तथा चराचुरुङ्गी समेतलाई नछोडेर खेतीपाती, खानपान, चालचलन, धर्मकर्म आदि विभिन्न विषयलाई उखानमा समेटेका छन् । छरछिमेकका थारू इतरका समाजका रहनसहन र संस्कृतिको प्रभावलाई पनि उखानमा आत्मसात गरेका छन् ।

#### ५.२.४.६ अन्य भाषाको प्रभाव

अन्य भाषाहरूम प्रचलित उखानहरूको प्रभाव पनि देउखुरीमा प्रचलित थारु भाषाका उखानहरूमा परेको पाइन्छ । जस्तैः-

जंगलमे मंगल

भाइ फुटे गवार लुटे

एक पन्थ दो काज

इन्द्रके आगे स्वर्गक वयान

## ५.३ निष्कर्ष

उखानको वर्गीकरण र विश्लेषण गर्नु आफैमा चुनौतीपूर्ण कार्य हो । कतिपय विद्वानहरूबाट गरिएको उखानको वर्गीकरणको आधारलाई अवलम्बन गर्दै देउखुरीको थारू भाषामा प्रचलनमा रहेका उखानहरूको सङ्कलन गरेर विभिन्न दृष्टिकोण अपनाइ मौलिकता, संरचना, भाषा र विषयवस्तुका आधारमा विश्लेषण र विविध आधारमा वर्गीकरण गरिएको छ । यस क्रममा उखानहरूलाई आकार, व्यापकता, भाषिक संरचना, पदक्रम, उखान टुंग्याउने क्रियाको अवस्था, करण, अकरण, भाव तथा विषयवस्तुका आधारमा विश्लेषण प्रस्ततु गरिएको छ । यस क्रममा कुनै उखान एकै कोटीमा मात्रै देखिन्छन् भने कुनै उखान एकभन्दा बढी कोटीमा पनि प्रयुक्त भएको पाइन्छ । यसो हुनु स्वाभाविक देखिन्छ । यहाँ परिशिष्ट तीनमा संकलित सबै उखानहरूको वर्गीकरण र विश्लेषण नगरी विभिन्न रूपबाट उखानलाई परिचित गराउँदै उदाहरणका लागि केही उखान मात्र प्रस्तुत गरिएको छ । यस शोध कार्यमा विभिन्न आधारमा उखानको वर्गीकरण र विश्लेषण गरेर प्राप्त सम्भावनालाई अघि सारिएको छ । यसबाट उखानको अध्ययनमा थप योगदान पुग्ने अपेक्षा गरिएको छ ।

# छैटौं परिच्छेद

# उपसंहार

## ६.१ सारांश

उखान लोक संस्कृतिको विधाभित्र पर्ने एउटा महत्त्वपूर्ण विधा हो । यसलाई मानव जातिको लामो अनुभवबाट निःसृत सूत्रगात्मक उद्‌गारका रूपमा लिन सकिन्छ । मौखिक परम्परामा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै लोक जीवनमा प्रचलनमा रहेका उखानहरू संसारका सबै भाषाहरूमा पाइन्छन् । नेपाल जातिगत, भाषिक, धार्मिक, सांस्कृतिक आदि पक्षबाट समृद्ध रहेको छ । नेपालमा विभिन्न भाषाका लोक साहित्य प्रचलनमा रहेका छन् । दाङ जिल्लाको देउखुरी उपत्यकाका थारू समुदायमा बोलिने थारू भाषामा पनि लोक साहित्यको विकास भएको पाइन्छ । यसै अन्तर्गतको प्रचलित विधा उखान देउखुरीको थारू भाषामा मौखिक रूपमै रहेको छ । यस शोधपत्रमा यसै क्षेत्रका उखानहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण गरी उखानहरूलाई अभिलेखीकरण गरिएको छ । यो शोधपत्र थारू उखानबारे अवगत गराउने र उखानमा प्रतिविम्बित लोक जीवनका विभिन्न पक्षबारे जानकारी गराउने दृष्टिकोणबाट महत्त्वपूर्ण देखिन्छ ।

दाङ जिल्लाको देउखुरीमा प्रचलित थारू भाषाका उखानहरूको अध्ययन शीर्षकको प्रस्तुत शोधपत्र पाँच परिच्छेद र परिशिष्ट भागमा विभाजित छ । पहिलो परिच्छेद शोधको परिचयमा आधारित छ । यसमा विषय परिचय, समस्या कथन, शोध कार्यको उद्‌देश्य, पूर्व कार्यको समीक्षा, शोधको औचित्य, महत्त्व र उपयोगिता, अध्ययनको सीमाङ्कन, शोधविधि र शोधपत्रको रूपरेखा दिइएको छ ।

दोस्रो परिच्छेद देउखुरी उपत्यका र थारू जातिसँग सम्बन्धित रहेको छ । यसमा अध्ययन क्षेत्र देउखुरी उपत्यकाको परिचय अन्तर्गत नामकरण, भौगोलिक विभाजन, राजनैतिक विभाजन, हावापानी, खोलानाला, तालहरू, वन, पशुपक्षी,

जातजाति, भाषा, वेशभूषा, धर्म, संस्कृति, शैक्षिक अवस्था, देउखुरीका प्रमुख स्थलहरू र मठ मन्दिहरूबारे जानकारी दिइएको छ ।

तेस्रो परिच्छेद उखानको सिद्धान्तमा आधारित छ । यसमा उखानको परिचय, परिभाषा, उखानको उत्पत्ति र विकासको सैद्धान्तिक आधार प्रस्तुत गर्दै समीक्षात्मक निष्कर्ष प्रस्तुत गरिएको छ ।

चौथो परिच्छेदमा देउखुरीमा प्रचलित थारू भाषाको उखानको वर्गीकरण र विश्लेषण गरिएको छ । यस अन्तर्गत आकार, व्यापकता, भाषिक संरचना, पदक्रम, उखान टुङग्याउने क्रियाको अवस्था, करण अकरण, भाव र विषयवस्तुको आधारमा वर्गीकरण गरिएको छ भने मौलिकता, भाषा, विषयवस्तु र संरचनाको आधारमा विश्लेषण गर्दै समीक्षात्मक निष्कर्ष प्रस्तुत गरिएको छ ।

यस शोधपत्रको पाँचौ परिच्छेद निष्कर्षका रूपमा रहेको छ । यस शोध खण्डमा विभिन्न परिच्छेदहरूको सारांश, समग्र शोधकार्यको सारांश र समग्र शोध कार्यको निष्कर्ष प्रस्तुत गरिएको छ । परिशिष्ट खण्ड अन्तर्गत देउखुरीमा प्रचलित थारू उखानहरू र उखान सङ्कलन सहयोगीहरूको परिचय उल्लेख गरिएको छ । अन्त्यमा सन्दर्भ कृति सूची प्रस्तुत गरिएको छ ।

## ६.२ प्राप्ति

प्रस्तुत अध्ययनले दाङ जिल्लाको देउखुरी क्षेत्रको थारू भाषामा कथ्य रूपमा प्रचलित ४६१ वटा उखानहरू सङ्कलन गरी अभिलेखीकरण गर्नु महत्त्वपूर्ण प्राप्ति भएको छ । यसका साथै ती उखानहरूको व्यवस्थित र वैज्ञानिक रूपमा वर्गीकरण गर्ने कार्य पनि सम्पन्न गरिएको छ ।

यहाँ सङ्कलित उखानहरूमा विभिन्न विषयवस्तु, तिनको मौलिक पहिचान, संरचनागत वैशिष्ट्य र भाषागत विशेषतालाई समेत केलाउने काम यसमा भएको छ । यसबाट स्थानीय थारू समाजले उखानको विशेषता, शक्ति र सीमाबारे विशेष

जानकारी प्राप्त गर्ने छ भने देउखुरीका थारू उखानबारे जान्न चाहने जो कोहीलाई पनि सामाग्री उपलब्ध हुनेछ ।

यस शोधपत्रले देउखुरीमा थारू जातिको अवस्था र उनीहरूको जीवनशैलीको बारेमा अवगत गराउने सूचकको काम गरेको छ । यहाँका थारू जातिको चालचलन, रितिरिवाज, सँस्कृति, वेशभूषा, भाषा, हैसियतका साथै उनीहरूको कार्यशैली पनि व्यक्त भएको पाइन्छ । कुनै पनि साहित्य चलनचल्तीमै रही रहे लोप हुने खतरा हुँदैन तर प्रयोगमा नआए तिनको आयु छोटिँदै जान्छ र क्रमशः लोप हुने स्थितिमा पुग्दछन् । यसरी यी यहाँका पुर्ख्यौली नासोलाई जीवन्तता दिनको लागी यसको अध्ययन नितान्त आवश्यक ठानी यो अध्ययन कार्य गरिएको छ । यसबाट एकातिर थारू लोक साहित्यको संरक्षणमा आंशिक योगदान पुगेको छ भने अर्कोतिर यसको अध्ययन गर्ने चाहने अध्येताको लागि उपयोगी स्रोत सामाग्रीका रूपमा यो रहेको छ । यस अध्ययनले देउखुरीका थारू समाजमा छरिएर रहेका थारू भाषाका उखानहरूलाई एकत्रित गरी उखानको संरक्षण, सम्वर्द्धन, प्रचार, प्रसार र अभिलेखीकरणमा ठोस योगदान गरेको छ । यस शोध पत्रको मानवशास्त्री, समाजशास्त्री, संस्कृतिविद, भाषाविद्, अन्य अध्येताले आ आफ्नो आवश्यकता अनुरूप उपयोग गर्न सक्नेछन् । अतः यी कुराहरू नै यस शोधपत्रका प्राप्ति हुन् ।

यस अध्ययनले देउखुरी क्षेत्रको भौगोलिक, राजनैतिक, सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक र वातावरणीय पक्षको जानकारी दिएको छ । यसका साथै यसमा देउखुरीमा प्रचलित लोक साहित्यको परिचय र विशेषता औँल्याइएको छ । यसमा प्राचीन कालदेखिको देउखुरीको भौगोलिक अवस्था र यस क्षेत्रमा मानव बसोबासको क्रमलाई पनि उल्लेख गरिएको छ । यहाँ प्रचलित लोकसाहित्यको विविध विधामध्येको छोटोछरितो र लोकप्रिय मानिने उखान विधा मौखिक परम्परामै हुर्किंदै आएको र जीवितै अवस्थामा रहेकोले यसलाई केही हदसम्म अभिलेखीकरण गर्ने कार्य गरिएको छ ।

यस शोधपत्रले देउखुरीमा थारू जातिको अवस्था र उनीहरूको जीवन शैलीको बारेमा अवगत गराउने सूचकको काम गरेको छ । यहाँका थारू जातिको चालचलन, रीतिरिवाज, सँस्कृति, वेशभूषा, भाषा, हैसियतका साथै उनीहरूको कार्यशैली पनि व्यक्त भएको पाइन्छ । कुनै पनि साहित्य चलनचल्तीमै रही रहे लोप हुने खतरा हुँदैन तर प्रयोगमा नआए तिनको आयु छोटिँदै जान्छ र क्रमशः लोप हुने स्थितिमा पुग्दछन् । यसरी यी यहाँका पुर्ख्यौली नासोलाई जीवन्तता दिनको लागि यसको अध्ययन नितान्त आवश्यक ठानी यो अध्ययन कार्य गरिएको छ । यसबाट एकातिर थारू लोक साहित्यको संरक्षणमा आंशिक योगदान पुगेको छ भने अर्कातिर यसको अध्ययन गर्न चाहने अध्येताको लागि उपयोगी स्रोत सामग्रीका रूपमा यो रहेको छ । यस अध्ययनले उखानको संरक्षण, सम्वर्द्धन, प्रचार, प्रसार र अभिलेखीकरणमा ठोस योगदान गरेको छ । अतः यी कुराहरू नै यस शोध पत्रका प्राप्ति हुन् ।

## ६.३ भावी अध्ययनको लागि सम्भाव्य शीर्षक

यस अध्ययनको सीमाभित्र देउखुरीका उखानका समग्र पक्षबारे प्रकाश पार्न सकिएको छैन । अतः भावी अध्ययनको लागि निम्न लिखित शीर्षकहरू प्रस्ताव गरिएको छ :-

(क) देउखुरीका उखानहरूको सांस्कृतिक अध्ययन ।

(ख) देउखुरीका उखानहरूको भाषिक पक्षको अध्ययन ।

(ग) देउखुरीका उखानहरूको साहित्यिक पक्षको विश्लेषण ।

# परिशिष्ट एक

## सङकलित उखानहरू

१) अक्के करे रोटी नै पाकठ्

२) अक्के लह्वियक दुई पहिया

३) अगुन मन छगुन

४) अघाइल गदहा विगहा भर खाइटा

५) अघाइल बकुलियक टिट सेढुरिया

६) अङ्ग्री डेखैलेसे कोहरा नै सरी

७) अन्ढरिया रात जन्नीक बात

८) अन्धनके दिन न रात

९) अन्ढ्रक लात कुप्राक बात

१०) अन्ढ्रा बटैंया डाबे

११) अन्धा बाँटे प्रसाद घर घरानक खाए

१२) अन्सारसे सक्कु चिज पटा हो जाइठ

१३) अप्ठ्यारमे टे कोह्वियक फेन गोर डाबे परठ

१४) अरबर दुल्हीन जेबरा भेटे

१५) अल्छी लगाइ बल्छी, कोह्विया लगाइ डोऱ्या, बली फुकाइ जाल

१६) अहिरक डेखल घाँस गोरियक डेखल माछ

१७) अह्वैलेसे कर्लक मजा

१८) आँढर गुरु बहिर चेला, मागे भेली डेहे ढेला

१९) आँढरसे संगत करे टे घरसम पठाइ जाए

२०) आँधीक अइना बेला, रुख्वक ढर्कना बेला

२१) आउर धनके लग चोरुवा रोए

२२) आघक टिकल गुहे गाँर

२३) आघक टिट् पाछक मिठ्

२४) आघे जलम पाछे करम

२५) आझ कहोरसे दिन उठल ?

२६) आठ आनक आम्दानी सोह्र आनक खर्च

२७) आधा गग्री छल्कठ्

२८) आधा गाउँ जर्गैल टौन फुहर बासे नै पाइल

२९) आधा तेल टे सागेमे जर्जाइ

३०) आन कबो टे भर्कन सुनठ्

३१) आनक लग चाको माको जना डेलेसे बरे लाजो

३२) आपन आँखीक किर्किट कोइ नै काह्रे सेकठ्

३३) आपन आद नै जन्ना आनक आद बखन्ना

३४) आपन कुशल होए जगमगाइ, औरेक होए चाहे न होए

३५) आपन खोंदल खोल्टीमे अपनेहे परजाइठ

३६) आपन गोरेमे अप्नेहे कुह्रार भ्कट्कना

३७) आपन आपन भागे नचुन्या ठरुवा आगे

३८) आप भला टे जग् भला

३९) आपन छाईहे कोइ फेन काना नै डेखाइठ

४०) आपन टे पुगल नै परोसिक मागे बखरा

४१) आपन डिउँ टे मै मरी जाउँ आनक् पाउँ टे चार माना खाउँ

४२) आपन नाचक ढङ्ग नै महटान अंगना टेंह्र

४३) आपन पेट भरल साह्रु चहा भकारी टंगा डे

४४) आपन मनके रज्वा चहा धोती पेहे चहा भेग्वा

४५) आपन मनके रानी चाहे तेल ढारो चाहे पानी

४६) आपन मुर बचल टे बिरान चाहे बेल बराबर

४७) आपन मुहक कजरा नै डेख्ना मै बरा सुन्दर कहना

४८) आपन लग दालभात भटारक लग लौकी, बडे आँख भित्तर से ठौकी

४९) आपन हाँठ जगन्नाथ

५०) आमिल दही बसाइल केरा जौन घर बाठिन टौन घर डेरा

५१) आस कर्हो भर ना पर्हो

५२) इन्द्रक आगे स्वर्गक बयान

५३) इलमिहा जोगी नै हुइट

५४) उत्तम खेती, मध्यम व्यापार, निच नोकरी

५५) उसरल भोज पर तमासा डागे

५६) उह्वरक मन नै दादा गरियाइटा

५७) उह्वरी जनेवा ढौठिक लाठी रातके सोझ रलेसे फेन दिनके टेंह्वटेंह्व

५८) उँटवा पहाड नै डेख्ले हो टे मै भारी कहठ

५९) एक कान दोकान मैदान

६०) एक कान सुन्ना डोसर कान उरैना

६१) एक जन्नीक राजा दुई जन्नीक कुक्कुर

६२) एक दिनक पहुना मिठ् मिठ् खा, दुई दिनक पहुना टिट् मिठ् खा, तीन दिनक पहुना जैसिन टैसिन खा

६३) एक दिन खैना सौ दिन बखन्ना

६४) एक पन्थ दो काज

६५) एक पहुना दुई घर खोय एक आपन एक मोर

६६) एक भैंस दुई घर जोय राम करे कोइ न होय

६७) एक हाँठ काँकरी नौ हाँठ बिया

६८) एक हाँठ लेना एक हाँठ डेना

६९) एक हाँठसे ठोपरी नै बजठ्

७०) ऐना मन भट्कैना

७१) ओकर केउ बल्गार न डल्गार एक फठ्ठी बरी का एक भैया करी का ?

७२) ओर्चेक जोरी कोर्चे

७३) कंगाल से जन्जाल ठिक्

७४) कना कुछ्छ कर्ना औरे

७५) कना लिरौसी कर्ना कर्रा रहठ

७६) कबु ससुइयक पाला कबु पटुहियक पाला

७८) कर्बो नैं टे पैबो कहाँ ?

७९) करल खेती ओ बह्रल बेटी अक्के हुइँट

८०) करिया अक्षर भैँस बराबर

८१) करे हरवाही पुँछे गाउँके मोल

८२) कर्लेसे का नै हुइ ?

८३) कहटुँ टे मार खाइटुँ, बाबा कुक्रा खाइटा

८४) कहे टे मुहे पर, मारे टे शिरपर

८५) का खोज्ठे कन्वा, आँख ?

८६) काटल मे नोन चुक

८७) कामक उसार बेन्हवा गिज्रार

८८) कामक सुख पेटक दु:ख

८९) काम उसरल दु:ख बिस्रल अरहे गुरुवा ओत्ति जा

९०) काम प्यारा कि चाम प्यारा

९१) काम न काज खैना बेला लाज

९२) काम फेन नै हो, फुर्सद फेन नै हो

९३) कारी बदरिया दुखइना, भुरी बदरियासे पानी अइना

९४) किसान बिग्रे बरस दिन

९५) कुक्रक् पुँछी बार बरस ढोंग्रीम रलेसे फेन टेह्रे रहठ

९६) कुछ चिज नैरलक से कुछ चिज रलक मजा

९७) केकर काम केकर नाउँ ?

९८) केंहका टिना बा भौजी ? सिन्कीक झोर

९९) कैना न खैना धाक भर लगैना

१००) कोह्रया करी टे करी नै टे घामे टे मुई

१०१) कौवा कान लैगैल कलेसे ओकर पाछे पाछे डौरना ?

१०२) कौवा से कोइलरिया चलाख

१०३) खा पिके सुत जैना, मारपिटके भाग जैना

१०४) खुडुर बुडुर आग न पारे, औग भौग पटोह न पारे

१०५) खेत खाए गदहा मारा जाए जोलहा

१०६) खेत खैना मुसवा चोट पैना मेघ्वा

१०७) खैना मुहहे कोइ नै छेंकठ्

१०८) खैब टे खा नै टे घिँच्

१०९) खोंटियक टिना मिठ लागठ, चिब्लिक बात टिट लागठ

११०) खौरहिया गाँरीम मखमलके भेग्वा

१११) गर्जना बद्री नै बर्सठ्

११२) गरिबहे डेम जिन कह्यो, राँरीहे लेम जिन कह्यो

११३) गल्ती नै कैना नै डरैठा

११४) गाँठीक चोट लैहरीक बात

११५) गाँरीक पाछे सोंगर बोल्ना

११६) गाँरो बोल्ना मुहो बोल्ना

११७) गाउँक पहुना बेर्रीम बैठना

११८) गाउँमे डेबे बाबा पिर्कापर बैठक डेम्

११९) गागरमे सागर

१२०) गिदरा बिया डेलस

१२१) गुरुवक् बैठे लग्गे, नातन्के बैठे दूर

१२२) गैल जवानी कबौ नै लौटी

१२३) गोज्रक एक टांग टुटी टे का फरक परी ?

१२४) गोन्द्री फाटे फाटे दहितन्के बेटी कैसे उठे ?

१२५) गोरया बौराहा लालावाला पेराहा

१२६) गोरा बल्गर टे सब बल्गर

१२७) गोरा हिलल टे पौली उठल

१२८) गोहवक लम्बाइ खेंचुहियक चौडाइ

१२९) गोहवा खाके गोहवक आगा बगैना ?

१३०) गोंहुक सँगे घुन पिसे

१३१) घन लाही बिरर कपास ओकर कानेम लागल बतास

१३२) घरक बाघ बनके बिलार

१३३) घरक मुर्गी साग बराबर

१३४) घरके बात बाहर ना बटाए

१३५) घरके भेडिया लङका हाँके

१३६) घर बनाए छोट कपडा पहिरे मोट

१३७) घरमे झगरा परोसी डाहिन

१३८) घर सोझ टे बन सोझ

१३९) घरेम भुजी भांग नै कुक्कुर पादे चिउरा

१४०) घेंचा हेरके हड्डी लिले

१४१) घोरी बिहान कैले बा

१४२) घोरी बेंचके सुटल बा

१४३) घ्यू न तेल पका बुह्यिया सेल

१४४) चट्वा मोर मित्वा, खोरिया मोर जोरिया, डोक्नी मोर सोख्नी

१४५) चलाए गुन गोरु सिपार, अह्राए गुन मनै सिपार

१४६) चार आनक मुर्गी नै बाह्र आनक मसला

१४७) चार दिनके चाँदनी फेन अँधेरी रात

१४८) चची फेन पापा फेन

१४९) चिरैंयक जिउ जाए लर्कन्के खेलवार

१५०) चुट्टरीक खाटी गर्ढुरियक दुःख, लिल्हारीक खाटी कमैयक दुःख

१५१) चुटरीम लँगौटी नै मखमलके टोपी

१५२) चुपाइल बराबर सुख नै, बोलल बराबर दुःख नै

१५३) चोर मनैन्के घेंचा भारी

१५४) चोरमे चकार

१५५) चोर ओ छिनार मनैन्से कोइ नै सेकठ्

१५६) छावा पैना कहाँ हो कहाँ छावक लग कर्ढुन बनाके ढैना

१५७) छुटकी ओह्रे कमरा, बर्की ओह्रे भँगरा

१५८) छुटी पऱ्यार सुखके घरबार

१५९) छेग्रीक मुहेम भुँरु

१६०) छोट भेटाके हेल्हा कैना

१६१) जंग्रक सुख पेटक दु:ख

१६२) जन्ना न सुन्ना ढुंगाले मर्ना

१६३) जन्नी ओ ठरुवा एक लढियक दुई पहिया

१६४) जन्मल छावा परल दु:ख, कमाइल छावा आइल सुख

१६५) जनेवा छोर्ना मन हुइ टे सागेम बेसार नै लागल हो कहिके बहाना बनाए

१६६) जब उठ्कल नमहा, टब्बे लग्लिस कुक्रइ हेगास

१६७) जब्बरके आगे बुढ्यिा बियइबे कि नाही ?

१६८) जब्बे हग्गन टब्बे लग्गन

१६९) जब टक साँस टब टक आस्

१७०) जस्टे करनी ओस्टे भरनी

१७१) जस्टे घर ओस्टे ओसरवा

१७२) जस्टे रंग ओस्टे ढङ्ग

१७३) जस्टे रूप ओस्टे रंग

१७४) जस्टे लोह ओस्टे पैन

१७५) जस बाप टस पुट जस मा टस ढिया

१७६) जहाँ इच्छा वहाँ उपाय

१७७) जहाँ चण्डाल वहाँ कंगाल

१७८) जहाँ पिपरा वहाँ बयाल जहाँ बाजी वहाँ सयाल

१७९) जहाँ मान नै हो, वहाँ जैना उचित नैहो

१८०) जहाँ रात वहाँ ठाँट

१८१) जहाँ रामके भक्ति वहाँ आँरक् खोक्टी

१८२) जहाँ सुइ नै अँटैना वहाँ फाह्र अँटैना

१८३) जत्रा जोगी अइलेसे फेन काने चिरल

१८४) जाँगर न बुटी उँखारक् खोज्ना खुँटी

१८५) जाँगर लागठ नाही पेट मानठ नाही

१८६) जाइ न जोट भगवाने नाट्

१८७) जात जाते लोह घुने

१८८) जानक न भकोसक सक्कु चिज अगोटक

१८९) जिउज्यान सरकारी, दालभात तरकारी

१९०) जिभिया हारे धन परिवार

१९१) जे अगुवा उहे डगरेम हेगुवा

१९२) जेकर धुँवा ओकर आँच

१९३) जेकर बन्द्रा उहे नचाए

१९४) जेकर बुद्धि ओकर बल

१९५) जेकर भैंस ओकर लाठी

१९६) जेकर भोज बिहा टेकर खाँरा बरिया नाइ

१९७) जेकर शक्ति ओकर भक्ति

१९८) जेकर हाँठेम पौने पानी टेकर मन कोइ बिरले जानी

१९९) जे चोर ओकर भारी सोर

२००) जे ढिलाइ उ बिल्लाइ

२०१) जे ढाए सो फल पाए

२०२) जे ढोढर उ गोबर

२०३) जे रिस करी टे खिस खाइ

२०४) जे सुटे टे जिटे

२०५) जैसिन उदै टैसिन भात न ओकर पुँछी न ओकर कान

२०६) जैसिन गोर टैसिन जुत्ता

२०७) जैसिन जुन ओइसिन बर्तन

२०८) जैसिन ढिया ओइसिन पुट

२०९) जैसिन देश टैसिन भेष

२१०) जैसिन बाप टैसिन पुट

२११) जो धन हुइ सो परवाना गाँठी बाँढल जाइ सैडान

२१२) जौन बदरी ठर्कठ ऊ नै बर्सठ

२१३) जौन टठियम खैना उहे टठियम फोंग पर्ना

२१४) जौन हाँठी टौने हराहा

२१५) टट्ले खाउँ जरी मुऊँ

२१६)  टाक लागे खेती, बात बैठे व्यापार

२१७) टाटुल दूध नलिले न उग्लेम हुइठो

२१८) टिट् लौकक् टिट् बिया मिठ् लौकक् मिठ बिया

२१९) टिटह्रियक बुटी बद्री ठाम्हजाइ ?

२२०) टुही पहुना टुही चोर टुही खैलो मुर्गी मोर

२२१) टैं जन्नाहा, मै जन्नाहा आखिरमे फुस्सा

२२२) ठँरियाके भरल टुम्बाके फुटल

२२३) ठँरिया ओ भरिया लाठी पर डेरा

२२४) ठचक्क बैठहो जिन पचक्क कहहो जिन

२२५) ठरुवा ओ मेहरूवन के झगरा कुक्कुर ओ बिलारहस

२२६) ठेस लागल पर्वत्वम फोरे घरेम सिलौटा

२२७) डगर बटाए आगे चोल्

२२८) डाई नाउँ बिगारल कुँवा बिगारल पिपरा

२२९) डाईक दूध पिके नैहुइल बाबक् अंग्री चुसके हुइ ?

२३०) डाई रे दाइ टुहिहे बोक्सिन कहठाँ, कहेडे छाई जस्टे डेख्ठाँ ओस्टे टे कहठाँ

२३१) डाई लहवाए छावा गैया लहवाए बछुवा

२३२) डाडु न भैया सबसे भारी रूपैयाँ

२३३) डियक टरे अन्धार

२३४) डिहवा ढेलहा मनै हेलहा

२३५) डुनु आँखीम कजरा डुवार कँहोर बा ? ससुइया टे डेख्नु पटुहिया कैसिन बा ?

२३६) डुनु बर्ढा बाउँ बाउँ बिल्लैलो साह्रु इहे गाउँ

२३७) डेउ टे पहुना टोहारे माखुर खाउँ

२३८) डेखहिक सुहावन घर भयावन

२३९) डोन्डर बिगारे खेत्वा दुच्छर बिगारे गाउँ

२४०) ढङ्ग न डवार

२४१) ढुंगाक भर माटी माटिक भर ढुंगा

२४२) ढेर बिलार मुस नै मर्ठा

२४३) तनमे दुःख मनमे सुख

२४४) तीन तिखार बरे बिखार

२४५) तेह्र कार्तिक तीन असार

२४६) थारू मरद भौँरा टे हुँगैला

२४७) थारू ओ जन्नी एक लह्ढियक दुई पहिया

२४८) थारू सुग्घर मोछरार जन्नी सुग्घर झोंटरार

२४९) दश बीस गुल्लर निक एक डहदुब्बर नही निक

२५०) दुइ ठो सन्तान ईश्वरके वरदान

२५१) दुःखके डेहल बनुवा गैनु बनुवम लागल आग, बनुवा बिचारी का करे कर्ममे लागल आग

२५२) दूधक दूध पानीक पानी

२५३) दूधक धार

२५४) दूध खउइया बिलरिया

२५५) दुध डेहुइया गैयक लाट सहे परठ्

२५६) दुनिया छुटे छुटै साली न छुटे

२५७) दुरके डमड्वक मानसम्मान ठोरचे लग्गक आधा, गाउँक डमड्वा गदहा समान, करालेउ सब काम

२५८) दुरिक ढोल सुहावन

२५९) दुलही खोजट खोजट पौवा खियागैल, लठ्ठी खिया गैल टब्बुपर पटुहिया नै मिलल

२६०) देउतक नाउँ आपन गाउँ

२६१) देहे मै लत्ता नै डौरे कलकत्ता

२६२) धोबिया न घरके न घाटके

२६३) धोबिया सेके नाही गदहक कान उँखारे

२६४) न करम न ढरम कुकरिक जलम

२६५) न करी न खाइ

२६६) न खाइ सुख हो नसुटल निंद हो

२६७) न खेती करी न बडरी चिटाइ

२६८) नंगा नाचे फाटी का ?

२६९) नंगा नाची मैदानमे

२७०) नचुइयक गोर फाटे डेखुइयक कुछ नाही

२७१) न चुल्हिम आग न गगर पानी

२७२) न बनवा जाइ न बघवा खाइ

२७३) न रही बाँस न बजि बसिया

२७४) नाक डेखी उँच कान डेखी बुँच

२७५) नाक नै रहट टे गुह खा लेहट

२७६) नाचक् ढङ्ग नै महटान अंगना टेंह्र

२७७) नान्ह पाके जवान हे हेर्ना

२७८) नानेक मन नाही सत्तर बहाना

२७९) निक निक बैठले बा मुहभ्फर्सिन नचाइटा

२८०) निंद न जाने टुटल खाट, भुँख नजाने बासी भात, मन नजाने जातपात

२८१) निर्वल महटाँवा बल्गर किसन्वा लुरुरबुरुर ढाए जिम्दरवा

२८२) नेंगे नै जन्ना डौरे खोज्ना

२८३) नेंग्ना गोरुक पुँछि अँइठ्ना

२८४) नै गल्ती कौन डरैना

२८५) नै जैना गाउँक डगर ना पुँछे

२८६) नौ नगद तेर उधार

२८७) पन्जबियक् फेंटाहस बर्का नेता

२८८) पर्चल गैया कोदलन्टी खाए ढाए ढाए महुटक टरे जाए

२८९) पर्वत लागे ठेस फोरे घरके सिलोट

२९०) पहिले दुःख पाछे सुख

२९१) पहिले राँर जानल नै, पाछे राँर मानल नै

२९२) पहुनक् संगसंगे घरगोस्या जिए

२९३) पह्रो लिखो कौने काम हर जोतो धाने धान

२९४) पाँचु अंग्री बराबर नै रहठ्

२९५) पाछे पुस्टा पाछे बुद्धि

२९६) पानी चाटके कहुँ पियास मेटी ?

२९७) पानीमे गोर नैजैना, बर्का सौंरा मोर

२९८) पुट न पटोह

३००) पुस फासफुस

३०१) पैसा न कौरी, बजार भर डौरी

३०२) फटहा बात ओ फाटल लुगरा जट्रे नुक्वाउ ओट्रे बिल्गाठ

३०३) फलानक् बात हे कुक्रिक पाद्

३०४) फारा भरिम आरु मजा सोरी भरीम साह्रु मजा

३०५) फुटल आँखिम कजरा लगाइ

३०६) बच्चक् महटारी न मरे किसन्वक् जग्गा न हेराए

३०७) बर्जनेक् हाँठक कोदरा चोख्

३०८) बधिया बर्ढा घिनाहुन जोई उहीसे खतरा कबु न होइ

३०९) बन्दर नजाने अदुवक स्वाद

३१०) बन्वा जरट सबकोइ डेखठ मन जरट् कोइ नै डेखठ्

३११) बभना होके हर जोटे टे बाउँ राखे

३१२) बरा मच्छि छुटी मच्छि हे खैठाँ

३१३) बरा मनै सागरके समान

३१४) बरा रुखवक टरे सित्तर रहठ्

३१५) बहुरियक पालल भैंस ओ पटुहियक पालल ससुरुवा अक्के हो

३१६) बाँदर मारे गुहे हाँठ, ढो ढाके उहे हाँठ्

३१७) बाउ न बयाल बिना बद्रिक पानी आइटा

३१८) बातक् सिपार कामक् गिज्रार

३१९) बातक खस्रार रोटीक चिक्टार

३२०) बाप गुने पुट् टेकुवा गुने सुत्

३२१) बाप मरे लगन न टरे

३२२) बाप से पुट ज्ञानी फाँडाले बझाए पानी

३२३) बाल उँखर्लेसे कहुँ मुर्दा हलुक हुई ?

३२४) बिना गैयक बारीम जिन जायो, बिना टिरियक सस्रार जिन जायो

३२५) बिना घरैयक भूतके डेरा

३२६) बिना पद्ले नै गन्ढाइठ

३२७) बिना बलाइल जैहो जिन बिना डेखल खैहो जिन

३२८) बिनाशकाले विपरित बुद्धि

३२९) बुध बेटी सुख खेती

३३०) बुह्राइल साँर गैयक साँसट

३३१) बेरुवा घाम बुकह्रिया काम

३३२) बैगुनहे गुनले मारे परठ

३३३) बैठक मिलल टे कोना पसारे

३३४) बोलुइयक बुसी फेन बिकठ, नै बोलुइयक चाउर फेन नै बिकठ

३३५) बौखक् अइना बेला रुख्वक ढर्कना बेला

३३६) भाँरा गुन कमा जा टिना गुन खाजा

३३७) भाइ फुटे गँवार लुटे

३३८) भाग पुछ्हो जात जिन पुछ्हो

३३९) भागल भुट्वक अंगुच्छा नाफा

३४०) भुँक्नाहा कुक्कुर नै कट्ठाँ

३४१) भुँखक् आगे गुल्लर पाके

३४२) भुँख न जाने बासी भात निंद नजाने टुटल खाट, मन न जाने जात पात

३४३) भुँख न भकारी शोक न सुर्ता

३४४) भुँखाइल हे खाइक डेहो नंगाहे लगाइक डेहो

३४५) भुँख मिठ् कि भोजन मिठ् ?

३४६) भैँसा जोटे, डोकनियम खाए यकर घर बैना बर्कट होए

३४७) भैँसीनके आगे बेन बजाए भैँस लागे पगुराइ

३४८) भैँसीन बन न डेखाए लर्कन धन न डेखाए

३४९) मंगटा नाचे हजार ताल

३५०) मच्छि मिठ् काँटा टिट्

३५१) मठरा जैबो टे अठरा हिलैबो

३५२) मधुक रस कह्रइया हाँठ चट्ठाँ

३५३) मन चंगा कठौटीमे गंगा

३५४) मन नजाने जात पात निंद नजाने टुटल खाट

३५५) मन परल मनैन्के बातो मिठ् पादो मिठ्

३५६) मनै डेखो चाकोमाको घर डेखो चमारिनके हस्

३५७) मनैन सुनैहो जिन भूतन मनैहो जिन

३५८) माँग करे कुहुकुहु पेट करे टुहुटुहु

३५९) माखुर खउइया फुहर हुक्का पिउइया आँढर

३६०) माटिक भर ढुंगा ढुंगाक भर माटी

३६१) माना खाके मुरी फरैना

३६२) मानो टे मान ना मानो टे मेहरमान

३६३) मामक धन फुईक सराढ

३६४) मामाक छाई रोज रोज, फुईक छावा खोज खोज

३६५) मारके आघे भूत भागे

३६६) मिठ मिठ अत्ति आ टिट टिट ओत्ति जा

३६७) मुर्खन दुई पैसा डेना ठिक बुद्धि डेना नै ठिक

३६८) मुर्गीक मोट हस् बा

३६९) मुर्घिनियाँ आपन कपारीम अप्नेहे फट्फटैठाँ

३७०) मुल्लक् डौर मस्जिदमे

३७१) मुवल गाँरिम कोदो डारे

३७२) मुवल देशी जित्ती पहारीहे ठग्ठाँ

३७३) मुवल मनै मजा ओ भागल मच्छि भारी

३७४) मुवल से बौराइल मजा

३७५) मुहेम राम राम बगलमे छुरा

३७६) मेट्या सिपार बेन बेट्या नै सिपार

३७७) मेहनतके फल नै टरठ्

३७८) मेहरूवा छोरक मन होए टे सागेम हर्दि नै लागल हो कहिके निहु खोजे

३७९) मोर पिछा छोर आपन घर जोर

३८०) मोर मौसी फेन अण्डा पारी

३८१) मौका मे चौका

३८२) यी रिन उ रिन लेम एकठो बकरिया किन

३८३) यी सस्सुर डहले बावइ न जियम हुइठो न मुयम

३८४) रघुकुल रित सदा चल जाए

३८५) रज्वा मुलेसे राज भंग नै हुइठ्

३८६) रज्वा रोए राजगद्दीक टन पेटवा रोए पेटक टन

३८७) रज्वा हेरे गाउँ सिपाही हेरे ठाउँ

३८८) रहटा जोगी बहटा पानी

३८९) राँरके  बाला हाँठक शोभा

३९०) राजक् आगे प्रजक डोहाइ

३९१) राजक् अवाइ बाबक् डोहाइ

३९२) राम मिलाइ जोरी एक आन्ढर एक कोह्री

३९३) राम से राम अपने काम

३९४) रिन कर्बो कर्जा कर्बो बेंच्वो बुह्राइल छेग्री

३९५) रिस कर्बो टे खिस खैबो

३९६) रोगिया चोखाइ गुरुवा बग्ढइ खाइ

३९७) लर्कन के जार कुक्रिन् के पुँछिम्

३९८) लर्कन चलाए गाल पाए बुह्राइल मनैन चलाए अक्किल पाए

३९९) लर्का जाँघेम हेगल टे जाँघे काटके बगाए ?

४००) लगन के बेला हगन

४०१) लंक्म आगी लगाइ समुन्द्रम बाजा

४०२) लरुइया सिपाही नही मेरमेरके बाजा

४०३) लडिया टिरिक चास बौरिनी टिरीक बास

४०४) लाज न सरम कुक्रिक जलम

४०५) लावा जोगी ढेर भुवा घँस्ठाँ

४०६) लावा नाट पुरान गोत्यार

४०७) लैहरिक आस कुक्रिक पियास

४०८) लोभसे लाभ लाभ से विलाप

४०९) लोह लोह हे काटठ्

४१०) शुकके वदरी शनिच्चरके नाही, अटवारके बर्सी टे बर्सी सोमबारके नाही

४११) शुक सक्कुहुन साजले, पहुना रहिही काल्हले

४१२) सक्कु हुइल ठकुरवा नोन नाही

४१३) सकारेक जार गैल सन्झक डहिजरा फेन आइटा

४१४) संगत गुनके फल

४१५) संगसे छुटे टे बझना से ढरवा पाए

४१६) संगसे मिठ् पेटमे टिट्

४१७) सप्रल घरक सन्झा सल्लाह बिग्रल घरक बिहान सल्लाह

४१८) सब खेल डाईक नाउँ भौजीक्

४१९) सब सिंगार घेघर बिगार

४२०) सवा लाख पुट अढाइ लाख नाती मारल रावण दिया न बाटी

४२१) ससुइयक जिउ जरल पटुहिया मारे काजल

४२२) ससुइया बहर्ना पटुहिया हाँठ हेर्ना

४२३) साँच कहु टे मार पाइ टुँ झुँठ कहुँ टे जग पटियाए

४२४) साँपन्के गोरा साँपे डेख्ठाँ

४२५) साँप मरे लठ्ठी न टुटे

४२६) साँस रहट सम आस्

४२७) साओनमे आँख फुटल गोरु एकदम काइल डेख्ठाँ

४२८) सासके गोर फाटे पटुहिया लगाए काजल

४२९) साहेम गुद्री जिन छोरहो बर्खम छट्री जिन छोरहो

४३०) सिल घेँचा मिल माटी

४३१) सुटल बाघक मोछ उँखारे

४३२) सुमके धन चण्डाल खाए

४३३) सुमके धन पराछिट खाए

४३४) सुरक संग भलवा धान खाए

४३५) सुवर गुह खाइक नै छोर्ठा

४३६) सुवर हस फुहर

४३७) सेवा कैलेसे मेवा मिलठ्

४३८) सोझ मनैन्के गाँरिम भगवान फेन झिंर गोझ्ठाँ

४३९) सोन बिना सोलारके का काम

४४०) सोनमे सुगन्ध

४४१) सोन रही टे सोलार तमाम

४४२) सोलारके सय चोट लोहारके एक चोट

४४३) सौ जनहनके लाठी एक जनहनके बोझा

४४४) हगाइ से पदाइ भारी

४४५) हट्पट्के काम लट्पट्

४४६) हठिया नेंग्टी बा कुक्रा भुँक्टी बा

४४७) हडबड खेती ढिमे व्यापार

४४८) हडबडहा भोज कन्पटमे सेन्दूर

४४९) हन्डर नै खाइटसम अक्किल नै आइठ्

४५०) हम्रे अइली टुहिन टन टुँ लेलो परगा टान

४५१) हर डेके हरवाही लागे

४५२) हरबरके काम लरबर

४५३) हाँठेम आम टे रुख्वा चौँह्रना कौन काम

४५४) हाँठेम बन्धुक परल टे बनगैल हवलदार

४५५) हाँठीक मुहेम जिरा

४५६) हाँठेम ठेला टब डेखो भातक ढेला

४५७) हिंगभर उर गैल डब्बा भर पर्ले बा

४५८) हुक्कही मेढारु कटही जोइ बैबर्कट कबो न होइ


४५९) हुपहारा छावा रूपहारा पटुहिया

४६०) हेग्नी पद्नी मनै

४६१) हेगुइयासे डेखुइयक लाज

## परिशिष्ट दुई

## अध्ययन क्षेत्र देउखुरीको नक्सा




● cWoog
Iflqx:

# परिशिष्ट तिन

## उखान सङ्कलनका सहयोगीहरूको परिचय

| क.स | नाम/थर | ठेगाना | उमेर | योग्यता |
|---|---|---|---|---|
| १. | राज कुमार चौधरी | चैलाही-८, मजगाउँ, दाङ | ३७ | एमएड |
| २. | राम नारायण चौधरी | चैलाही-८, मजगाउँ, दाङ | ६५ | एसएलसी |
| ३. | रामरत्ती चौधरी | चैलाही-८, मजगाउँ, दाङ | ६३ | निरक्षर |
| ४. | ज्योति कुमार चौधरी | चैलाही-८, मजगाउँ, दाङ | ४० | आइए |
| ५. | मसुला चौधरी | चैलाही-८, मजगाउँ, दाङ | ३५ | आइएड |
| ६. | भागीदेवी चौधरी | बेला-१, मटेरिया, दाङ | ६२ | साक्षर |
| ७. | अशोक थारू | हेकुली, दाङ | ५५ | आइए |
| ९. | कृष्णराज सर्वहारी | चैलाही-६, छुट्कीघुम्ना, दाङ | ४३ | एमए |
| १०. | चेतलाल चौधरी | चैलाही-६,भैंसकोर्मा, दाङ | ४५ | एमएड |
| ११. | सुशीला चौधरी | चैलाही-६,भैंसकोर्मा, दाङ | ३९ | एसएलसी |
| १२. | उत्तम चौधरी | गढवा-६, मानपुर, दाङ | ४२ | आइएड |
| १३. | गणेश चौधरी | गढवा-६ मानपुर, दाङ | ४७ | |
| १४. | राम प्रकाश चौधरी | बेला-१, मटेरिया, दाङ | ३८ | आइएड |
| १५. | राजकुमार चौधरी | बेला-१, मटेरिया, दाङ | २५ | आइएड |
| १६ | दीपशिखा चौधरी | बेला-१, मटेरिया, दाङ | ३२ | एसएलसी |
| १७. | तृप्ति शिखा चौधरी | चैलाही-५,लंगडी, दाङ | २५ | एमएड |
| १८. | कामना चौधरी | सतवरिया-५, दाङ | २८ | एमए |
| १९. | अभिषेक चौधरी | गढवा-६ मानपुर, दाङ | २४ | आइएस्सी |
| २०. | अनुष्का चौधरी | गढवा-६ मानपुर, दाङ | २० | एसएलसी |

# सन्दर्भ कृति सूची


आचार्य, गोविन्द (२०६४), **राप्ती लोक साहित्य**, काठमाडौँ: पैरवी प्रकाशन ।

गिरी, जीवेन्द्र देव (२०४१), "पश्चिम तराईका थारू उखानहरू : एक अध्ययन", **रश्मि,** वर्ष २, अङ्क १, पृ. ३९-६४,

गिरी, जीवेन्द्र देव (२०५७), **लोक साहित्यको अवलोकन** , काठमाडौँ: एकता प्रकाशन ।

गिरी, जीवेन्द्र देव (२०६७), **नेपाली लोक साहित्यमा जनजीवन** , काठमाडौँ: एकता बुक्स,

चौधरी, एकदेव (२०६९), "कहकुट", **स्मारिका**, देउखुरीः थारू कल्याण कारिणी क्षेत्रीय सभा, पृ.१४० ।

चौधरी, कल्पना (२०६९), "थारून्के बोलीमे कहकुट", **बिहान** २४ (१७), पृ. ६९-७० ।

चौधरी, जगदीश (२०५३), देउखरके नामकरण, **बिहान** ८(५), कुवाँर, पृ.२६-२७ ।

चौधरी, टीकाराम (२०६०), "आहान", **हमार पहुरा** १२ (५), पृ.९ ।

चौधरी, टीकाराम (२०६९), 'कटकुट', **स्मारिका**, थारु कल्याणकारिणी क्षेत्रीय सभा, पृ. १४० ।

चौधरी, महेश (२०५६), **थारू भाषाक लिरौसी व्याकरण**, दाङः व्याकवार्ड सोसाइटी एजुकेशन (वेस) ।

चौधरी, सत्यनारायण (२०६९), "कैसिन बातमन आहान डर्ठ ?", **स्मारिका**, देउखुरीः थारू कल्याणकारिणी क्षेत्रीय सभा, पृ.१४१ ।

थापा, धर्मराज र हंसपुरे सुवेदी (२०४१), **लोक साहित्यको विवेचना**, काठमाडौँः त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्र ।

दिवस, तुलसी तथा प्रमोद प्रधान (सं.) (२०६५), **थारू लोकवार्ता तथा लोकजीवन**, काठमाडौँः नेपाली लोकवार्ता तथा लोकजीवन ।

पराजुली, कृष्ण प्रसाद (२०३९), **नेपाली उखान र गाउँखाने कथा**, काठमाडौँः रत्न पुस्तक भण्डार ।

पोखरेल, बालकृष्ण (२०४६), **राष्ट्रभाषा,** काठमाडौं : साझा प्रकाशन ।

पोखेल, बालकृष्ण (२०५५), **राष्ट्र भाषा**, काठमाडौँः साझा प्रकाशन ।

पौडेल, घनश्याम (२०६८), नेपाली र कैलाली जिल्लामा प्रचलित थारू उखानको तुलनात्मक अध्ययन, त्रिभुवन विश्वविद्यालय, नेपली केन्द्रीय विभागमा स्नातकोत्तर तहको प्रयोजनका लागि अप्रकाशित शोधपत्र ।